खलंगा, प्यूठानको नेवारी समाज र संस्कृति एक विवेचना



त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा
स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको
प्रयोजनका निमित्त
प्रस्तुत

शोधपत्र



प्रस्तोता

सुशीला श्रेष्ठ
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

२०६५

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रिय विभाग
कीर्तिपुर

शोधपत्र मूल्यांकन समितिको सिफारिश

सुशीला श्रेष्ठद्वारा प्रस्तुत प्यूठान, खलंगाको नेवारी समाज र संस्कृति एक विवेचना विषयको शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति **सही**

१. प्रा.डा. प्रेमकुमार खत्री
शोध निर्देशक .....

२.
वाह्य निर्देशक .....

३. प्रा.डा. दिनेशचन्द्र रेग्मी
विभागीय प्रमुख .....

मिति : २०६५/ /

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रिय विभाग
कीर्तिपुर

शोधनिर्देशकको सिफारिश पत्र

सुशीला श्रेष्ठले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त प्यूठान, खलंगाको नेवारी समाज र संस्कृति एक विवेचना शीर्षकमा यो शोधपत्र तयार गर्नु भएको हो । म निजको कार्यबाट सन्तुष्ट छु । अतः प्रस्तुत शोधपत्र परीक्षण-मूल्याङ्कनका निमित्त सिफारिश गर्दछु ।

))))))))))))))))
प्रा.डा. प्रेमकुमार खत्री
शोधनिर्देशक

मितिः २०६५। ।

कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकायअन्तर्गत नेपाली इतिहास, संस्कृति केन्द्रिय विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आशिंक आवश्यकता परिपूर्ति प्रयोजनको निमित्त प्रस्तुत शोधपत्र प्यूठान, खलंगा क्षेत्रका नेवार समुदायको सामाजिक-सांस्कृतिक अध्ययन नामक शोधपत्र तयार गरी प्रस्तुत गरेको छु ।

यस शोधपत्र तयार गर्नको लागि स्वीकृति प्रदान गर्नुहुने नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग केन्द्रिय विभागका विभागीय प्रमुख प्रा.डा. दिनेशचन्द्र रेग्मीज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्र लेखन कार्यमा आफ्नो अमूल्य समय तथा सुझाव दिनुहुने शोधनिर्देशक श्रद्धेय डा. प्रेमकुमार खत्रीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस विभागका अन्य गुरुवर्गहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । शोधकार्य पूरा गर्ने सिलसिलामा अमूल्य सुझाव, आवश्यक सल्लाह र सहयोग प्रदान गर्नुहुने भरत विक्रम शाह, निर्मला नकर्मी, कृष्ण नकर्मी, निमनारायण नकर्मी, हरी शाही, रेखा पौड्याल, दिवाकर पौड्याल, मुखिया बा, जात्राको फोटाहरु उपलब्ध गराई सहयोग प्रदान गर्ने लेकाली फोटो स्टुडियोलगायत अध्ययन क्षेत्रका बुद्धिजिवी वर्गलाई धन्यवाद दिन चाहान्छु ।

अध्ययन कार्यमा सधैं हौसला प्रदान गर्नुहुने आमा पार्वतीदेवी श्रेष्ठ र दाई शान्तराज श्रेष्ठ, भाउजू शकुन्तला श्रेष्ठ, सावित्रा श्रेष्ठ, भाइ अमर श्रेष्ठ, भदाभदैनी सृजना, संझना, जुनी, देवीका, पूर्णिमा, सुष्मा, गिभसंगप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

साथै अन्त्यमा यस शोधपत्रलाई छिटो छरितो र कलात्मक रुपमा तयार पार्न सहयोग गर्नुहुने गोविन्द थापा र कमल बानियाँलाई पनि धन्यवाद दिन चाहन्छु ।

सुशीला श्रेष्ठ

विषयसूची

अध्याय एक : अनुसन्धान परिचय

१.१ परिचय १
१.२ समस्याको पहिचान २
१.३ अनुसन्धानको महत्व २
१.४ अध्ययनको उद्देश्य २
१.५ अध्ययन क्षेत्रको छनौट ३
१.६ अध्ययनको सीमा ३
१.७ पूर्व साहित्य समीक्षा ३
१.८ अनुसन्धान पद्धति ६
१.८.१ तथ्यांकको स्रोत ७
१.८.१.१ प्राथमिक स्रोत ७
१.८.१.१.१ घरपरिवार सर्वेक्षण ७
१.८.१.१.२ व्यक्तिगत तथा सामूहिक छलफल ८
१.८.१.१.३ स्थलगत अवलोकन र फोटोग्राफी ८
१.८.१.२ द्वितीयक स्रोत ८
१.९ शोधपत्रको संगठन ९

अध्याय दुई : खलंगाको संक्षिप्त परिचय

२.१ प्यूठान जिल्लाको भौगोलिक परिचय ११
२.२ प्यूठान जिल्लामा भएका वनजंगल र पशुपंक्षी १५
२.३ प्यूठान जिल्लामा भएका नदीनाला र खनिज पदार्थ १५
२.४ प्यूठान जिल्लामा वसोवास गर्ने जातजातिहरु १७
२.५ सामाजिक अवस्था १८
२.७ भाषा र जातिबीच सम्बन्ध २०
२.८ शैक्षिक अवस्था २३
२.९ स्वास्थ्य २४

२.१० आर्थिक अवस्था २५

अध्याय तीन : खलंगाको नेवारहरूको ऐतिहासिकता

३.१ नेवार जातिको परिचय २८

३.२ नेपालमा नेवारहरूको जनसंख्या विवरण ३३

अध्याय चार : खलंगाका नेवारहरूको सामाजिक स्थिति

४.१ परिचय ३६

४.२ परिवार र समाज ३७

४.३ थर ३९

४.४ नाता सम्बन्ध ४०

४.५ भेषभूषा ४१

४.६ गरगहना ४२

४.७ खानपिन ४३

४.८ भाँडावर्तन ४४

४.९ भाषा ४६

४.१० नारीको स्थान ४६

४.११ स्वास्थ्य र सुरक्षा ४८

४.१२ शिक्षा ४९

४.१३ कला र वास्तुकला ५१

४.१४ राजनीति ५१

४.१४ गुठी ५२

अध्याय पाँच : खलंगाका नेवारहरुको धार्मिक आस्था र संस्कार

५.१ धार्मिक भावनाको सामान्य परिचय ५५

५.२ प्यूठान खलंगाका नेवार समुदायको संस्कारको सामान्य परिचय ५६

५.३ नामाकरण ५९

५.४ अन्नप्राशन (पास्नी) ६०

५.५ चूडाकर्म ६१
५.६ ब्रतवन्ध ६२
५.७ इहि ६३
५.८ बाह्रा ६४
५.९ विवाह ६५
५.१० मृत्यु संस्कार ६६
५.११ जंको अथवा भीमरथारोहण ६७
अध्याय छ : खलंगा नेवारहरुले मनाउने पर्व र जात्राहरू
६.१ परिचय ६९
६.२ गठेमंगल ७१
६.३ लाखे ७२
६.४ नागपञ्चमी ७२
६.५ गाईजात्रा ७३
६.६ जनैपूर्णिमा ७३
६.७ छिनीमिनी ७४
६.८ चुइकी फिराउने ७५
६.९ रोपाईंजात्रा ७५
६.१० कृष्णजात्रा ७६
६.११ गणेशजात्रा ७७
६.१२ मंसीर पूर्णिमा ७८
६.१३ इन्द्रजात्रा ७८
६.१४ माघेसंक्रान्ति ७८
६.१५ श्रीपञ्चमी ७९
६.१६ विस्केट जात्रा ७९
६.१७ घोडेजात्रा ८०
६.१८ शिवरात्री ८०

६.१९ वडा दशैं ८१
६.२० तिहार ८२
६.२१ सिठी नख ८२
६.२२ चैते दशैं ८३
६.२३ आमाको मुख हेर्ने (मा याउ ख्वा स्वयु) औंशी ८४
६.२१ बुवाको पुख हेर्ने (व्वा याउ ख्वा स्वयु) औंशी ८४
अध्याय सात : खलंगा नेवारहरुको सामाजिक– सांस्कृतिक परिवर्तनको स्थिति
७.१ परिवर्तनको पृष्ठभूमि ८६
७.२ भौतिक संस्कृतिमा भएको परिवर्तन ८६
७.३ परिवर्तनका कारणहरु ८७
७.४ खानपिनमा परिवर्तन ८८
७.५ भाँडावर्तनमा परिवर्तन ८९
७.६ जात्रा र पर्वमा आएको परिवर्तन ९०
७.७ नेवारी भाषामा आएको परिवर्तन ९०
७.८ भेषभूषामा आएको परिवर्तन ९१
७.९ धार्मिक आस्था र व्यवहारमा आएको परिवर्तन ९२
अध्याय आठ : उपसंहार ९४
सुझावहरु १०१
सन्दर्भग्रन्थ सूची १०४
परिशिष्टहरू १०६

अध्याय एक

अनुसन्धान परिचय

१.१ परिचय

नेपाल भौगोलिक विविधता भएको एउटा देश हो । यहाँ बसोबास गर्ने जातिय समुदायमा पनि विविधता भएको पाइन्छ । नेपालमा बसोबास गर्ने विविध समुदायको आ-आफ्नै धर्म, संस्कृति र परम्परा रहेका छन् । धर्म, संस्कृति र परम्पराले नै जातिय समुदायलाई चिनाउने काम गर्दछन् । जनजाति प्रतिष्ठानका अनुसार नेपालमा जम्मा ५९ जनजातिहरू रहेका छन् भने जम्मा १०३ भाषिक समूह भएका बहुलवादी समुदाय वसोवास गर्दछन् ।

यी विभिन्न समुदायहरू मध्ये काठमाडौं उपत्यकामा प्राचीन कालदेखि वसोवास गर्ने नेवार समुदायको विशिष्ट स्थान रहेको छ । कृषि, व्यापारलगायत प्रशासन क्षेत्रमा पनि यो जाति निकै अगाडि बढेको पाइन्छ । नेपालको एकीकरणपछि केही नेवारहरू विशेष गरी व्यापारिक सिलसिलामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म गएर बसोबास गरेको पाइन्छ । पश्चिम नेपालको प्यूठान जिल्लाको सदरमुकाम खलंगामा पनि निकै संख्यामा नेवार बस्ती पाइन्छ । यस क्षेत्रको सदरमुकाममा बढी संख्या नेवार समुदायको भए तापनि गाउँ क्षेत्रमा अन्य जातिको बसोबास भएको पाइन्छ ।

नेवार समुदायलाई अन्य जातिसँग घुलमिल भएर बस्नुपर्ने वाध्यता आधुनिकीकरण, शिक्षा, सामाजिक परिवेशले गर्दा यिनीहरूको सामाजिकतामा परिवर्तन देखिन्छ । खासगरी काठमाडौं उपत्यकामा बसोबास गर्ने नेवार समुदायको संस्कृतिभन्दा वाहिरी क्षेत्रमा बसोवास गर्ने नेवार समुदायको संस्कृतिमा केही परिवर्तन आएको देखिन्छ । प्यूठान जिल्लाको खलंगामा बसोबास गर्ने यी समुदायको बारेमा खासै अध्ययन नभएकोले यो अनुसन्धान गर्न लागिएको हो ।[१]

---

[१] *नेपालको जनसंख्या गणना २०५८,* काठमाडौं : केन्द्रीय तथ्यांक विभाग, २०५८ ।

१.२ समस्याको पहिचान

यस शोधको मुख्य समस्या प्यूठान जिल्लाको सदरमुकाम खलंगामा बसोवास गर्ने नेवार समुदायको ऐतिहासिक, सामाजिक र साँस्कृतिक पक्षहरू कस्ता छन् ? यस अन्तर्गत शिक्षा, स्वास्थ्य, जन्मदेखि मृत्युसम्म गरिने संस्कार र भाषाको स्थिति कस्तो छ ? यस क्षेत्रमा नेवारहरूको अन्य समुदायसँगको सम्बन्ध र यसले ल्याएका परिवर्तनहरू कस्ता छन् ? यी प्रश्नहरूको उत्तर खोज्न यो अध्ययन गर्ने जमर्को गरिएको छ ।

१.३ अध्ययनको महत्त्व

उपत्यकाभित्र बसोबास गर्ने नेवार समुदायको बारेमा धेरै अध्ययन भएको छ । तर उपत्यकाबाट बाहिर गएर बसोबास गरेका नेवार समुदायको बारेमा खासै अध्ययन भएको छैन । यस प्यूठान जिल्लाको सदरमुकाम खलंगामा बसोबास गर्ने नेवार समुदायको सामाजिक, साँस्कृतिक अवस्थाको बारेमा प्रकाश पार्नको लागि यो शोधपत्रले सहयोग गर्ने पनि आशा राखिएको छ । यहाँ बसोबास गर्ने अन्य जाति जस्तै– ब्राह्मण, क्षेत्री, मगर र शूद्रहरूसँगको घुलमिलले गर्दा यी नेवारहरुरूले आफ्नो संस्कारलाई केही हदसम्म छोडेर केही नयाँ संस्कारहरू पनि ग्रहण गरेकोले पनि संस्कारमा नयाँपन थपिएको जस्तो देखिन्छ । त्यसैलाई प्रकाशमा ल्याउन पनि यो शोधको महत्व रहेको छ ।

१.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन गर्ने आफ्नै उद्देश्य हुन्छ । यस अध्ययनको पनि आफ्नै उद्देश्य रहेको छ । यस अध्ययनको समस्या पहिचानमा उठाइएका प्रश्नहरूको समाधान गर्न खोज्नु यस अध्ययनको उद्देश्य हो । यस अध्ययनमा प्यूठान जिल्लाको खलंगा क्षेत्रमा बसोबास गर्ने नेवार समुदायको संस्कृति तथा सामाजिक स्थितिको अध्ययन गर्न खोजिएको छ । यस अध्ययनले नेवार समुदायको निम्न पक्षमा जोड दिइएको छ–

(१) खलंगामा बसोबास गर्ने नेवार समुदायको ऐतिहासिकता पत्ता लगाई प्रकाशमा ल्याउनु ।

(२) सामाजिक मूल्य, मान्यता, परम्परा, रितिरिवाज, चालचलन, धार्मिक विश्वासको अध्ययन गर्नु ।

(३) नेवार समुदाय र संस्कृतिमा अन्य समुदायले पारेको प्रभावको अध्ययन गर्नु ।

(४) नेवार समुदायमा वर्तमानमा आएको परिवर्तनको अध्ययन गर्ने रहेको छ ।

१.५ अध्ययनको क्षेत्र

संस्कृतिको धनी मानिएको नेवार समुदाय किन र कहिले उपत्यका बाहिर गयो र त्यस ठाउँमा गएर अन्य समुदायसँग घुलमिल भएर बस्दा त्यसले यस समुदायको सहभागितामा कस्तो प्रभाव पाऱ्यो भनी जान्ने उद्देश्यबाट यस विषयलाई रोजिएको हो । अनुसन्धानकर्तालाई रुचिको विषय भएको र क्षेत्र पनि जानकारी भएकोले यो क्षेत्र छनौट गरिएको हो । साथै विगतमा यस क्षेत्रमा नेवार समुदायका बारेमा विस्तृत अध्ययन नभएकोले पनि यो क्षेत्र छनौट गरिएको हो ।

१.६ अध्ययनको सीमा

यस अध्ययनको विषयगत र भौगोलिक स्थितिलाई आधार मानी अध्ययनको सीमाङ्कन गरिएको छ । यस क्षेत्रमा बसोबास गर्ने नेवार समुदायको बसोबास सीमित छ र अन्य समुदाय नभएकोले र अध्ययनले अन्य समुदायको प्रतिनिधित्व गर्न नसक्ने हुनाले यस समुदायमा मात्र सीमित गरिएको छ । सदरमुकाम खलंगामा यी समुदायहरू ३, ४, ५ र ६ वडामा मात्र सीमित भएकोले यिनै वडालाई मात्र अध्ययनमा लिइएको छ । अध्ययनको लागि शोधकर्ताले आफ्नै खर्च जुटाउनु पर्ने भएकोले पनि ठूलो क्षेत्रलाई लिन सकेको छैन ।

१.७ पूर्व साहित्यसमीक्षा

नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूमा आफ्ना साँस्कृतिक परम्पराहरू आदिम कालदेखि चल्दैआइरहेका छन् । समय-समयमा हुने बाह्य आक्रमण विभिन्न साँस्कृतिक जातिहरूको प्रभाव र बसाईं-सराईले गर्दा परम्परा एवं रीतिरिवाजमा परिवर्तन पनि आउने गरेको छ । नेवार समुदाय पनि साँस्कृतिक रूपमा धेरै धनी छ । समयको

परिवर्तनसँगै यिनीहरू पनि आफ्नो जीविकाको लागि बसाई सर्ने क्रममा उपत्यकाबाहिर विभिन्न ठाउँमा पुगे र त्यही ठाउँमा अन्य साँस्कृतिक सामाजिक समुदायसँग घुलमिल गरी बसोबास गरेर केही रूपमा आफ्नो संस्कृति र परम्परामा पनि परिवर्तन ल्याए । उपत्यका बाहिरका नेवार समुदायको खासै अध्ययन भएको छैन । तैपनि समग्र नेवार समुदायको अध्ययन भई प्रकाशित कृतिहरूको यसरी समीक्षा गरिन्छ–

गोपालसिंह नेपालीले काठमाडौंको पाँगा कीर्तिपुरको नेवारहरूको स्थलगत अध्ययन गरी **The Newars** पुस्तक प्रकाशित गरे (१९६४) । यस पुस्तकमा नेपालीले समग्र नेवार जातिको प्राचीनताबारे प्रष्ट पार्ने प्रयास गरेका छन् ।[२] नेवारहरू दक्षिण-पश्चिम भारतको मालवारमा बसोबास गर्ने नायर जातिसँग सम्बन्धित रहेको भनी उल्लेख गरेका छन् । मालवारसँग संस्कृतिक परम्परा र वास्तुकलासँग मिल्दोजुल्दो भएको कारण पनि ती जातिहरू नै बसाई सरी आएका हुन सक्ने उल्लेख गरेका छन् । भाषिक रूपमा तिब्बती-वर्मन भाषा परिवारसँग केही समानता देखिए तापनि साँस्कृतिक रूपमा विशेष गरी श्रेष्ठ थर भएका नेवारहरूसँग साँस्कृतिक समानता देखिने हुनाले बढी साँस्कृतिक सम्बन्ध देखाउने प्रयास गरेका छन् ।

हाम्रो समाज एक अध्ययन (२०५८) पुस्तकमा जनकलाल शर्माले नेवारहरूको प्राचीनताबारे उल्लेख गरेका छन् ।[३] यस पुस्तकमा शर्माज्यूले नेवार एउटा छुट्टै जाति नभई काठमाडौं उपत्यकामा समय-समयमा विभिन्न जातिहरू प्रवेश गरेर आगन्तुक जातिले शासन गरेको र आफ्नो शासन रहुन्ज्याल छुट्टै अस्तित्व देखिए पनि आफ्नो शासन समाप्त भएपछि तिनीहरूको शासन गयो । यो रूप पृथ्वीनारायण शाहले उपत्यकामा बिजय नगर्दासम्म चलिरह्यो । किराँत, मंगोल, लिच्छवि, मल्लहरूको विलयबाट पछि नेवारी समाज भयो । नेवारी समुदाय एउटा छुट्टै जाति नभएर नेवारी भाषा बोल्ने एउटा ठूलो समुदाय हो । किनकि यिनीहरू बीच पनि विभिन्न समूह छन् र सबैले नेवारी भाषा बोल्दछन् । त्यसकारण यो कुनै जाति नभई नेवारी भाषा बोल्ने एउटा समुदाय हो ।

---

२ Gopal Singh Nepali, *The Newar*, Bombay : United Asia Pub. 1964, P.34.

३ जनकलाल शर्मा, *हाम्रो समाज एक अध्ययन*, काठमाडौं : साझा प्रकाशन, वि.सं. २०५८, पृ. २९६-२९८।

समाजशास्त्री डोरबहादुर विष्टले पनि नेवार जातिको बारेमा आफ्नो पुस्तक **एभयउभि या ल्भउबर्ि** र सबै जातिको फूलबारीमा उल्लेख गरेका छन् । एभयउभि या ल्भउबर्ि मा विष्टले प्राचीन समयमा काठमाडौं उपत्यकामा नेवार जाति बसोवास गर्दथ्यो र त्यसै नेवार जातिबाट उपत्यकाको नाम नेपाल रह्यो भनेका छन् । प्राचीन समयमा यो जाति काठमाडौं उपत्यका र वरिपरि नै बसोबास गर्दथ्यो र वास्तविक नेपाल पनि काठमाडौं उपत्यका नै कहलाउँथ्यो । साथै सबैजातको फूलबारी[५] नामक पुस्तकमा विष्टले नेवारहरू विभिन्न समयमा आउने आर्य, मंगोल र केही यहाँका अष्ट्रोलो आदिबासी सबै मिलेर बनेको एउटा समुदाय हो र नेवार समुदायमा आदिम कालदेखि नै यहाँ बसी आएका विभिन्न जातिको मिश्रण भएको एउटा समुदाय हो जसलाई भाषाले एकता गरेको छ भनेका छन् ।

समाज/मानवशास्त्री के.पी. चट्योपाध्यायका विचारमा नेवारहरू प्राचीनकालदेखि एउटा सामान्य समूहको रूपमा बसेको एउटा समुदाय हो भनेका छन् । यो यहाँको प्राचीन जाति हो र यसको सम्पर्कमा आउने अन्य समुदायहरूले यसको संस्कृतिलाई ग्रहण गरेर भाषा पनि नेवारी नै प्रयोग गर्दै जाँदा यो बृहत रूपमा देखापऱ्यो । यस समुदायमा एउटा भाषा प्रयोग गरे पनि विभिन्न वर्ग र सम्प्रदायका मानिसहरू छन् ।[६]

पुरातत्वविद प्रा.डा. गितु गिरीले प्यूठान राज्यको ऐतिहासिक झलक नामक पुस्तक प्रकाशित गर्नु भएको छ ।[७] यस अध्ययनको क्षेत्र यसै प्यूठान जिल्लाअन्तर्गत पर्दछ । यस पुस्तकमा गिरीले प्यूठान जिल्लाका विभिन्न क्षेत्रलगायत खलंगा गा.वि.स.का विभिन्न क्षेत्रको भौगोलिक, सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रको बारेमा प्रकाश पार्नुभएको छ ।

---

४ Dor Bahadur Bista, *People of Nepal,* Kathmandu : Ratna Pustak Bhandar, 1967.

५ डोर बहादुर विष्ट, *सबैजातको फूलबारी,* कामाठमाडौं : साझा प्रकाशन, वि.सं. २०३०, पृ. १६ ।

६ K.P. Chhatopadhyaya, *History of Newar Culture.* Kathmandu : Educational Interprises, 1980.

७ गितु गिरी, *प्यूठान राज्यको ऐतिहासिक झलक,* विशाल पुस्तक सदन, वि.सं. २०५२ ।

प्यूठानकै निवासी निमनारायण नकर्मीले पनि प्यूठानमा नेवार जाति र यसको संस्कृति: एक परिचय भन्ने एक लेख प्रकाशित गर्नुभएको छ ।[८] यसमा प्यूठान जिल्लाका ४९ गा.वि.स. मध्ये २५ गा.वि.स.मा नेवार समुदायको बसोबास भएको र सबैभन्दा बढी नेवार खलंगा (१२७२ जना) मा रहेको बताउनुभएको छ । विभिन्न समुदायमध्ये नेवार समुदाय पनि नेपालको एक प्रमुख जातिमध्ये पर्दछ । भेषभूषा, भाषा, कला, संस्कृतिको दृष्टिले मूल्यांकन गर्ने हो भने विभिन्न संस्कृतिको अत्यन्त धनी जातको रूपमा नेवारलाई नै पाउँदछौं । यसको संस्कृतिको विविधतामा थप विशिष्टता थप्ने काम नेवारी भाषाको आफ्नै छुट्टै लिपिको कारणबाट पनि भएको छ । नेवारी लिपिको कारण संयुक्त राष्ट्रसंघले नेपाललाई मान्यता दिएको कुरा नेवार समुदायकै लागि एउटा गर्वको कुरा हो भन्नु भएको छ ।

माथि समीक्षा गरिएका सबै कृतिहरू समग्र नेवार जाति र कतिपय कृतिहरू सीमित क्षेत्रमा आधारित रहेर लेखिएका छन् । यी सबै कृतिहरू नेवार जातिको बारेमा प्रकाश पार्ने महत्वपूर्ण स्रोत रहेका छन् । माथि उल्लेखित कृतिहरू यस शोधका लागि द्वितीय श्रोतको रूपमा प्रयोग गरिएको छ । प्रस्तुत शोधमा प्यूठान जिल्लाको खलंगा क्षेत्रका नेवार समुदायको सामाजिक-साँस्कृतिक अध्ययन गर्न मानवशास्त्रीय सिद्धान्तलाई आधार बनाइएको छ ।

१.८ अनुसन्धान पद्धति

प्यूठान नेवार समुदायको सम्बन्धमा गरिने यस अनुसन्धानमा बढी भन्दा बढी सूचना संकलन गर्ने उद्देश्यले विभिन्न पद्धतिलाई अपनाइएको छ । यस अनुसन्धानमा मानवशास्त्रीय अध्ययन विधि अपनाउन उपयुक्त देखिएको यस अध्ययनमा निम्न विधि प्रयोग गरी सूचना संकलन गरिएको छ ।

---

[८] मिननारायण नकर्मी, "प्यूठानको नेवार जाति र यसको संस्कृति : एक परिचय", *कालिका युवा क्लव स्मारिका*, पृ. २३-२६ ।

१.८.१ तथ्यांकको स्रोत

१.८.१.१ प्राथमिक स्रोत

यो शोधकार्य मुख्यतया प्राथमिक स्रोतमा आधारित छ । घरपरिवार सर्वेक्षण स्थलगत, व्यक्तिगत र सामूहिक अन्तरवार्ता, सामाजिक साँस्कृतिक सूचना र जात्रा साथै पर्वका बारेमा सूचना संकलन गरी अध्ययन गरिएको छ ।

१.८.१.१.१ घरपरिवार सर्वेक्षण

शोधकार्यको लागि आवश्यक संख्यात्मक तथ्यांकको लागि घरपरिवार सर्वेक्षण मानवशास्त्रको अनुसन्धानमा उपयोगी हुने महत्वपूर्ण विधि हो । यस अनुसन्धानमा घरपरिवार सर्वेक्षण जनगणना सर्वेक्षणको आधारमा गरिएको छ । यसअन्तर्गत प्यूठानको सदरमुकाम खलंगा गा.वि.स. खलंगामा बसोबास गर्ने नेवारहरूको कुल संख्या १२७२ रहेको छ । खलंगामा गा.वि.स.को टोल र घर परिवार विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १
वडागत आधारमा परिवार संख्या

वडा नं.	गाउ"/टोल	परिवार संख्या
३	डाँडा पसल	७२
४	स्कूल क्षेत्र	६५
५	खलंगा बजार	१०३
६	सरस्वती टोल	६८
	जम्मा:	३०८

स्रोत: स्थलगत अध्ययन, २०६४ ।

घरपरिवार सर्वेक्षणमा खासगरी नेवार जातिको सामाजिक एवं आर्थिक अवस्था सम्बन्धी तथ्यहरू संकलन गरिएको छ । नेवारहरूको परिवार संख्या (उमेर) वैवाहिक स्थिति, शिक्षा, स्वास्थ्य, जग्गा-जमिन, पेशा, सीप जस्ता महत्वपूर्ण तथ्यांकहरू घरपरिवार सर्वेक्षणबाट लिइएको छ । घरपरिवार सर्वेक्षणको लागि एउटा विशेष सरल ढाँचामा

प्रश्नावली छ । प्रश्नावलीबाट लिनु पर्ने जानकारी घरमूलिबाट र नभएको अवस्थामा परिवारको कुनै जानीफकार सदस्यबाट लिइएको छ ।

१.८.१.१.२ व्यक्तिगत तथा सामुहिक छलफल

शोधकर्तालाई आवश्यक पर्ने सबै जानकारी घरपरिवार सर्वेक्षणबाट प्राप्त हुन नसक्ने भएकाले केन्द्रित समूहमा छलफल बुढापाकाहरूसँग सोधपुछ गर्दा जानकारी प्राप्त गरियो । गाउँघरबाट बुढापाका जानिफकारहरूबाट सूचना प्राप्त गरियो । यसरी केन्द्रित छलफलमा नेवार समुदायको सामाजिक साँस्कृतिक पक्षमाथि ठूलो भूमिका खेल्यो । यस छलफलबाट त्यस क्षेत्रमा उनीहरूको आगमन, सामाजिक, आर्थिक अवस्था, धर्म, संस्कृति, रीतिरिवाज चाडपर्व आदिबारे शोधकार्यमा चाहिने आवश्यक जानकारी लिने उद्देश्यले प्रश्नावली सूची तयार गरिएको थियो । त्यसैको आधारमा नै छलफल कार्यक्रम व्यवस्थित गरियो ।

१.८.१.१.३ स्थलगत अवलोकन र फोटोग्राफी

यस शोधकार्यका लागि स्थलगत अवलोकनबाट प्राप्त जानकारी पनि धेरै महत्वपूर्ण हुने महसुस गरिएको छ । नेवारहरूमा कतिपय संस्कारसम्बन्धी कुराहरू र चाडपर्व सम्बन्धी कुराहरू शोधकर्ताबाट प्राप्त हुन सक्ने र प्रष्ट रूपमा भन्न नसक्ने हुनाले र सुनेको भन्दा प्रत्यक्ष देखेखको कुरा बढी प्रभावकारी हुने हुनाले कार्यक्रम स्थलमा नै गई अध्ययन गरी जानकारी लिन स्थलगत अध्ययन विधि प्रयोग गरियो । फोटो खिच्ने नापजाँच आदि कार्य गरियो । यस बाहेक नेवारहरूको चाडपर्व, संस्कारहरूका बारेमा भेषभूषा, खानपान, आदि विविध पक्षका बारेमा जानकारी लिन सरल भयो । यस पक्षले शोधकर्ता बढी प्रणीत बनाउने विश्वास गरिएको छ ।

१.८.१.२ द्वितीयक स्रोत

यस शीर्षकअन्तर्गत नेवार समुदायसम्बन्धी लेखिएका र प्रकाशित भएका पुस्तक, पत्र-पत्रिका प्रकाशित अन्य साहित्यहरू, विभिन्न संस्था जस्तै जिल्ला, गा.वि.स. क्षेत्रीय स्तरबाट प्रभावित प्रतिवेदनमा सूचना, जानकारी र विभिन्न शोध समस्या आदिबाट

प्रकाशित तथ्यांकलाई आधार बनाइएको छ । तथ्यांक संकलन गर्दा सहयोग लिइएको स्रोतहरू सन्दर्भग्रन्थ सूचीमा समावेश गरिएको छ । द्वितीयक स्रोतहरू प्राथमिक स्रोतको तथ्यांकको परिपूरक मानिएको छ ।

१.९ शोधपत्रको संगठन

यस अध्ययनलाई स्पष्ट र आकर्षक बनाउनका लागि संकलन गरिएका सूचना तथा तथ्यहरूलाई विश्लेषण गरी अनुसन्धानलाई विभिन्न अध्याय, शीर्षक, उपशीर्षक गरी अनुसन्धान रूपमा राखिएको छ । यो शोधपत्रलाई ८ भागमा विभाजन गरिएको छ । यसको शीर्षक निम्न अनुसार राखिएको छ-

अध्याय एक अनुसन्धान परिचयअन्तर्गत– परिचय, समस्याको पहिचान, अनुसन्धानको महत्व, अध्ययनको उद्देश्य, अध्ययन क्षेत्रको छनौट, अध्ययनको सीमा, पूर्व साहित्य समीक्षा, अनुसन्धान पद्धति, शोधपत्रको संगठन रहने छ ।

अध्याय दुई खलंगाको संक्षित परिचयअन्तर्गत- प्यूठान जिल्लाको भौगोलिक परिचय, सामाजिक अवस्था, भाषा, शैक्षिक अवस्था, स्वास्थ्य, आर्थिक अवस्था रहने छ ।

अध्याय तीन खलंगाको नेवारहरूको ऐतिहासिकता अन्तर्गत– नेवार जातिको परिचय, नेपालमा नेवारहरूको जनसंख्या विवरण रहने छ ।

अध्याय चार नेवारहरूको सामाजिक स्थितिअन्तर्गत- परिवार र समाज, घर, नाता सम्बन्ध, भेषभूषा, गरगहना, खानपिन र भाँडावर्तन, भाषा, नारीको स्थान, स्वास्थ्य र सुरक्षा, शिक्षा, कला र वास्तुकला, राजनीति, गुठी रहने छ ।

अध्याय पाँच धर्म संस्कारअन्तर्गत– धार्मिक भावनाको सामान्य परिचय, संस्कारको परिचय, नामाकरण, पास्नी, चूडाकर्म, ब्रतवन्ध, इहि, बाह्रा, विवाह, मृत्यु संस्कार, जंको रहने छ ।

अध्याय छ पर्व र जात्राहरूअन्तर्गत- गँठेमंगल, लाखे, नागनगिनी, जनैपूर्णिमा, छिनीमिनी, चुइकी फिजाउँने, रोपाईंजात्रा, कृष्णजात्रा, गणेशजात्रा, वडादशैं, तिहार मंसीर

पूर्णिमा, माघेसंक्रान्ति, पौष पूर्णिमा, श्रीपञ्चमी, माघे पूर्णिमा, शिवारात्री, विस्केट जात्रा, घोडेजात्रा, मातातीर्थ औंशी (मा याउ ख्वा स्वये), कुशे औंशी (व्वा याउ ख्वा स्वये) औंशी रहने छ ।

अध्याय सात परिवर्तनको स्थिति, भाषा, भेषभूषा, खानपिन, घरको वनावट रहने छ ।

अध्याय आठअन्तर्गत उपसंहार र अन्तमा सन्दर्भग्रन्थ सूची रहने छ ।

अध्याय दुई

खलंगाको संक्षिप्त परिचय

२.१ प्यूठान जिल्लाको भौगोलिक परिचय

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने प्यूठान वर्तमान नेपालको ७५ जिल्लामध्ये राप्ती अञ्चलको मध्यपहाडी इलाकामा अवस्थित, मध्यकालको उत्तरार्द्ध र आधुनिककालको पूर्वार्द्धको इतिहासमा गण्डकी प्रस्रवणक्षेत्रमा विस्तारित चौबिसी राज्यहरूमध्ये एउटा शक्तिशालि राज्य थियो ।[ढ] यो ८२° ३०ू देखि ८३° पूर्वी देशान्तर र २७° ५५ू देखि २८° २५ू उत्तरी अक्षांशको बीचमा फैलिएको छ ।[ण] यसको मानचित्र हेर्दा उत्तर-दक्षिण लम्बिदै गएको र पूर्व-पश्चिम साँगुरो बन्दै गएको देखिन्छ । समुद्र सतहबाट ३०५ देखि ३६५९ मिटरको उचाइमा अवस्थित यसको क्षेत्रफल १,३६५ वर्गकिलोमिटर रहेको छ । दक्षिणपट्टिको भित्रीमधेशबाट क्रमशः उत्तरतर्फ अग्लिदै गएको यस क्षेत्रको वार्षिक औसत तापक्रम अधिकतम २४° सेल्सीयस र न्यूनतम १४° सेल्सीयस छ ।[त] यहाँ श्रावण-भाद्र महिनामा वर्षा बढी हुने हुँदा वार्षिक ८० प्रतिशतभन्दा बढी दुई महिनामा परी हिउँदमा कम पानी पर्छ । मध्यकालीन प्यूठानको मानचित्र वर्तमान समयको भन्दा ठूलो देखिन्छ । वर्तमान प्यूठानको पूर्वी दिशामा गुल्मी, पश्चिमतर्फ दाङ्ग र रोल्पा, उत्तरमा रोल्मा र बाग्लुङ्ग तथा दक्षिणमा दाङ्ग र अर्घाखाँची जिल्ला पर्दछन् ।[द] मध्यकालमा बाइसी र चौबिसी राज्यहरू चौहदीको रूपमा रहेको तथ्य विभिन्न विद्वान्हरूले उल्लेख गरेका छन् । मध्यकालमा पूर्वमा धुर्कोट र गुल्मी, पश्चिममा दाङ्ग, फलावाङ्ग, खुँग्री र गजुल, उत्तरमा पर्वत (मलेवम) तथा दक्षिणमा अर्घा, खाँची, पाल्पा (शिवराज छोउको) राज्य पर्दथे । भिँग्री राज्यको अस्तित्व भने छुट्टै पुष्टि हुन नसकेकोले यो प्यूठान राज्यभित्र नै समावेश भएको तथ्य प्राप्त ऐतिहासिक सामग्रीहरूले पुष्टि गरेका

---

[९] ऐतिहासिक सामग्री, (क) ६

[१०] *मेची देखि महाकाली* भाग ४, काठमाडौ : श्री ५ को सरकार, संचार मन्त्रालय, शुभराज्यभिषेक, वि.सं. २०३१, पृ. १३७ ।

[११] *प्यूठान जिल्लाको वस्तुगत विवरण,* प्यूठान : जि.वि.स. कार्यालय, वि.सं. २०५०, पृ. ३ ।

[१२] *ऐजन,* पृ. १ ।

छन् ।[ज्घ] बडामहाराजाधिराज पृथ्वीनारायण शाहले कालु पाँडेलाई लेखेको पत्रमा तनहुँका राजा हरकुमार दत्त गुल्मी वा प्यूठान गएको तथ्य उल्लेख गरेका[ज्ङ] र कर्कपेट्रिकले विभिन्न क्षेत्रको दुरी औंल्याउँदा पिउठान (पुरथान) बाट धुरकोट ३२ दुरी, बाँदीकोट झिमरुकको किनारामा अवस्थित ३१ धुरी, सेरा २८ धुरी, माडीखोला २९ धुरी र भिग्रीकोट ३० धुरी भन्ने उल्लेख गरेकोले प्यूठानको राजधानी भित्रीकोटबाट प्यूठान राज्यको सीमान्तसम्मको दुरी निर्धारण गरिएको बुझिन्छ ।[ज्छ] उनी नेपालमा वि.सं. १८५० तिर राजदूतको रूपमा नियुक्त भई आएकोले उनको भनाई बढी विश्वसनिय मान्न सकिन्छ । गुल्मीबाट प्रवेश गरिने मार्ग धुरकोट पूर्व-उत्तर, बाँदीकोट पूर्व, माडीखोला पश्चिम र सेरा उत्तरी खण्ड पर्ने हुँदा व्यवस्थित ढङ्गले दुरी कायम गरिएको देखिन्छ । २९ धुरी १ दिनको यात्रा हुन्थ्यो भने २२.५ मिनेटमा १ धुरी भ्रमण गर्न सकिने हुँदा[ज्ट] वर्तमान अवस्थामा पनि भित्रीकोटबाट बाँदीकोट सेरा, माडीखोला र धुरकोटसम्म १ दिनमा पुग्न सकिने हुँदा प्यूठान राज्यको भोगोलिक क्षेत्रबारे यथोचित ढङ्गले मूल्यांकन गरेको देखिन्छ । सल्यान र पाल्पा राज्यझैं यसको पनि समतल तराई भएकोले[ज्ठ] आर्थिक दृष्टिले महत्वपूर्ण सावित भएको छ । सम्भवतः मधुचनले कब्जामा लिएको[ज्ड] कपिलवस्तुको पश्चिमी भाग (शिवराज तराई) मानिक चनको पालामा दाङ्ग सवारीका थपाला भीममर्दनसिंहले प्यूठानीबाट खोसेको देखिँदा समय-समयमा यसको रूप फेरिदै गएको देखिन्छ ।[ज्ढ] प्यूठान धर्मावती, माण्डवी-राप्ती नदी र यिनका सहायक खोलाहरू (गर्तङ, लुङ, जुँम्री, लंग्री, मरन्ठाना, छापे) लगायतका खोलाहरूले सिंचित भू-भाग भएकोले[ज्ण] घनावस्ती थियो । राजधानीमा ४००

---

१३ *ऐतिहासिक सामग्री* (ग)- १ ।

१४ *ऐतिहासिक सामग्री,* (क) सं. १ ।

१५ कर्कप्याट्रिक, *यान एकाउण्ट अफ दि किङ्गडम अफ नेपाल,* पुन मुद्रण, न्यू दिल्ली : मञ्जुश्री पब्लिसिङ्ग हाउस, ई. सं. १९६९, पृ. २९५-९९ ।

१६ *ऐजन,* पृ. ३०० ।

१७ डि.आर. रेग्मी, *मोडर्न नेपाल* पुन मुद्रण, कलकत्ता : के.एल. मुखोपाध्याय, ई.सं. १९७५, पृ. ९ ।

१८ *ऐतिहासिक सामग्री,* (ख) २ ।

१९ टेकनाथ गौतम, *राप्ती अञ्चलका इतिहास तथा केही संस्मरणहरू,* वाराणसी : अजय पिन्टर्स, वि.सं. २०५०, पृ. ४४ ।

२० *पूर्ववत्* , टिप्पणी संख्या ३, पृ. २ ।

घर धुरी र प्यूठानमा चौध हजार[२१] वा १२ हजार संख्या[२२] भएकोले २६ हजार पाल्पा, ८ हजार पर्वत भने झैं प्यूठानलाई १४ हजार भनिन्थ्यो ।[२३]

खलंगा अध्ययन क्षेत्रको एक दृश्य

प्यूठान जिल्लाका प्राकृतिक बनावट अति नै आकर्षक, सुन्दर तरिकाले निर्माण भएको देखिन्छ । यहाँका मिलेका पहाडहरू, नदी, झरना, खोला, छागा, लेकका हरियाली वनस्पतिहरू, बेसीका लह-लह परेका फाँटहरूको हरियालीले मनै लोभ्याउँछ । प्यूठानको प्रसिद्ध धार्मिकस्थल स्वर्गद्वारी पनि पहाडको शिरमा नै पर्दछ । यहाँ हरिया रुखहरू ठूला-ठूला विभिन्न जातका रुखहरूले पहाडै ढाकेकोले निकै सुन्दर देखिन्छ । डाँडैभरि लालिगुराँस फुलेर चैत बैशाख महिनामा निकै सुन्दर देखिन्छ ।

धरातलको हिसावले प्यूठान जिल्लालाई निम्न क्षेत्रमा बाँड्न सकिन्छ: [२४]

---

[२१] रेग्मी, *पूर्ववत्*, पृ. ११ ।

[२२] योगी नरहरिनाथ (सम्पा.), *इतिहास प्रकाश* भाग २, अङ्क, भाग ३, इतिहास प्रकाश मण्डल, वि.सं. २०१२, पृ. ५८६ ।

[२३] टेक बहादुर श्रेष्ठ, *पर्वत राज्यको ऐतिहासिक रूपरेखा*, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०४२, पृ. २ ।

[२४] *पूर्ववत्*, टिप्पणी संख्या ३, पृ. २ ।

(क) लेकाली भाग

(ख) पहाडी भाग

(ग) वेंसी भाग

(क) लेकाली भाग

२,१३४ मिटर भन्दा अग्लो, हिउँदमा निकै जाँडो हुने हिउँ पर्ने ग्रेनाइट, स्लेट ढुङ्गा, दर्शन ढुङ्गायुक्त चट्टान भएको यस भागमा स्याउलीवाङ, कोठीलेक, तीनपारे धुरी स्वर्गद्वारी लेक, पुँजाको लेक, पन्चासेको लेक जस्ता लेकहरू पर्दछन् ।[इछ] यहाँ वर्षाको याममा बादल र कुईरोले ढाकेको हुन्छ । कम वबोबास भएको यस क्षेत्रमा अन्न उत्पादन निकै कम हुँदा पशुपालनमा भेडा, बाख्रा, चौरी आदि पाल्ने गरिन्छ । आलु, मकै, फापर, कोदो मात्र उत्पादन हुने यस क्षेत्रमा सल्लो, गुराँस, धुपी, खर्सु, बाँझ आदि विरुवा पाइन्छन् । यस क्षेत्रमा अधिकांश मगर वस्ती छन् ।

(ख) पहाडी भाग

९१५ देखि २,१३४ मिटर सम्मको भू-भाग यसमा पर्दछ । घनावस्ती भएको यस भागमा मकै, गहुँ, धान, कोदो, आलु उत्पादन गरिन्छ । पाखाबारीमा सिंचाइको व्यवस्था नहुँदा वर्षाको पानीमा भर पर्नु पर्दछ । तुषारा, नारीकोट, लिवाङ्ग, खावाङ्ग, धुवाङ्ग, पकला, कोचिलाङ्ग आदि गाउँठाउँको पाखोवारी मलिलो एवं उर्बरा छ । यस भेकमा जंगलमा कटुस, चाँप, ओखर, चिउरी, पिपल, टिमुर, चिलाउने आदि रुखहरू पाइन्छन् । यस भेगमा नेवार, बाहुन, क्षेत्री, गुरुङ्ग, मगर, ठकुरी, कामी, दमै, सार्की आदि जातिको मानिसहरू बसोबास गरेको पाइन्छ ।

(ग) वेंसी भाग

९१५ मिटर भन्दा होचो धर्मावती (झिम्रुक), माण्डवी (माडी), राप्ती र यिनका सहायक नदीको आसपासका समतल भू-भागहरू यसअन्तर्गत पर्दछन् । यस क्षेत्रमा गर्मीमा बढी गर्मी र हिउँदमा न्यानो हावापानी कायम हुन्छ । धान, मकै, गहुँ, जौ, आलु,

[२५] टंकेश्वर गौतम, *प्यूठानको भूगोल,* प्यूठान : लेखक स्वयं, वि.सं. २०१७, पृ. १० ।

तरकारी, आँप, केरा, नासपाती, भुइँकटहर, रुखकटहर आदि अन्न तथा फलफूल उत्पादन हुने पाँगो तथा मलिलो फाँट यसमा पर्दछ । झिम्रुक तथा सहायक नदीहरूले सिंचाई गरिने हुँदा एक वर्षमा तीन खेतीसमेत गर्न सकिन्छ । यहाँ साल, सिसौ, आँप आदिका विरुवा पाइन्छन् । यस भागमा ब्राह्मण, क्षेत्री, नेवार, मगर, दमै, सुनुवार, सार्की, कुमाल आदि जातिको बसोबास छ । यस भेगमा बाग्दुला, पुण्डेखोला, विजुवार, क्वाडी, रातामाटा, खैरा, माडीखोला, पकला, देवीस्थान, बाङ्गेसाल, झिम्रुकखोला, गुरीगाउँ, आदि घना वस्ती भएका गाउँहरू छन् ।[२६] जनघनत्व तथा उत्पादनको दृष्टिले यो भाग निकै महत्वपूर्ण छ । मध्यकालमा शिवराज समेत यसैमा पर्दथ्यो ।

२.२ प्यूठान जिल्लामा भएका वनजंगल र पशुपंक्षी

देशको अन्य भागमा झैँ प्यूठानको पनि आर्थिक जीवन कृषिको साथसाथै पशुपालन र इन्धन, काठपात, आदिको परिपूर्ति गर्न वन जंगलमा आधारित छ । हावापानी र उचाइको भिन्नताले लेक, पहाड र वेसीमा भिन्न-भिन्न जातका बोटवृक्ष तथा पशुपंक्षीहरू पाइन्छन् । लेकमा सदावाहार जातका धूपी, निगालो, गुराँस, बाँस, बेतबाँस, बाँझ आदि नरम जातका काठ पाइने हुँदा[२७] कागज, सलाई तथा बेतबाँस उद्योग सञ्चालन गर्न सकिन्छ । तर यतातिर सम्बन्धित अंगको ध्यानाकर्षक भएको पाइँदैन । यहाँ भालु, कस्तुरी मृग, खरायो, घोरल, डाँफे, मुनाल आदि जातका पशुपंक्षि पाइन्छन् । पहाड तथा वेसी प्रायः शीतकालमा पात झर्ने खालका विरुवा पाइन्छन् । कटुस, चिलाउने, चाँप, ओखर, गुराँस, पिपल, साल, सल्लो, सिसौ, काफल, आदि वनस्पति तथा वन पैदावार पाइन्छ । यहाँ बाघ भालु, बँदेल, कालिज, ढुकुर, सुगा, दुम्सी, तित्रा आदि पशुपंक्षी पाइन्छन् । बढ्दो जनसंख्या र घटदो वन जंगलको कारण यस्ता पशुपंक्षीहरू लोप हुँदै गएका छन् ।

२.४ प्यूठान जिल्लामा भएका नदीनाला र खनिज पदार्थ

प्यूठानमा धर्मावती, माण्डवी र राप्तीसमेत गरी तीनवटा मुख्य नदीहरू छन् । धर्मावती नदीको उद्गमस्थल बाग्लुङको खरअर्खा पर्वतमा पर्दछ । प्राकृतिक गाइको मुखबाट

---

[२६] *ऐजन,* परिशिष्ट ।

[२७] *मेचीदेखि महाकाली, पूर्ववत्,* पृ. १४० ।

ह्वालह्वाल गरी धारा निक्लिएको दृष्य हुँदै 'गौमुखी' नदी भनिन्छ । यसका सहायक खोलाहरू गर्तङ, लुङ, चुँदरी, छापे, काँत्रे आदिले समेत ठूलो भू-भाग सिंचाई गरेका छन् । गौमुखी वा झिमरुक नदीले धेरै जमीन सिंचाई गरी उत्पादन बढाएकोले यसलाई 'धर्मावती' नामकरण गरिएको भन्ने भनाई छ ।[२८] माण्डवी नदीको उद्गमस्थल मालाशेषको पारिवाङ्ग गाउँमा पर्दछ । लुंग्री, खुंग्री, अरुण, दंगाल, घोरा आदि सहायक खोलाहरू भएको माण्डवी (माडी) नदीको आसपासमा सिंचाइको प्रवन्ध छैन ।[२९] आसपासको भू-भागको तुलनामा गहिरिएर बगेको हुँदा सिंचाइको लागि अप्ठ्यारो परेको छ । धर्मावती र माण्डवी नदीको संगम ऐरावतीमा भएपश्चात् राप्ती नामले चिनिन्छ । राप्तीको पानीले प्यूठान क्षेत्रमा सिंचाइको व्यवस्था गर्न सकिएको छैन । बाङ्गेशाल जस्ता समतल भू-भागमा पनि सिंचाइको अभाव छ । राप्ती अञ्चल पनि यसै नदीको नामबाट राखिएको छ । खनिज पदार्थहरूमा आरनेटा (वर्जिवाङ्ग) बाँदीकोट, दम्ती आदि स्थानमा फलाम, खारखोला र ठूलासिममा तामाखानी, फोत्ली र डासीमा स्लेट खानी छन् । खप्रेङखोलामा कोइला, तुषारामा अभ्रक, विजुवार भेकमा पेट्रोल र लुङग्रीमा सुन खानी भएको अनुमान गरिएको छ ।[३०] भूगर्भमा छोपिएका खानीहरूको अन्वेषण उत्खनन तथा उपयोग गर्नुको सट्टा सञ्चालित खानीहरूसमेत बन्द भएका छन् । खास गरी भारतबाट आधारित धातुहरूको दाँजोमा यी महँगा साबित भएकोले धातु निकाल्ने काम बन्दछ । यहाँ तामाका गाग्री, खडकुलो, ताउलो, लोटा, आदि यद्यपि बढी उपयोग गरिदै छन् । खलंगा र वादीकोटमा बन्दुक, कारतोस बनाउँनुको साथै तरबार पनि बनाइन्छन् ।[३१] फलाम र तामाको काम गर्ने कामी र टोमटाहरूको वस्ती विभिन्न क्षेत्रमा यद्यपि कायम देखिन्छ । प्यूठान जिल्लाको कूल भू-उपयोगको अवस्था १३२८९० हेक्टर मात्र छ ।

प्यूठान जिल्लाका मुख्य गरी नदी-नाला र झरनाको विवरण निम्न अनुसारका छन्-

---

२८ गौतम, *पूर्ववत्* टिप्पणी संख्या १७, पृ. १२ ।

२९ *ऐजन*, पृ. १२ ।

३० (क) *मेचीदेखि महाकाली*, पूर्ववत्, पृ. १४३ ।
(ख) गौतम, *पूर्ववत्*, टिप्पणी संख्या १७, पृ. २३-२४ ।

३१ अवलोकन, यद्यपि कार्यशाला संचालन ।

नदी	उद्गम स्थलत्र	सहायक खोलाहरु	कैफियत
झिम्रुक नदी (धर्मावती)	गौमुखी, अर्खा प्यूठान	गेर्तुङ, लुङ, खप्रेङ, चुदरी, मरन्ठाना, छापे, जुम्री, काँत्रे खोलाहरु	ऐरावतीमा मण्डवीसँग मिलेपछि राप्ती नदी
माण्डवी नदी (माण्डवी खोला)	बालाशेषको पारीवाङ गाउँ, रोल्पा	लुंग्री, खुंग्री, अरुण, दगांल, घोरा, बागे, दाटुङ खोलाहरु	ऐरावतीमा झिम्रुकसँग मिलेपछि राप्ती नदी
राप्ती	ऐरावती	झिम्रुक र माडी	देउधुरी हुँदै बाँकेको नेपालगञ्ज पूर्वबाट दक्षिण बग्दछ ।
अरुङ खोला	रोल्पा	-	-
जुम्री खोला	जुम्री काँडा	-	-
गर्तुङ खोला	फुकेटि गुल्मी	बालुवा खोला	-
लुङ खोला	स्याउलीवाङ	-	-

स्रोतः- जि.वि.स. ।

२.५ प्यूठान जिल्लामा बसोबास गर्ने जातजातिहरू

मध्यकालमा १४,००० र कतै १,२०० घर संख्या देखाइएको प्यूठान राज्य चौवीसीमध्ये दोस्रो स्थानमा पर्दथ्यो । समतल तथा माथिल्लो फाँट भएकोले बेंसीमा घना वस्ती थियो । वि.सं. २०२८ को जनगणनामा ६,६१७ पुरुष र ७०,७२१ महिला गरी जम्मा १,३७,३३८ जनसंख्या थियो । वि.सं. २०३८ को जनगणनामा यहाँको जनसंख्या १,५७,६६९, वि.सं. २०४८ को केन्द्रिय तथ्यांक विभागको गणनानुसार १,७३,८९३ देखाइएको र वि.सं. २०४८ मा स्थानीय गा.वि.स. का सचिव लगायतका कर्मचारीहरुलाई घर घरमा पठाई गरिएको तथ्यांकअनुसार कूल जनसंख्या १,८७,३८३ देखिएको छ । यस बखत यहाँको जनसंख्या वृद्धि दर करिव २.० प्रतिशत रहेको अनुमान छ । वि.सं. २०५८ को गणनामा २,१२,४८४ जनसंख्या तथा जनघनत्व प्रति किलोमिटर १६२ जना रहेको छ ।[घद] यहाँ मध्यकालमा ब्राह्मण, क्षेत्री, मगर, सुनार, कामी, सन्न्यासी, सार्की, दमाई, नेवार, गुरुङ, गाइने, थकाली, वादी, कुसुण्डा, तामाङ आदि जातिका मानिसहरु बसोबास गरेका छन् । वि.सं. २०४८ र २०५८ को तथ्यांकमा क्रमशः मगरहरुको संख्या ३१.१४ र

[३२] जिल्ला विकास समिति, प्यूठान, *पूर्ववत्*
केन्द्रिय तथ्यांक विभाग, *राष्ट्रिय जनगणना,* २००१, पृ. २ ।

३१ प्रतिशत देखिन्छ .[33] उनीहरु चनवंशीभन्दा अघिका पुराना वासिन्दा हुन् भन्ने तथ्यांकलाई यसले समर्थन गर्दछ । भित्रीकोटको आसपासमा गुरुङको अतिरिक्त मगरहरु पनि बसोवास गरेको पाइन्छ ।

२.६ सामाजिक अवस्था

प्यूठान खलंगा गा.वि.स.मा विगत लामो समयदेखि विभिन्न जातजातिहरू बसोबास गर्दे आएको पाइन्छ । यो गा.वि.स. केही अग्लो पहाड र वेसी क्षेत्रमा फैलिएको छ । यस गा.वि.स.मा पहाडी भाग वा शहरी क्षेत्रमा विभिन्न जातिहरू बसोबास गर्दछन् । विशेष गरि नेवार, क्षेत्री, ब्राह्मण, मगर, दमाई, कामी, गिरी, कुमाल, सुनार आदि जातिहरूको बाहुलता भभएका पाइन्छ । विशेषगरी बजार क्षेत्रमा नेवार समुदायको बसोबास भएको कारणले गर्दा यही नेवार समुदायको अध्ययन क्षेत्र बनाइएको छ । यस गा.वि.स.मा बसोबास गर्ने मानिसहरूलाई वडागत रूपमा यसरी तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

तालिका नं. २
वडागत आधारमा खलंगा गा.वि.स. को घरसंख्या र जनसंख्या विवरण

वडा नं.	घरसंख्या	महिला	पुरुष	जम्मा
१	१५५	४५०	३७३	८२३
२	७६	२२१	१९७	४१८
३	९९	१८३	२१२	३९५
४	११९	१९४	२३३	४२७
५	१८३	३७६	३६८	७४४
६	९५	१६४	१६३	३२७
७	१७९	५०८	३५३	८६१
८	१५५	४१५	३२७	७४२
९	२०७	५२०	४०६	९२६
जम्माः	**१२६८**	**३०३१**	**२६३२**	**५६६३**

स्रोतः जिल्ला विकास समिति, प्यूठान ।

[33] *ऐजन*, पृ. ५ ।

उपरोक्त तालिका अनुसार यस खलंगा गा.वि.स.को कूल जनसंख्या वडागत आधारमा विभाजन गर्दा ५६६३ रहेको छ । जसमा पुरुषको २६३२ संख्या रहेको छ भने महिलाको संख्या ३०३१ रहेको छ । यस गा.वि.स. को जनसंख्याको कुल ४५.४७ प्रतिशत पुरुष र ५३.५२ प्रतिशत महिला रहेका छन् । यस गा.वि.स.मा कूल १२६८ घरपरिवार रहेको छ । अतः यस गा.वि.स. मा प्रति परिवार ४.४६ जना मानिस बसोबास गर्ने गर्दछन् । यस गा.वि.स.को वडा नं. ९ मा सवैभन्दा धेरै ९२६ अथवा १६.३२ प्रतिशत जनसंख्या बसोवास गर्दछन् भने यस गा.वि.स.मा सवैभन्दा थोरै जनसंख्या वडा नं. ६ मा कुल ३२७ अर्थात् ५.७७ प्रतिशत मात्र रहेको पाइन्छ । यसरी वडागत रूपमा हेर्दा केही असमानता देखिए तापनि खासै ठूलो असमानताचाहिँ देखिदैन । विशेष गरी ३, ४, ५ र ६ मा नेवार समुदायको बसोबास भएको पाइन्छ जुन यस गा.वि.स.को बजार क्षेत्र अर्थात् व्यापारिक क्षेत्र पर्दछ ।

तालिका नं. ३
जातिगत आधारमा खलंगा गा.वि.स.को जनसंख्या विवरण

क्र.सं.	जाति	कूल जनसंख्या	प्रतिशत
१.	मगर	४२६	७.५२
२.	क्षेत्री	१७८८	३१.५७
३.	ब्राह्मण	५३१	९.३७
४.	सार्की	३९६	६.९९
५.	दमाई	१२६	२.२६
६.	सन्यासी	२३	०.४०
७.	कामी	५२९	९.३४
८.	सुनार	४५	०.७९
९.	गुरुङ्ग	२०७	३.६५
१०.	नेवार	१२७२	२२.४२
११.	ठकुरी	२३९	४.२२
१२.	माझी	८	०.१४
१३.	लिम्बू	७	०.१२
१४.	मुस्लिम	५	०.८८
१५.	थारु	१९	०.२२
१६.	अन्य	४२	०.७४
	जम्माः	५६६३	१००.००

स्रोतः जि.वि.स. ।

माथिको तालिका अनुसार सबैभन्दा धेरै खलंगा गा.वि.स.मा क्षेत्रीको जनसंख्या रहेको छ । यस गा.वि.स. को कूल जनसंख्या ४६६३ हो र क्षेत्रीको संख्या कुल

जनसंख्याको ३१.५७ प्रतिशत छ । दोस्रो स्थानमा नेवार रहेका छन् जसको जनसंख्या १२७२ रहेको छ । जुन कूल जनसंख्याको २२.४६ प्रतिशत हुन्छ । यस खलंगा गा.वि.स.मा सबैभन्दा थोरै जनसंख्या मुस्लिमको रहेको पाइन्छ । जसको कुल जनसंख्या केवल ५ मात्र रहेको छ अर्थात् ०.८८ प्रतिशतमात्र रहेको पाइन्छ ।

२.७ भाषा र जातिबीच सम्बन्ध

'नेवार' मूल शब्दले वर्तमान परिप्रेक्ष्यमा काठमाडौं उपत्यकामा प्राचीनकालदेखि पूर्वमध्यकालको समयमा विकसित भोट-बर्मेली परिवारको र प्रचलित बोलीमा 'नेवार' र साहित्यिक औपचारिक रूपमा 'नेपाल भाषा' भनिने भाषा र भाषिका परिवारको बोली बोल्ने काठमाडौं (उसबेला 'नेपाल') का रैथाने भै मूलतः बसोबास गरिआएको यसका तीन नगरी, उपनगरी क्षेत्रमा बौद्ध एवम् हिन्दू दुई मूल धार्मिक विश्वासको प्रवाहमा प्रवाहित, साँस्कृतिक दृष्टिले धेरै धनी र प्रवुद्ध जाति भन्ने बुझाउँछ । यस शब्दको व्यूत्पत्ति देशवाचक शब्द 'नेपाल' बाटै भएको मानिन्छ । 'नीप' नामक जातिवाचक शब्दबाट नेपाल बनेको मानिएकोले नेवारहरू पौराणिककालका नीप जातिकै वंशज हुन् कि भन्ने तर्क पनि दिन सकिन्छ ।

नेवार जातिको उद्गम तथा इतिहास स्पष्ट छैन । तर यस प्रसङ्गमा सबै भन्दा महत्वको विषय हो 'नेवार' जातिको सीमाङ्कन । नेवार नामले अहिलेको परिप्रेक्ष्यमा जति व्यापकता राख्छ, प्राचीन-मध्यकालमा राख्दैनथ्यो । नीप ग्वालाहरूको युगपछि किराँत र त्यसपछि लिच्छविकाल सम्ममा काठमाडौं उपत्यकामा बाहिरबाट खासगरी तराई भेगबाट पटक-पटक गरी थुप्रै जातिसमूहहरू यहाँ आइसकेका थिए । यहाँका आदिवासी नीप आदि समूहको जातिगत, संस्कृतिगत विलय प्रक्रियाको थालनी इशाको थालनीताका नै भैसकेको थियो । प्राकृत, संस्कृत भाषा बोलने दक्षिणी तथा भोट-वर्मेली परिवारका भाषा बोल्ने नेपाल उपत्यका तथा यसको वरिपरि बसोबास गर्ने जातिसमूहहरूमध्ये गैर-संस्कृत भाषा समूहबाट नवौं-दशौं शताब्दी (ई.) तिर प्राकृत-संस्कृत तथा भोट-बर्मेली भाषा परिवारका भाषिकाहरूको सम्मिश्रणबाट नेपाल उपत्यकामा एक नयाँ भाषाको विकास भयो । यस नयाँ भाषाले भोट-वर्मेली परिवारमा नै स्थान पाइआएको छ । यस भाषाले

क्रमशः संस्कृत आदि अन्य भाषालाई क्रमशः ओझेलतिर धकेल्यो । नेपाल उपत्यकाका वासिन्दाले बोल्ने यो भाषालाई 'नेपाल भाषा' को नामले चिनिन्छ भने यस उपत्यकामा बसेर यो भाषा बोल्नेलाई 'नेवार' ।

यस भाषालाई नेपाल भाषा पनि भनिएको छ । नेपालका नेवाल, नेभाल, नेवार आदि पर्यायवाची शब्द पनि प्राचीन साहित्यमा पाइन्छन् । नेवारीमा 'र' तथा 'ल' को उच्चारण स्पष्ट नहुने यी दुई वर्ण परम्परामा एक अर्कोको नेभाल- नेपाल- नेपार आदि प्रयोग भएको कुरा यहाँ उल्लेख्य छ । यसैले 'नेवार' भन्नाले नेपालका (उपत्यका) निवासी भन्न सकिन्छ । यसरी भाषिक व्युत्पत्तिबाहेक नेवार जातिको रक्तसमूहका आधारमा वैज्ञानिक अध्ययन भएको पाइँदैन । अहिले 'नेवार' नामले जति व्यापक जातिसमूहलाई चिनिन्छ त्यो नेपालका अन्य कुनै एक जातिसमूहको बनौटबाट फरक छ, कारण यो विशाल समूहभित्र अनेक पृथक शारीरिक लक्षण र साँस्कृतिक विशेषता भएका जातिहरू छन् ।[घद्ध] एउटै भाषा र वृहद् संस्कृतिक विशेषताले नै विविधतायुक्त समाजलाई 'नेवार' भनेर चिनिएको हो ।

प्यूठानका नेवारहरूलाई खलंगा, विजुवार र कुटिचौरका नेवारहरूले नेवारी भाषा नै बोलीचालीमा प्रयोग गर्दछन् । बाँकी क्षेत्रका नेवारहरूमध्ये प्रायः कसैले मात्र नेवारी भाषा बोल्ने गर्दछन् । नेवारी भाषा बोलीचालीमा भए पनि नेवारी लिपिको बारेमा जानकारी छैन । प्यूठानमा नेवारहरू काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट आएका हुनाले शब्द प्रयोगमा केही केही भिन्नता पाइन्छ । पश्चिम नेपालमा प्यूठानबाहेक अन्य जिल्लाका नेवारहरूले प्रायः नेवारी भाषा बोलीचालीमा प्रयोग गरेको पाइँदैन [घछ]

नेपाल एक बहुजाति र बहुभाषिक देश हो । नेपालको राष्ट्रिय भाषा नेपाली हो । यहाँ बसोबास गर्ने जातिहरू नेपाली भाषालगायत आफ्नै मातृभाषा पनि बोल्दछन् । नेपालमा ७० भन्दा बढी भाषा र यसका कैयौं भाषिकाहरू पनि रहेका छन् । भाषाको आधारबाट पनि प्रष्ट हुन्छ कि नेपाल एकतामा अनेकता र अनेकतामा एकता भएको देश

---

[३४] प्रेमकुमार खत्री, *नेपालका धार्मिक मत र सामाजिक संरचना,* काठमाडौं : २०५८, पृ. १८१- १८२ ।

[३५] निमनारायण नकर्मी, *"प्यूठानको नेवार जाति र यसको संस्कृति : एक परिचय", कालिका युवा क्लव स्मारिका,* वि.सं. २०६३, पृ. २६ ।

हो । यस खलंगा गा.वि.स.मा पनि अनेक भाषा बोल्ने मानिसहरू छन् । यस गा.वि.स.का सम्पूर्ण मानिसहरू राम्रोसँग नेपाली भाषा बोल्न र बुझ्न सक्छन् । तथापि घरपरिवारमा रहँदा आफ्नो मातृभाषा प्रयोग गर्नेको संख्या पनि यस गा.वि.स.मा रहेको छ । यस गा.वि.स. मा बोलिने भाषा विवरण यस प्रकार छ :

तालिका नं. ४
खलंगा गा.वि.स.को भाषिक तालिका विवरण

क्र.सं.	मातृभाषा	संख्या	प्रतिशत
१.	नेपाली	४८०३	८४.८१
२.	नेवारी	७५०	१३.२४
३.	मगर	६०	१.५
४.	हिन्दी	३०	०.५२
५.	अन्य	२०	०.३५

स्रोत: स्थलगत अध्ययन, २०६४ चैत्र २० ।

खलंगा गा.वि.स. मा बसोबास गर्ने विभिन्न जातिहरू भए तापनि विशेष गरी बजार क्षेत्रमा नेवार समुदायको बाहुल्यता रहेको छ । यो बजार क्षेत्र भएको कारणले र एक देशबाट अर्को देशमा व्यापारको सिलसिलामा आउने-जाने क्रम पहिलेदेखि चलेकोले गर्दा यहाँ केही संख्यामा मधेशी (तराईबासी) को पनि बसोबास भएको पाइन्छ । मधेशीले आफ्नो घरपरिवारमा मातृभाषा बोले तापनि अन्य जातिसँग नेपाली नै बोल्ने गर्दछन् । यस गा.वि.स. मा नेपाली भाषा बोल्ने ४८०३ संख्या अथवा ८४.८१ प्रतिशत रहेको छ । खलंगा गा.वि.स. मा १२७२ कूल संख्या रहेको छ । यी मध्ये ७५० अर्थात् १३.१४ प्रतिशतले मातृभाषा बोल्ने गर्दछन् । सामान्यतया आफ्नो परिवारमा मातृभाषा नेवारी भाषा बोले तापनि अन्य जातिसँग नेपाली भाषा नै बोलेको पाइन्छ । यस गा.वि.स.मा मगरको पनि बसोबास भएको पाइन्छ । यी जातिले पनि आफ्नो परिवारमा मगर भाषा बोले तापनि अन्य जातिसँग राष्ट्रभाषा नै बोलेको पाइन्छ ।[घट]

२.८ शैक्षिक अवस्था

शिक्षा मानव जीवनमा अति आवश्यक तत्व मानिन्छ । यदि शिक्षा भएन भने उसको जीवन पशुसरह हुन्छ । जस्तो पशुले कुनै पनि अक्षरलगायत केही पनि राम्रो नराम्रो देख्न र छुट्याउन सक्दैन ।

सामान्यतया प्यूठान जिल्लामा सामान्य तथा व्यवसायिक मूलक शिक्षा दिइन्थ्यो । विभिन्न शीपमूलक तालिम कार्यशालाहरू दिइन्थ्यो भने भाँडावर्तन, हात-हतियार, वस्त्र गाउँ-गाउँमा तयार गर्थे । खस, पर्वते, गोरखा तथा नेपाली भाषाको रूपमा परिवर्तित यहाँको भाषामा अद्यापि झर्रा शब्दहरू देखिन्छन् । संस्कृत तथा हिन्दी भाषाको संमिश्रण भएका तामापत्र, गुठीपत्र र रजबन्धकपत्रहरू उपलब्ध हुँदा दक्षिणपट्टिको प्रभाव देखा पर्दछ । राजाज्ञा तथा धर्मपत्रहरू लामो समयसम्म कार्यान्वयन होउन् तथा विध्नवाधाहरू नपरुन भनी- "हिन्दू हरे गौ खावे, मुसलवान हरे सुंगुर खावे .."[घठ] भन्ने उल्लेख गरिएको छ । यी सन्दर्भहरूले धर्म र धर्माधिकारीहरूको विशेष प्रतिष्ठा कायम गरेको देखिन्छ । धर्मगुरु र राजगुरुले राजोचित ढङ्गले शिक्षादीक्षा प्रदान गर्दथे । मुस्लिम आक्रमणपश्चात् भाषा, साहित्य एवं कलात्मक क्षेत्रमा भारतीय प्रभाव परेको हुँदा यहाँ पनि भाषामा हिन्दीको प्रभाव थियो । प्यूठानका राजा तथा प्रजा व्यापार तथा धार्मिक उद्देश्यले भारतीय भू-भागमा पुगदथे । एकपटक पृथ्वीनारायण शाहसँग प्यूठानी राजाको भेट काशीमा भएको सन्दर्भ यस क्रममा उल्लेखनीय छ ।[घड] शिक्षादीक्षामा विशेष प्रभाव रहेको ज्योतिषी-जोइसी, जैसीको अस्तित्व देखा परेको छ । राजपरिवारका सदस्यहरूलाई जैसीले नै पठन पाठन गराउँथे । खसान प्रदेशका पृथ्वी मल्ललाई गोल्छु जोइसीले अक्षर पढाएका थिए । प्यूठानका ताम्रपत्र तथा रजवन्धक पत्रमा क्रमशः निलकंठ जैसी र लिषक स्याम जैसी भएको[घढ] हुँदा जैसीहरूको दायित्व अन्यत्रभन्दै प्यूठान राज्यमा पनि विद्यमान रहेको देखिन्छ । देवनागरी लिपिमा हिन्दी, संस्कृत र पर्वते भाषा मिश्रित गरी लेखेका ताम्रपत्र, भुर्जपत्र, ताडपत्र, कलम, मसी आदिले यहाँको शैक्षिक स्तर निर्धारण गर्दछ । वि.सं.

---

[३६] स्थलगत अध्ययन, २०६४ ।

[३७] जीतु गिरी, *प्यूठान राज्यको इतिहास,* विशाल पुस्तक सदन, वि.सं. २०५२, पृ. ५६-५७ ।

[३८] *ऐजन* ।

१८०४ देखि वि.सं. १९०५ सम्म रेसुंगामा ब्रमज्ञानी शशीधरले गुरुकुल सञ्चालन गरेको हुँदा[३९] प्यूठानबाट यहाँ आई विद्यार्जन गरेका थिए । रेसुंगा मठबाट दीक्षित भई भारतको वनारसमा पनि विद्योपार्जन निमित्त प्यूठानीहरू जाने गर्दथे ।

२००७ को परिवर्तनपछि मुलुकमा अन्य मागमा जस्तै प्यूठान खलंगा गा.वि.स.मा पनि शैक्षिक अवस्था निकै राम्रो भएको पाइन्छ । जिल्लाकै सदरमुकाम भएको कारणले गर्दा पनि यहाँ शैक्षिक अवस्था उचित व्यवस्थाको हुनु स्वभाविकै छ । आर्थिक अवस्था र शैक्षिक अवस्था निकै राम्रो देखिन्छ । बजार क्षेत्रका वडाहरू निकै नजिक-नजिक भएको कारणले वडागत रूपमा विद्यालय भएको देखिदैन तर पनि केही टाढाका वडाहरूमा केही प्राथमिक विद्यालय भएको पाइन्छ । जिल्लाकै पुरानो अर्थात् वि.सं. २०१४ सालमा स्थापित श्री महेन्द्र नमुना उच्च माध्यमिक विद्यालय भएको पाइन्छ । यहाँ विभिन्न गाउँ क्षेत्रबाट उच्चशिक्षा प्राप्त गर्न यहाँ आउने गरेको पाइयो जसको शैक्षिक तालिका अध्याय चारमा दिइएको छ ।

२.९ स्वास्थ्य

प्यूठान खलंगा गा.वि.स. मा स्वास्थ्यसम्बन्धी सम्पूर्ण वडामा बसोबास गर्ने समुदायहरू सचेत नै भएको पाइन्छ । बजार क्षेत्रमा वा अध्ययन क्षेत्रमा विशेष गरी नेवार समुदायमा खान, लगाउन पुग्ने स्थिति देखा परेको कारणले गर्दा पनि कुपोषण जस्तो समस्या छैन । खाने पानीको पनि उचित व्यवस्था नै भएको पाइन्छ । यस गा.वि.स.मा हेल्थपोष्ट पनि रहेकाले यस क्षेत्रमा सामान्य स्वास्थ्य सेवाको त्यति समस्या देखिँदैन । केही परिवारहरू विभिन्न जडीबुटीहरूबाट औषधि निर्माण कार्यमा संलग्न रहेका छन् । यहाँ वा यस गा.वि.स. मा आयुर्वेदी पसलहरू पनि रहेको पाइन्छ । यहाँ ७-८ वटा जति प्राइभेट क्लिनिक पनि रहेको पाइन्छ ।

यहाँ बसोबास गर्ने नेवार समुदायवाहेक अन्य समुदायमा विरामी पर्दा विभिन्न दूर्गम क्षेत्रमा गरिने धामि झाँक्रीजस्ता कार्यहरू यस क्षेत्रमा गरेको पाइएन । प्रायः गरी

---

[३९] *ऐजन ।*

[४०] गितु गिरी, *पूर्ववत्,* पृ. ५६-५७ ।

वैज्ञानिक उपचार गरेको पाइन्छ । जिल्लाको सबैभन्दा ठूलो सरकारी अस्पताल विजुवार बजारमा भएको र त्यहाँ सामान्य रोग लागेको विरामीहरूलाई लैजाने र त्यहाँ निको नभएमा बुटवल, पाल्पा, काठमाडौं, नेपालगञ्जलगायतका विभिन्न शहरमा लैजाने गरेको पाइन्छ । विशेषत: यहाँ विशेषज्ञ डाक्टरहरूको अभाव पनि देखिन्छ ।

यहाँ बसोबास गर्ने समुदायमा विभिन्न सरुवा रोगहरूको बारेमा पनि सचेत भएको पाइयो । एड्स जस्ता प्राणघातक रोगहरूको बारेमा पनि यहाँका समुदायलाई जानकारी भएको पाइयो । यहाँ स्थलगत अध्ययन गर्दा जनसंख्या वृद्धिदर लगायत परिवार नियोजनको विषयमा पनि ज्ञान भएको पाइयो । यहाँका अधिकांश व्यक्तिहरूले परिवार नियोजन पनि गरेको पाइयो ।

यहाँ स्थलगत अध्ययन र सामुहिक र व्यक्तिगत छलफलमा समग्र रूपमा स्वास्थ्य सम्बन्धी जानकारी सबैलाई नै भएको र व्यक्तिहरू पनि स्वास्थ्य नै रहेको पाइयो ।[४१]

२.१० आर्थिक अवस्था

नेवार समुदायमा र अन्य समुदायमा तुलना गर्दा प्राचीन समयदेखि नै नेवार समुदाय नै आर्थिक अवस्थामा निकै अगाडि देखिन्छ । नेवार समुदायलाई हेर्दा जुनसुकै जिल्ला वा नेपालका ७५ वटै जिल्लामा हेर्दा विशेष गरी सदरमुकाममा यी समुदायको बसोबास भएको र यी समुदाय अन्य समुदायको तुलनामा शैक्षिक, धार्मिक, आर्थिक, सामाजिक हरेक क्षेत्रमा अगाडि नै देखिन्छन् । तर यी जाति राजनीति क्षेत्रमा भने अन्य जातिको तुलनामा केही कम नै देखिन्छन् ।

नेवार समुदाय व्यापारिक, प्रशासनिक, आर्थिकलगायत कृषिमा पनि निकै उच्च स्थानमा रहेको पाइन्छ । नेवार समुदायमा नेपाल आर्मीलगायत भारत र तेस्रो मुलुकमा समेत गएर थर फेरी भर्ति भएको पनि पाइन्छ । नेपालमा आर्मीमा भर्ना हुँदा जात बदल्न पर्दैनथ्यो तर भारतमा र तेस्रो मुलुकमा आर्मीमा भर्ति हुँदा नेवारलाई नलिने भएकोले जात लुकाएर भर्ती भएको प्रमाण पनि पाइन्छ ।

[४१] स्थलगत अध्ययन, २०६४ चैत्र २१ ।

गोपाल सिंह नेपालीको त्जभ ल्भधबचक भन्ने पुस्तकमा नेवारहरू आर्थिक र व्यापारी प्राचीन समयदेखि भएको र तल्लो वर्गका ज्यापूहरू विशेष गरी खेतीपातीमा लागेको वा कृषि पेशामा नै आवद्ध भएको कुरा बताउनु भएको छ । ती ज्यापूलाई किसान र किसानी पनि भनिन्छ भनेर भन्नु भएको छ । नेवार समुदायमा खेतीयोग्य जमिन पनि प्रशस्त भएको पाइन्छ । जसलाई खेत र बारी भनिन्छ । यी खेतीयोग्य जमिन आफ्नै स्वामित्वमा भएको पाइन्छ ।

जमिनलाई रैकर, वीर्ता र गुठी गरी तीन भागमा बाँडेको पाइन्छ । नेवार समुदायमा गुठी पनि तीन प्रकारका भएको पाइन्छ । सिगुठी, सनागुठी र देवालीगुठी वा द्यःगुठी । यिनै तीन गुठीको विषयमा रहेर नेवार समुदायको हरेक जन्मदेखि मृत्युसम्मको संस्कार सम्पन्न हुने र यिनै गुठीको मातहतमा रहेर काम गर्नु पर्ने प्रचलन रहेको पाइन्छ । चाडपर्व पनि यी गुठीको नियमअनुसार मानेको पाइन्छ । जमिनको हकमा विर्ता र गुठीको कर सरकारलाई तिर्नुपर्दैन ।

प्यूठान जिल्ला खलंगा गा.वि.स.मा बसोबास गर्ने नेवार समुदाय आर्थिक दृष्टिले अन्य समुदायको तुलनामा निकै उच्च भएको पाइयो । आर्थिक अवस्था निकै मजवुत भएको कारणले गर्दा नै यहाँका नेवार समुदायको घरको वनावट खानपान र लवाई खवाइले आर्थिकमा निकै राम्रो देखिन्छ । यहाँ विशेष गरी व्यापार व्यवसाय गर्ने पेशा भए तापनि विभिन्न प्रशासन क्षेत्रमा नेवारहरूको वाहुल्यता भएको पाइन्छ । शैक्षिक क्षेत्रतिर पनि राम्रो दख्खल देखिन्छ । यहाँका नेवार समुदायमा खेतीयोग्य जमिन भएको पाइन्छ । जहाँ खेती पाती कसैले आफै लगाउँछन् भने कोहीले अरुलाई लगाउन दिन्छन् । यहाँका नेवार समुदायले हरेक क्षेत्रमा वा हरेक काममा आवद्ध भएको कारणले आर्थिक रुपमा कुनै समस्या नभएको देखिन्छ । यस क्षेत्रमा स-साना खुद्रा पसलदेखि लिएर ठूला-ठूला पसलहरू पनि भएको पाइन्छ । यस क्षेत्रमा ज्याला मजदुरीभन्दा पनि नोकरी, व्यापार, कृषिमा आवद्ध भएको पाइन्छ । हाल महिलाहरूले धूप बनाउने, साबुन बनाउने पेशामा आफ्नो दिनहरू विताएको पाइन्छ । प्रत्येक टोलमा प्रत्येक वडामा महिला समूह खोलेको छ । विभिन्न तालिम पनि यो समूहले प्रदान गर्दै आएको पाइन्छ । सावुन र धूप बनाउने कार्य लघु उद्यमी संस्थाबाट संचालन भएको पाइन्छ ।

यस प्रकारले खलंगा गा.वि.स.मा नेवार समुदायको आर्थिक अवस्था निकै माथि देखिन्छ ।

साराशंमा यस अध्यायमा प्यूठान जिल्लाको भौगोलिक परिचय, नेवार समुदायको सामाजिक अवस्था, भाषा, स्वास्थ्य र आर्थिक अवस्थाको बारेमा प्रकाश पारिएको छ । जसअन्तर्गत यहाँ भएको ताप्रकम तथा हावापानी, धरातलीय स्वरुप, सीमाना, नदीनालाहरु, वनस्पति, पशुपंक्षी आदिको बारेमा प्रस्तुत गरिएको छ । त्यस्तैगरी यहाँ बसोवास गर्ने विभिन्न जाति तथा तिनीहरुले बोल्ने भाषा, शैक्षिक अवस्था, स्वास्थ्य, आर्थिक अवस्था आदिको बारेमा पनि छोटकरीमा वर्णन गरिएको छ ।

अध्याय तीन

खलंगाको नेवारहरूको ऐतिहासिकता

३.१ नेवार जातिको परिचय

नेपालको मेचीदेखि महाकालीसम्म फैलिएर रहेको नेवार जातिको उपत्यकामा मुख्य बसोबास रहेको छ । काठमाडौँ उपत्यकालाई यस जातको मुख्य थलो मानिन्छ । काठमाडौँ उपत्यकाबाहेक देशका मुख्य–मुख्य ठाउँहरू खासरी सदरमुकामहरू र अन्य व्यापारिक केन्द्रहरूमा रहेको यो जातिको समय समयमा अध्ययन अनुसन्धान भएको पाइन्छ । काठमाडौँ उपत्यकामा यो जातिको बारेमा धेरै अध्ययन भए पनि उपत्यका बाहिर बसोवास गर्ने यस जातिको उल्लेख्य रूपमा अनुसन्धान भएको पाइँदैन । खासगरी काठमाडौँ उपत्यकामा मात्रै मुख्य थलो भएकाले यस जातिको उत्पत्ति सम्बन्धमा यस क्षेत्रमा नै अध्ययन र अनुसन्धान गर्नु आवश्यक छ । यस बारेमा काठमाडौँ उपत्यकामा विभिन्न समयमा विभिन्न विद्वान्हरूले नेवारको उत्पत्तिको विषयमा अध्ययन गरेका छन् ।

यस जातिको नाम नेवार कसरी रहन गयो भन्ने सम्बन्धमा विभिन्न विद्वान्हरूले विभिन्न तरिकाबाट व्याख्या गरेको पाइन्छ । गोपालसिंह नेपालीले नेवारहरूको सांस्कृतिक सम्बन्धमा पश्चिम भारतको मालवारमा बस्ने नायर जातिसँग मिल्दोजुल्दो भएको र त्यस क्षेत्रको वास्तुकलासँग काठमाडौँ उपत्यकाको वास्तुकला पनि मिल्ने हुँदा यस जातिको सम्बन्ध नायरहरूसँग रहेको हुनसक्ने कुरा बताएका छन् । उनले खासगरी सांस्कृतिक सम्बन्ध देखाउने प्रयास गरेका छन् ।[४२]

जनकलाल शर्माको विचारमा काठमाडौँ उपत्यकामा विभिन्न समयमा आउने विभिन्न जातिहरूको समिश्रणबाट एउटा मिश्रित जातिको निर्माण भयो त्यही जाति नै नेवार हो । किराँतकालदेखि पृथ्वीनारायण शाहको पालासम्म शासन गर्ने कुनै पनि जातिको छुट्टै पहिचान गर्ने अवस्था नै नरहेकोले यो छुट्टै जात हुन् सक्ने बताएका छन् ।[४३] त्यसैगरी मानवशास्त्री डोरबहादुर विष्टले प्राचीन समयमा उपत्यकामा नेवार जाति

---

[४२] Gopal Singh Nepali, *The Newar,* Bombay: United Asia Publishing, 1964, p. 34.

[४३] जनकलाल शर्मा, *हाम्रो समाज एक अध्ययन,* साझा प्रकाशन, वि.सं. २०५८, पृ. २५६–२९८ ।

बसोवास गर्दथे र त्यसै जातिको नामबाट उपत्यकाको नाम नेपाल रहन गयो तथा त्यही नेपाल शब्दबाट नेवार रहन गएको हो भनेर उल्लेख गरेका छन् ।[४४]

बाबुराम आचार्यका विचारमा सत्रौँ शताब्दीमा केही नेवारहरू गोरखामा बसाईं सरी गएका थिए । यिनीहरूले आफ्नो बोलीलाई विल्कुलै भूलेर पर्वते बोलीलाई नै पूर्णरूपमा आफ्नो मातृभाषा बनाई सकेको देखिन्छ । ई.सं. १७१९ देखि १८०५ को बीचमा केही नेवारहरू काठमाडौं उपत्यकाबाट भगाइएका वा निकालिएका पनि थिए । यिनका सन्ततिहरू पोखरा, पाल्पा, धनकुटा र डोटी आदि मुख्य बजारमा बसिरहेका पाइन्छन् । यिनीहरूले आफ्नो बोली भुलिसकेका छन् र भूल्ने क्रममा छन् ।[४५]

मानवशास्त्री तथा समाजशास्त्री भोजेन्द्र अर्याल नेवारहरूको परिभाषा दिंदै भन्नुहुन्छ– नेवारहरूले तिब्बती-वर्मेली रिवारअन्तर्गतको भाषा बोल्छन् । काठमाडौं उपत्यकालाई विशेष थलो बनाएका नेवारहरूको शरीर मंगोलियन कदको देखिन्छ । नेवारहरू उपत्यकाको उब्जाउ एवं मलिलो भूमिमा खेतीपाती गरी आफ्नो दैनिक जीविका निर्वाह गर्दछन् । यहाँका खोलानाला एवं नदीहरूसँग नेवारहरूको लौकिक, धार्मिक, परम्परागत विश्वास आदिका विभिन्न कथाहरू जोडिएका छन् । समुद्र सतहबाट ४३८८ फिट उचाईमा अवस्थित यस उपत्यकामा बाग्मती, विष्णुमती, हनुमन्ते र मनोहरा खोलाहरू बग्दछन् । यहाँका सबै खोलाहरू अन्तमा बाग्मतीमा मिसिएर चन्द्रागिरीको फेदबाट नेपाल तराईको भू-भाग हुँदै भारतीय भूमिमा पस्दछन् । चारैतिर डाँडा-काँडाले घेरिएको उपत्यकामा खेतीपाती राम्रो उब्जाउ भए पनि फलफूल एवं खसी, बोका र राँगाहरू भने बाहिरबाट आयात हुन्छ । मार्चदेखि सेप्टेम्वरसम्म यहाँको तापक्रम तातो हुन्छ भने सेप्टेम्वरदेखि मार्चसम्म यहाँको वातावरणमा चिसोपना आउँछ । यहाँ वार्षिक वर्षा १४१.२ मिलिलिटर (अधिकतम) र कम वर्षा भने १९.९ मिलिलिटर हुन्छ । यो उपत्यका हाल हवाई एवं सडकमार्गबाट नेपालका विभिन्न क्षेत्रलगायत भारतसँग पनि जोडिएको छ । तिब्बततर्फ भौगोलिक जटिलताले गर्दा सडकमार्ग ज्यादै कठिन रहेको छ ।

---

[४४] Dor Bahadur Bista, *People of Nepal*, Kathmandu: Ratna Pustak Bhandar, 1961.

[४५] बाबुराम आचार्य, *नेपालको सांस्कृतिक परिचय,* काठमाडौं : प्रिन्टिङ्ग प्रेस, वि.सं. २०५४ ।

काठमाडौं उपत्यकासँग विभिन्न ऐतिहासिक कुराहरू एवं किंबदन्ती जोडिएका छन् । उपत्यकाको प्रमुख बासिन्दा नेवार भएकोले देशको नाम नेपाल रहन गएको भन्ने भनाई छ । पहिलेको समयमा 'नेपाल' भन्नाले उपत्यकालाई मात्र बुझिन्थ्यो तर पछि नेपाल भन्ने शब्दको अर्थमा विस्तार भएको पाइन्छ । वास्तवमा काठमाडौं उपत्यकाको इतिहास प्राचीन छ । उपत्यकाको १० औं शताब्दिअघिको इतिहास नभेटिए तापनि १० औँ शताब्दिपछिका भने विभिन्न ऐतिहासिक प्रमाणहरू भेटिएका छन् । कौटिल्यको समय (३२१- २९९ ई. पू..) मा उनले आफ्नो अर्थशास्त्रमा नेपाललाई विशेष किसिमका राडी-पाखी उत्पादन गर्ने क्षेत्रका रूपमा चर्चा गरेका छन् । मञ्जुश्री चीनबाट नेपाल आई दहको रूपमा रहेको उपत्यकाको पानीलाई चोभारबाट पठाइएको हो भन्ने अनुश्रुतिका कुरा पनि हाम्रो सामु इतिहास जस्तै भएको छ ।

नेवारलाई आफ्नै जातीय पहिचान भएको जनजाति समूह मानिन्छ । नेवारहरूको समुदाय, परम्परा, भाषा, सामाजिक क्रियाकलापमा एक रूपता पाइन्छ भने फरक भावनात्मक सम्बन्ध रहेको पाइन्छ । गोर्खाली (पर्वतेले नेवारलाई विभिन्न माध्यमबाट जिस्काउने गर्दछन् किनकि यी दुईका बीचमा साँस्कृतिक, सामाजिक एवं वैचारिक मतभेद रहेको पाइन्छ । पर्वतेहरुले नेवारलाई यस प्रकारका उखान टुक्का प्रयोग गरेर जिस्काउने गर्दछन्–

बावु दुष्ट नेवार इष्ट कहिल्यै पनि हुँदैन ।

ए नेवार पाटे, बाबुलाई दोबाटोमा काटे

राँगाको टाउको खाएको हुनाले यिनीहरूको स्वर लरबराएको आदि ।

नेवार समुदायका महिला वा आइमाईहरू आर्थिक रूपले सबल र स्वतन्त्र रहेका छन् । नेवारहरू प्रशासनिक सेवामा भन्दा औद्योगिक एवं कालीगढी व्यवसायतिर लम्केको पाइन्छ । सुरुमा काठमाडौं उपत्यकामा सीमित नेवार पछि अधिराज्यको विभिन्न स्थानमा छरिएर रहेको पाइन्छ । सन् १९५२-५४ को जनगणनाअनुसार नेपाल अधिराज्यमा नेवारहरूको कूल संख्या ३,८३,१८४ रहेको थियो । उक्त जनसंख्याको ५५% भने

उपत्यकामा निवास गरेको पाइन्छ । उपत्यकाबाहिर सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, धनकुटा, दोलखा, भोजपुरलगायत विभिन्न क्षेत्रमा नेवारहरू छरिएर रहेको पाइन्छ ।[४६]

त्यस्तै प्यूठान कालिका युवा क्लबबाट निकालिएको स्मारिकामा मिननारायण नकर्मीले नेवार समुदायको परिचय र ऐतिहासिकता यसरी उल्लेख गरेका छन्–

मानव सभ्यताको पहिचान भनेकै त्यसको भेषभूषा, भाषा, कला, संस्कृति हो ।[४७] जुन जातिको छुट्टै भाषा तथा संस्कृति छ इतिहासमा त्यसको पहिचान अलग्गै भएको पाइएको छ । भाषा, संस्कृति र कलाको पहिचान हुन नसकेका जातिको इतिहास पनि कमजोर नै पाइएको छ । संसारका बहुसंख्यक राष्ट्रहरू कि त राज्यसत्ता प्राप्तिको लागि भएका लडाईंको इतिहासबाट भरिएका छन्, या त देशको विविध संस्कृतिबाट । जुन देश संस्कृतिको धनी छ त्यस देशलाई संसारले नै इज्जतका साथ हेर्ने गर्दछ । कुनै जाति या समुदाय विशेषको संस्कृति, भाषा, भेषभूषाले त्यो वर्गको छुट्टै पहिचान गराउने भए तापनि त्यो संस्कृति त्यस वर्गको मात्र नीजि सम्पत्ति नभएर सम्पूर्ण राष्ट्रकै साझा सम्पत्ति हुन आउँछ । यस प्रकार मुलुकमा विद्यमान सम्पूर्ण जातजाति, भाषाभाषीहरूको समुच्च संस्कृति नै राष्ट्रको साझा सम्पत्ति हो । त्यस कारण हरेकले एक अर्काको संस्कृतिलाई सम्मान र इज्जतका साथ हेर्नु आवश्यक छ ।

विभिन्न समुदायमध्ये नेवार समुदाय पनि नेपालको एक प्रमुख जातिमध्ये पर्दछ । भेषभूषा, भाषा, कला, संस्कृतिको दृष्टिले मूल्याङ्कन गर्ने हो भने विविध संस्कृतिको अत्यन्त धनी जातको रूपमा नेवारलाई नै पाउँदछौं । नेवारी भाषाको आफ्नै छुट्टै लिपिको कारणबाट पनि यो जाति प्रख्यात भएको छ । नेवारी लिपिको कारण संयुक्त राष्ट्रसंघले नेपाललाई मान्यता दिएको कुरा नेवार समुदायकै लागि एउटा गौरवको कुरा हो ।

२०५८ सालको जनगणनाको तथ्याङ्क अनुसार नेपालमा नेवारको जनसंख्या जम्मा १२,४५,२३२ रहेको छ जसमध्ये पुरुष ६,२०,२१३ र महिला ६,२५,०१९ रहेका छन् । यस प्रकार कूल जनसंख्याको ५.९०५ प्रतिशत नेवार रहेका छन् । संख्यामा कम भएता पनि

---

[४६] भोजेन्द्र अर्याल, *नेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौं: ज्ञानकुञ्ज प्रकाशन, वि.सं. २०६०, पृ. १३-१४ ।

[४७] जि.के. अग्रवाल, *समाजशास्त्र* , आगरा : साहित्य भवन, ई.सं. १९८३, पृ. २८७ ।

अधिराज्यको सबैजसो जिल्लामा नेवारहरूको उपस्थिति प्रायः रहेको छ । अन्य जिल्लासरह प्यूठान जिल्लामा पनि नेवारको उपस्थिति उल्लेख्य रूपमा रहेको छ । प्यूठानमा नेवारको जनसंख्या जम्मा ३९०५ रहेको छ, जसमा पुरुष १८३९ र महिला २०६६ रहेको छ । प्रतिशतमा हेर्ने हो भने यो संख्या कुल जनसंख्याको १.८५ प्रतिशत पर्न आउछ । प्यूठानमा ४९ गा.वि.स. मध्ये २५ गा.वि.स. मा नेवारको बसोवास रहेको छ । संख्यात्मक रूपमा सबभन्दा बढी (१२७२ जना) नेवार खलंगा गा.वि.स. मा रहेका छन् भने बढी संख्यामा रहेको अन्य गा.वि.स.हरूमा तोवाङ (४३३ जना), धरमपानी (४४१ जना), विजुवार (४११ जना), भिग्री (३२० जना) रहेका छन् । जातिगत हिसाबबाट हेर्ने हो भने जिल्लामा क्षेत्री, ब्राह्मण, मगर, कामी, दमाई/ढोली, सार्की, सन्यासी, सुनारपछि नवौं ठूलो जातिमा नेवार पर्दछ । नेवार मध्ये नै नेवारी भाषा बोल्नेको संख्या २१४४ रहेको छ जसमा पुरुष १०४५ र महिला १०९९ छन् । जिल्लामा नेवारहरूको संख्या न्यून रहेता पनि छुट्टै भाषा, भेषभूष र अलग प्रकारको पहिचान छ । नेवार समुदाय वसोवास गरेको क्षेत्रमा प्रवेश गर्नासाथ जो कसैले पनि नेवारहरूलाई सजिलै पहिचान गर्न सक्छन् ।

अध्ययन क्षेत्र प्यूठानमा नेवार समुदाय बढी संख्यामा भक्तपुरबाट र त्यसपछि काठमाण्डौ र बनेपाबाट आएको पाइन्छ । प्यूठानमा नेवारहरू के प्रसँगमा आए भनी तथ्यहरू केलाउँदा केही अस्पष्ट तथ्यहरू हाम्रा सामु देखापरेका छन् । वि.सं. १८४३ कार्तिक १९ गते दामोदर पाण्डेको नेतृत्वमा आएको नेपाली फौजले प्यूठानमा विजय प्राप्त गरेपछि खलंगालाई सामरिक केन्द्रको रूपमा विकसित गरी हातहतियार उत्पादन गरी पश्चिम नेपालको विजय सुनिश्चित गर्न रामकृष्ण कुँवरलाई म्यागजिन प्रमुख बनाइएको थियो । हाल काठमाण्डौमा रहेको गुरुजुको पल्टनले प्रयोग गर्ने हतियार प्यूठानमा निर्माण भएको हो । तत्कालीन अवस्थामा म्यागजिनमा हतियार निर्माण गर्न काठमाण्डौ उपत्यकाबाट कारिगरको रूपमा नेवारहरूको पहिलो प्रवेश प्यूठानमा भएको भन्ने अनुमान छ । त्यसैगरी कतिपय नेवारहरू यहाँ सैनिक अधिकृतहरूको साथ आएका भन्ने भनाई पनि छ । कतिपय नेवारहरू व्यापार गर्ने सिलसिलामा आएको पनि पाइएको छ । कति कर्मचारीको रूपमा आई यहीँ स्थायी बसोवास गरेको पनि पाइएको छ । त्यस्तै गरेर त्यस अवस्थामा यहाँ संचालन भएको वैद्यखानाको संचालनका लागि नेवारहरू

आएको देखिन्छ । तत्कालिन शासकहरूद्वारा भगाइएका राणाहरूको साथ लगाएर आई प्यूठानमा बसोवास गरेको पनि देखिन्छ । वि.सं. १८८२ मा काल्चालाई भीमसेनको पूजारी नियुक्त गरिएको पनि पाइएको छ । यस प्रकार विभिन्न अवसर र प्रसँगवस नेवारहरू काठमाडौँ उपत्यकाबाट प्यूठान प्रवेश गरी स्थायी बसोवासको शुरुवात गरेको पाइन्छ । खलंगालाई हातहतियार निर्माणस्थलको रूपमा प्रयोग गर्नुभन्दा पहिला खलंगामा स्थायी बसोवास नरहेको अनुमान छ । वि.सं. १८९६।९७ तिर खलंगामा स्थायी घर बनाई बस्नु भन्ने अनुमति तत्कालीन राजा श्री ५ सुरेन्द्रवीरविक्रम शाहबाट लालमोहर प्राप्त भएपछि नै खलंगामा नेवारहरूले स्थायी बसोवास गरी बस्न शुरुवात गरेको अनुमान गरिएको छ । नेवारहरूको वस्ती बस्ने क्रममा नेवारहरू पहिला खलंगामा वसोवास गरे या विजुवारमा भन्ने ठोस तथ्यहरू फेला परेका छैनन् ।

३.२ नेपालमा नेवारहरूको जनसंख्या विवरण

वि.सं २०५८ सालको जनगणना प्रतिवेदन अनुसार नेपाल अधिराज्यमा नेवार जातिको जनसंख्या १२४५२३२ रहेको छ । नेवारहरू देशको सबै ७५ वटै जिल्लामा फैलिएका छन् । पूर्वी पहाडी र पश्चिमी पहाडी जिल्लामा कम र तराई र काठमाण्डौं उपत्यका क्षेत्रमा बढी मात्रामा फैलिएको छ ।

तालिका नं. ५

नेपालमा नेवारहरूको जनसंख्याको विवरण

पूर्वाञ्चल विकास क्षेत्र	नेवारको संख्या	मध्यमाञ्चल विकास क्षेत्र	नेवारको संख्या	पश्चिमाञ्चल विकास क्षेत्र	नेवारको संख्या	मध्य पश्चिमाञ्चल विकास क्षेत्र	नेवारको संख्या	सुदुर पश्चिमाञ्चल विकास क्षेत्र	नेवारको संख्या
ताप्लेजुङ	२२४२	धनुषा	१२१७७	गोरखा	२३३७५	प्यूठान	३९०५	वाजुरा	५५
पाँचथर	३११३	महोत्तरी	५५८०	लम्जुङ	६७३९	रोल्पा	४७७	बझाङ	४८६
इलाम	१०८५०	सर्लाही	७७७५	तनहुँ	२५१४५	रुकुम	५३१	अछाम	२७७
झापा	२१२०५	सिन्धुली	१८१४६	स्याङजा	१०५५९	सल्यान	१४६६	डोटी	१३९१
मोरङ	३४०१३	रामेछाप	२९९१३	कास्की	२०११७	दाङ	४०९४	कैलाली	२७५९
सुनसरी	२७६८६	दोलखा	१५८३७	मनाङ	१४५	बाँके	५१७१	कञ्चनपुर	१२९२
धनकुटा	७७४०	सिन्धुपाल्चोक	३३९२४	मुस्ताङ	१९६	वर्दिया	२४४६	डडेलधुरा	४००
तेह्रथुम	३१२७	काभ्रे	५०२६३	पर्वत	३३७०	सुर्खेत	१६४१	वैतडी	२४९
संखुवासभा	८०५५	ललितपुर	१३६२००	म्याग्दी	१५५६	दैलेख	८७३	दार्चुला	१७९
भोजपुर	१६८१९	भक्तपुर	१२५९६२	वाग्लुङ	३९३२	जाजरकोट	३२९		
सोलुखुम्बु	२६३२	काठमाडौँ	३२०२४४	गुल्मी	३४५१	डोल्पा	१४८		
ओखलढुङ्गा	१००४७	नुवाकोट	२१९२७	पाल्पा	९७०६	जुम्ला	२२८		
खोटाङ	१२३७०	रसुवा	१२५१	नवलपरासी	११४०१	कालीकोट	२७		
उदयपुर	९४९१	धादिङ	३२४९९	रूपन्देही	१५७६७	मुगु	४३		
सप्तरी	१२३०३	मकवानपुर	२६७६४	कपिलवस्तु	२७२१	हुम्ला	१४		
सिराहा	७५५९	रौटहट	२३०१	अर्घाखाँची	६०७०				
		वारा	२३००						
		पर्सा	१०८३१						
		चितवन	२५६२७						
जम्मा	१८९३५२		८८२४५१		१४५२५०		२१३९०		६७९०

काठमाडौँ उपत्यका मूलथलो मानिएको नेवार समुदायको बसोवास उपत्यका बाहिरका क्षेत्रमा मेचीदेखि महाकालीसम्म नै फैलिएको पाइन्छ । व्यापार, व्यवासयका साथै अन्य कारणले उपत्यकाबाहिर लागेको यस जातिको वासेवासको स्थिति पश्चिमी नेपालदेखि उत्तरतिरको क्षेत्रमा खासगरी काभ्रेपलाञ्चोक, दोलखा आदि क्षेत्रमा वसोवास बढिरहेको पाइन्छ । काठमाडौँ उपत्यकाको साथसाथै काठमाडौँ उपत्यकाका वरिपरिका जिल्लाहरूमा र ठूला–ठूला शहर र व्यापारिक केन्द्रहरूमा यस जातिको उल्लेख्य उपस्थिति वा बसोवास रहेको छ । देशमा ७५ वटै जिल्लामा वसोवास रहेको पाइन्छ । काठमाण्डौ देखि नजिक पर्ने, वनेपा, दोलखा, मकवानपुर, चितवन, सिन्धुली, रामेछाप, नुवाकोट, धादिङ्ग आदि क्षेत्रका सदरमुकाम र अन्य व्यापारिक केन्द्रमा यस जातिको बाहुल्यता नै रहेको छ । पूर्वी क्षेत्रको ठूलो शहर विराटनगर, धरान, इलाम, भोजपुर, ओखलढुङ्गा, खोटाङ्ग, संखुवासभा, धनकुटा आदि जिल्लाहरूमा उल्लेख्य संख्यामा यस जातिको वसोवास रहेको पाइन्छ । पश्चिम र सुदुर पश्चिम क्षेत्रमा पोखरा, बुटवल, दाङ,

पाल्पा, डोटी, वाग्लुङ, नेपालगञ्ज आदि क्षेत्रमा पनि वसोवासको स्थिति राम्रै नै रहेको पाइन्छ । सबैभन्दा कम हुम्लामा १४ जना र सबैभन्दा बढी काठमाण्डौमा ३२०२४४ जनसंख्या बसोवास गर्ने गरेका छन् । काठमाण्डौ भन्नाले काठमाण्डौ जिल्लालाई मात्र मानिएको छ । काठमाण्डौ उपत्यकामा यो संख्या बढिरहेको छ ।

यसरी विभिन्न क्षेत्रमा वसोवास गर्दै आउने क्रममा प्यूठान जिल्लामा पनि ३९०५ नेवारहरू वसोवास गरेको पाइन्छ । यसको नजिकै गुल्मी लगायतका अन्य क्षेत्रमा उपत्यकाबाट व्यापार व्यवसाय गर्नको लागि बसाई सर्दै गएता पनि यस प्यूठान खलंगामा विशेष गरी म्यागजिन निर्माण गर्नको लागि, प्रशासनिक कार्य र राणाहरूसँग पनि आएर बसोवास गरेको पाइन्छ । यसै सिलसिलामा कतिपय संख्यामा व्यापार व्यवसाय गर्न पनि गएको भन्ने अनुमान लगाइन्छ । प्यूठान खलंगामा म्यागजिन निर्माण गर्न वा हातहतियार निर्माण गर्नको लागि नै उपत्यकाबाट आएको, कोही कर्मचारीको रूपमा पनि यहाँ प्रवेश गरेको पाइयो र तत्कालीन राजा श्री ५ सुरेन्द्रविक्रम शाहले खलंगामा बस्ती बसाल्नु भन्ने लालमोहर पठाएपछि मात्र यस ठाउँमा नेवारहरू स्थायी रूपमा घर बनाएर वसोवास गर्न लागेको सूचनाको जानकारी पाइयो ।

सारांशमा यस अध्यायमा प्यूठान खलंगामा बसोवास गर्ने नेवार जातिको परिचय, नेवारहरुको आगमनको ऐतिहासिकता, नेपाल अधिराज्यमा नेवार समुदायको वसोवासको स्थिति र तिनको कूल जनसंख्याको बारेमा सामान्य जानकारी दिइएको छ । प्यूठान खलंगामा नेवारहरु विशेषगरी प्रशासनिक कार्यको लागि, हातहतियार निर्माणको लागि प्रवेश गरेको अनुमान गरिन्छ । यस ठाउँमा वि.सं. १८४६ कार्तिक १९ गते दामोदर पाण्डेको नेतृत्वमा आएको फौजले प्यूठानमा विजय प्राप्त गरेपछि खलंगालाई सामरिक केन्द्रको रुपमा विकसित गरी हातहतियार उत्पादन गर्ने क्षेत्र बनाएता पनि १८९६/९७ मा तत्कालीन राजा सुरेन्द्रवीरविक्रम शाहबाट लालमोहर प्राप्त भएपछि मात्र स्थायी रुपमा यस क्षेत्रमा बसोवास गरेको पाइयो । यस अध्ययनमा नेपाल अधिराज्यभर नेवारी जातिको कूल जनसंख्या प्रस्तुत गरिएको छ जहाँ सबैभन्दा बढी काठमाडौं उपत्यकामा ३४२०२४४ र सबैभन्दा कम जनसंख्या हुम्लामा १४ जना मात्र रहेको तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

अध्याय चार

खलंगाका नेवारहरूको सामाजिक स्थिति

४.१ परिचय

नेवार समाजको चर्चा गर्दा यस समाजको बनौटबारे संक्षिप्त उल्लेख गर्नु प्रासङ्गिक हुनेछ । भोट-वर्मेली भाषा परिवारको काठमाडौँ उपत्यकामा विकसित नेवारी भाषा बोल्ने नेवार जाति अन्य भोट वर्मेली भाषा बोल्ने आदिवासी नेपाली जातिभन्दा फरक छ । खासगरी यसको तहबद्ध सामाजिक (जातिगत) संरचनाले यसलाई पर्वते-हिन्दू सामाजिक संरचनाको नजिकमा पुऱ्याउँछ । नेवार समाजमा यसरी जातिप्रथाको विकास हुनमा प्राचीनकालदेखि उपत्यकामा विकसित र मध्यकालको मध्यतिर जयस्थितिमल्लका पालामा पुनर्गठित व्यवसायिक-सामाजिक रीतिथिति र कामको वर्गीकरण नै मूल कारकतत्व मान्न सकिन्छ ।

पूर्वमध्यकालमा काठमाडौँको नेवार समाजमा हिन्दू तथा बौद्ध खेमामा विभक्त थियो । दुर्वतर्फ धेरै व्यवसायिक वर्ग विद्यमान थिए । हिन्दू समाजमा प्राचीनकालदेखि नै वर्णव्यवस्था कायम थियो । महायान सम्प्रदायको विकासले बौद्ध धर्ममा संस्कार, पर्व र पूजाको विकास भयो । हिन्दू संस्कारपद्धतिसरह वज्रयानी नेवार समाजमा समाजको माथिल्लो तहमा पुरोहित वज्राचार्य, त्यसदेखि तल प्रशासक-व्यापारी, कृषक वर्ग, त्यसपछि अन्य व्यवसायिक र सेवावर्गको स्थान छ । नेपालको नेवार समाजको चर्चा गर्दा यसको जटिल बनौटदेखि केही चर्चा हुन आवश्यक छ । नेवारहरु अहिले काठमाडौँ नै मूलथलो र यहाँबाट व्यापार-व्यवसायको कारण खासगरी सन् १७६८-६९) को एकीकरण अभियान सफल भएपछि) ई.सं. को उन्नाइसौँ शताब्दीको थालनीताका विविध विजित (एकीकृत प्रदेशका सदरमुकाम, गौंडा, गोश्वारा, बजार आदि) स्थलमा स्थायी बसोवास गर्न पुगे । सीमित क्षेत्रमा बाक्लो वजार बस्ती बनाई सानो सहरको रुपमा एकसाथ बस्ने संस्कृति भएका नेवारहरूको आफू मोफसलमा गई बस्दा काठमाडौँकै समाज र संस्कृतिका मूलभूत व्यवहार संस्कार र सामाजिक संरचना लिएर गए । यस्ता समाजिक-सांस्कृतिक संरचना उपत्यकाबाहिरको नेवार समाजमा अहिले पनि विद्यमान छन् ।

नेपालको नेवार समाज प्रारम्भदेखि नै हिन्दू (शैवमार्गी) तथा बौद्ध दुई धार्मिक खेमामा विभक्त छ । शैवमार्गी हिन्दूहरू राजोपाध्याय, श्रेष्ठ आदि छ थरी, उच्चवर्ग, व्यवसायिक-कृषक आदि छन् । बौद्ध खेमामा ब्रजाचार्य, शाक्यभिक्षु आदि पुरोहित वा उच्चवर्ग, त्यसमुनि तुलाधरलगायत धेरै व्यवसायिकवर्ग छन् । कृषक (ज्यापू) र त्यसदेखि तलका अश्पृश्य मानिने कसाईं, कुश्ले, पोडे, च्यामे, आदि जातिहरूमा शिवमार्ग वा बौद्ध कुनै एकप्रति मात्र होइन दुवैतर्फ बराबर झुकाव पाइन्छ । संस्कार-पर्वहरूमा अश्पृश्य जातिमा दुवैतर्फका पुरोहितवर्गले भाग नलिनाले आफ्नो संस्कार आफ्नै समाजबाट गर्ने परम्परा हुनाले यस्तो देखिएको हुनसक्छ ।[४८]

समाजलाई चिनाउने प्रमुख आधार नै उसको संस्कृति हो । प्रत्येक समुदायको विशिष्ट संस्कृतिको कारण समाजमा त्यस समुदायले आफ्नो विशिष्टता कायम गर्दछन् । संस्कृतिको निर्माण, संवर्द्धन र पालनाले मानव सभ्यता विकसित र परिस्कृत हुँदै जान्छ ।

मानवशास्त्रीहरूको विचारमा संस्कृति वा सभ्यता त्यो समष्टिगत जटिलता हो जसअन्तर्गत समाजको सदस्यको रुपमा मानिसले प्राप्त तथा आर्जन गरेको ज्ञान, विश्वास, कला, नीति, नैतिकता तथा आदर्शहरू नियम कानूनहरू, बानी व्यहोरा र अन्य खुवी तथा कुशलताहरू पर्दछन् ।[४९]

प्रत्येक समुदायले आफ्नो भौगोलिक वातावरण अनुसार आफ्नो संस्कृति तथा परम्परालाई विकास गर्दै लगेको हुन्छ । यसै कारण प्रत्येक जातिको संस्कृतिमा आफ्ना जातिय स्वाभाविक प्रभाव देखिन्छ । नेवार जातिको संस्कृतिले पनि यस जातिलाई स्वतन्त्र र अलग अस्तित्वको पहिचान दिँदै आएको छ ।

४.२ परिवार र समाज

नेवारी समाज भन्नासाथ काठमाण्डौ उपत्यकाको स्मरण हुन्छ । कारण यस समाजको मूलथलो यही उपत्यका हो । पहाड-पर्वत निवासीहरूमा आफ्नो संस्कृति र कलाको विकास गर्ने समूहमा यो पनि एउटा प्रमुख समाज हो । वास्तुकलाको क्षेत्रमा यसको सबैभन्दा ठूलो योगदान छ । नेवारी समाजको जातियताका सम्बन्धमा विद्वान्हरूमा

---

[४८] प्रेम खत्री, *नेपालका धार्मिक मत र सामाजिक संरचना*, (काठमाडौः भोटाहिटी, २०५८), पृ. १८१-१८२ ।

[४९] इ. वि. टेलर, *प्रिमिटिभ कल्चर*, लण्डनः, जे. मुरी, १८७१ ।

मतभेद भएको देखिन्छ । केही वंशावली अनुसार नेवारहरू ब्रह्मपुत्र क्षेत्रीय हुन् । यिनको आदिनिवासस्थल दक्षिणको छिमेकी राज्य 'नायर' प्रदेश हो र यी नेपालका प्रथम कर्नाटकवंशी राजा नान्यदेवका साथै नेपाल आएका हुन् । यस विश्वासको आधारमा विद्वान्हरूले निकै विचार गरेका छन् र नेपालको तथाकथित 'पगोडा-शैली' को सामञ्जस्य दक्षिणको छिमेकी राज्यमा पर्ने 'कन्तड प्रदेश' अर्थात् मलावारमा देखिएका केही जैनमन्दिरहरूसित भएकोले भेन्सेन्ट स्थिम महोदयजस्ता विद्वान्ले पनि वंशावलीको यो कथन अझै प्रष्ट भएको अनुमान गरेका छन् । तर यस मतलाई खण्डन गर्ने केही विद्वान् भन्दछन्- "उक्त अनुमानमा कुनै ठोस आधार छैन । कारण नान्यदेवको समय बाह्रौँ शताब्दीको लगभग प्रमाणित गरिएको छ र नेपाली वास्तुकलाको यस्तै रुपको वर्णन ईशाको सातौँ शताब्दीदेखि नै चीनियाँ यात्रीहरूको वृतान्तमा भेटिन्छ ।" केही विद्वान्का अनुसार नेवार छुट्टै जाति हो । परन्तु यो भनाई पनि त्यति भरपर्दो देखिँदैन । कारण काठमाण्डौ उपत्यकामा समय-समयमा विभिन्न जातिको प्रवेश हुँदै रह्यो र ती आगन्तुक जातिको एउटा हूलको शासन रहुन्जेल आफ्नो बेग्लै अस्तित्व कायम देखिए तापनि शासन समाप्त हुनासाथ त्यो हूल यहींको वासिन्दामा समाविष्ट भएको अनुमान हुन्छ । यस क्रममा जति जति बाहिरबाट आए ती आफ्नो शासन समाप्त हुनासाथ यहींका स्थानीय वासिन्दामा विलीन भए । यसरी एकपछि अर्को जातको दल आएर शासन गऱ्यो र अर्को त्यो भन्दा बलियो जाति आएर उसबाट विजित हुनासाथ त्यो पहिलो शासन गर्ने हुलको मानिस यहींका स्थानीय बासिन्दासित एउटै रहनसहनमा मिसिँदा छुट्टै जातिजस्तो समूह नै बन्दै गयो । विजित जाति वा समूहको आपसमा मेल हुनु स्वभाविक कुरा हो । किराँत, मङ्गोल, लिच्छवि र मल्लहरूको विलय यसै क्रमले बृहत्तर नेवारी समाजमा हुँदै आएको देखिन्छ । यस कममा यही कुरा भन्न सकिन्छ पृथ्वीनारायण शाहको एकीकरण अभियानभन्दा पहिले जति पनि शासक आए ती यसै स्थानीय समाज अर्थात् नेवारी समाजमा मिले ।[५०]

नेपालमा बसोवास गर्ने नेवार समुदायमा पनि अन्य समुदायमा जस्तै पित्तृसत्तात्मक समाज रहेको छ । घरको जिम्मेवारी वा अभिभावकको रुपमा बाबु, दाजु-छोरा आदि

[५०] जनकलाल शर्मा, *हाम्रो समाज: एक अध्ययन* (साझा प्रकाशन, २०३९), पृ. २९७ ।

जेठोवाठो व्यक्ति हुने गर्छ जसको सम्पत्तिमाथि एकाधिकार रहन्छ । सामाजिक कार्यहरूमा प्रायः पुरुषहरू नै सहभागी हुने गरेको पाइन्छ । महिलाहरूको काम घर परिवारभित्र नै बढी सीमित रहेर गर्ने परिपाटी छ । हाल केही महिलाहरू विभिन्न पेशामा लागे पनि घरको धन्दा सबै गर्नु नै पर्दछ ।

विगतका समयहरूमा नेवार समुदायमा संयुक्तपरिवारप्रथा बढी प्रचलनमा थियो । उपत्यकामा एउटै परिवारका मानिसहरू एउटै बहालभित्र बस्ने चलन थियो । समयको परिवर्तनसँगै नेवारहरू विस्तारै उपत्यकाबाहिर जान थालेपछि एउटै ठाउँमा बसोवास गर्ने गरेको भए पनि वाहाल निर्माण गर्न संभव भएन । वर्तमानमा नेवारी समाजमा संयुक्त परिवारभन्दा एकात्मक परिवारको विकास भएको पाइन्छ । आधुनिकताको प्रभावले गर्दा परिवारसँग भन्दा टाढा र भिन्न बस्ने प्रथा शुरु भयो । जनसंख्या वृद्धिका कारण पनि एउटै परिवारमा बस्न समस्या उत्पन्न हुन्थ्यो । त्यो समस्या अवस्य पनि नेवारी समाजमा पनि विस्तारै बढ्दै गयो र वर्तमान समयमा नेवारी समाजमा पनि एकल परिवारको विकास भयो । यस अध्ययन क्षेत्रमा पनि काम गर्ने स्थान छुट्टाछुट्टै र व्यवसाय पनि आफ्नै भएकाले संयुक्तपरिवारभन्दा एकात्मक परिवारको विकास भएको पाइयो । सबै जाति र समुदायमा परेको आधुनिकताको प्रभाव यस जातिमा पनि समान रुपमा परेको पाइन्छ ।

४.३ थर

नेवार सामाजिक संरचनाको अर्को महत्वपूर्ण इकाई थर हो । नेवारहरूका थर पनि विभिन्न प्रकारमा विभाजित छन् । जनकलाल शर्माले नेवारहरू हिन्दू र बौद्धधर्म मान्ने आधारमा छुट्टाछुट्टै रुपमा विभाजित गरेका छन् । बौद्धधर्म मान्ने नेवारहरूमा वज्राचार्य, शाक्य, उदास तथा तुलाधर, ताम्रकार, कंशकार, अमात्य, ज्यापू, अवले, चित्रकार, साल्मी, नापित, तण्डुकार, कौ, पोडे, च्यामे आदि पर्दछन् । यसैगरी हिन्दू समुदायमा राजोपाध्याय, उपाध्याय, प्रधान, राजभण्डारी आदि हुन् । यसका अतिरिक्त ६ थरे श्रेष्ठको पनि उल्लेख गर्नु भएको छ । त्यसबाहेक कर्मचार्य, गुर्वाचार्य, जोशी, धोवी, कसाई, कुशुले अर्थात् कपाली, पोडे, च्यामे र कुलु छन् ।[छञ] नेवारी समाजमा धार्मिक सहिष्णुता भएको हुँदा

[५१] जनकलाल शर्मा, *पूर्ववत्*, पृ. २९९ ।

वज्राचार्य, शाक्य, उदास, राजोपाध्याय र उपाध्यायबाहेक अरु समाजलाई यही धर्म मान्छन् भनेर तोक्न कठिन पर्दछ । भनाईको तात्पर्य हो उनीहरू बौद्ध र हिन्दू दुवै समाजमा देखिन्छन् । यिनका कति परिवार यस्ता छन् जो बौद्ध र हिन्दू दुवै पुरोहितलाई एकै कार्यमा साथसाथै लगाउँछन् । बौद्ध धर्मका पुरोहित वज्राचार्य र हिन्दूका पुरोहित देउभाजु हुन्छन् । देउभाजु जन्मले नै ब्राह्मण हुन्छ भने वज्राचार्य जन्मले मात्र होइन कर्मले पनि हुनसक्छ । काठमाण्डौका यस्ता पनि केही विहार छन् जहाँ ब्राह्मण पनि वज्राचार्य हुन्सक्छन् र कहीं ज्यापू पनि कर्मद्वारा वज्राचार्य हुन सक्छ । वज्राचार्यले पनि आफ्ना छोराको कर्म चलाउन सकेन भने शाक्यमा परिणत हुन्छ ।

प्यूठान जिल्लाको खलंगा गा.वि.स. मा बसोवास गर्ने नेवार समुदायको थरहरूमा विशेष गरी कशाही, नकर्मी, श्रेष्ठ, लवट, शाक्य, प्रधान, बाँडालगायतका विभिन्न थरहरू भएको जानकारी स्थलगत अध्ययनबाट भएको छ ।

४.४ नाता सम्बन्ध

सामाजिक संरचनालाई प्रभाव पार्ने अर्को महत्वपूर्ण पक्ष नातेदार व्यवस्था हो । समाजमा बसोवास गर्ने हरेक सदस्यलाई एकसूत्रमा ल्याउने कार्य नातेदारप्रथाले गर्दछ । यस्तो सम्बन्धले सबैलाई भावात्मक रुपमा नजिक ल्याउँछ । विशेष गरी जन्म, विवाह र अन्य संस्कारहरले नाता स्थापित गर्ने गर्दछन् । नेवारी समुदायमा विशेषगरी वैवाहिक सम्बन्ध र रक्त सम्बन्ध गरी २ खालको सम्बन्ध रहेको पाइन्छ ।

गोपालसिंह नेपालीका अनुसार नेवार समुदायमा देखापरेको नाता सम्बन्ध यस प्रकार छन्–

भाट (श्रीमान्), कला (श्रीमती), व्वा (बाबा), मा (आमा), दाजु/किजा (सानो भाइ), ल्याहम (युवा दाजु), टटा (सानो दिदी), केहें (युवा वा ठूलो दिदी), काये (छोरा), म्हयाये (छोरी), अजा (हजुर बुबा), अजि (हजुर आमा), कका (बाबुको भाइ), निनी (बाबाको दिदी/बैनी), पाजु (मामा), माजु (माइजु) आदि ।[५२]

अनुसन्धान गरिएको क्षेत्र प्यूठान खलंगा गा.वि.स. मा बसोवास गर्ने नेवार समुदायमा पनि यी माथि उल्लेख गरिएका नाता सम्बन्ध बोलीचाली र व्यवहारमा भएको

[५२] Gopal Singh Nepali, The Newars, United Asia Publications, Bomby: 1964, pp. 262-264.

पाइयो । यो नाता सम्बन्धको विषयलाई लिएर हेर्दा नेपालका सबै क्षेत्रमा वा जुन ठाउँमा नेवार समुदायको वसोवास भएको छ, त्यस ठाउँमा यी नाता सम्बन्धको बोलीचाली रहेको छ ।

४.५ भेषभूषा

नेवार समुदायको भेषभूषाको बारेमा अध्ययन गर्दा विशेषगरी काठमाण्डौ उपत्यकामा बसोवास गर्ने नेवार समुदायमा देखापरेको पोशाक निकै परम्परागत मानिन्छ । हुन त आजभोलि केही युवा वर्गले आधुनिक पोशाक लगाएता पनि केही उमेर अवस्था पुगेका व्यक्तिहरूले परम्परागत पोशाक नै लगाएको पाइन्छ । विशेषगरी लवेदा शुरुवालको साथ साथै भादगाउँले कालो टोपी पनि लगाएको पाइन्छ । महिला वर्गले विशेषगरी सारी, पेटीकोट, पटुका तुना बाँध्ने चौवन्धी चोली लगाएको पाइन्छ । यी महिलाहरूले सारी खुट्टाको तलतलसम्म आउने गरी लगाएको पाइन्छ । यी नेवार समुदायका केही माथिल्लो बर्गका महिलाहरू पर्दछन् ।

श्रेष्ठ नेवारहरूले धोती र परम्परागत सुरुवाल, फेटा प्रयोग गरेको पाइन्छ । तर हाल आधुनिकताले गर्दा पंजावी कुर्ता सुरुवाल लगाएको पनि पाइन्छ । विगतका दिनमा देखा परेका कपडाहरू हाल लोप हुँदै गएको पाइन्छ ।

नेवार समुदायभित्र नै पर्ने ज्यापूले पनि परम्परागत पोशाक जस्तो लवेदा, शुरुवाल, कालो भादगाउँले टोपी लगाएको पाइथ्यो भने महिलाले विशेषगरी चाडपर्वमा लामो लामो खुट्टासम्म आउने फरिया, चौबन्धी चोलो, पटुका प्रयोग गरेको पाइन्थ्यो । ज्यापूनीहरूले पुराना दिनमा घुँडामाथि फरिया लगाएको पाइन्थ्यो । तर हाल यो परम्परागतको पोशाक लोप भएको पाइन्छ ।

अध्ययन क्षेत्रमा बसोवास गर्ने नेवार समुदायमा पनि पोशाकमा विविधता भएको पाइयो । वृद्ध अवस्थामा पुगेका व्यक्तिहरूले भोटो र सुरुवाल, ढाकाको टोपी लगाएको पाइयो भने कसैले सट, पाइण्ट अनि ढाका टोपी लगाएको पाइयो । काठमाण्डौ उपत्यकामा लगाउने भादगाउँले कालो टोपीको प्रयोग यहाँ गरेको पाइएन । यस क्षेत्रमा वसोवास गर्ने केही युवा वर्गले पनि विभिन्न प्रकारका आधुनिक पोशाक टिसर्ट सर्ट, पाइण्ट, क्याप, आधुनिक जुत्ता र जप्पल लगाएको पाइयो ।

यस क्षेत्रमा वसोवास गर्ने महिला वर्गले सारी, पेटीकोट, ब्याउज लगाएको पाइयो । कसै-कसैले वा केही उमेर पुगेका बृद्ध महिलाले कम्मरमा पटुका पनि बाँधेका र टाउकोमा पछ्यौरासमेत राखेको पाइयो । चप्पल भने विभिन्न प्रकारका लगाएको पाइयो ।

यस क्षेत्रका केही युवतीहरूले विभिन्न प्रकारका आधुनिक पोशाक लगाएको पाइयो । जस्तै स्कट, टिसर्ट, पाइण्ट, सर्ट, कुर्ता, सुरुवाल आदि लगाएको पाइयो ।[छघ]

४.६ गरगहना

नेवार समुदायमा देखा परेको विभिन्न धातु जस्तै सुन, चाँदी, हिरा, मोती, तामाका समेत गरगहनाहरू प्रयोगमा भएको पाइन्छ । यो पनि एक प्रकारको मानवको आर्थिक स्तर वा धनी गरिव छुट्टाउन सकिने विशेष प्रकारका बहुमूल्य वस्तु हो जसले समाजमा मान सम्मान, इज्जत र प्रतिष्ठाको कदर गर्दछ ।

काठमाण्डौ उपत्यकामा विगत समयमा यहाँका नेवार समुदायले प्रयोग गरेका गरगहनाहरूमा टाउकोमा लगाउने सिन्दुरी, सिरवन्दी, काटा लगाएको पाइन्छ । यस्ता प्रकारका गरगहनाहरू विशेषगरी इही, विवाह, बारा राख्दा नेवार समुदायका महिलाले लगाएको पाइन्छ । जस्तै कानमा ठूला लामा केही गह्रौ प्रकारका गहना लगाएको पाइन्छ । नेपाली लोकप्रिय गहना ढुङ्गी पनि कोही कोहीले लगाएको पाइन्छ । नेवार समुदायमा नाकमा कुनै पनि प्रकारको गहना प्रयोग गरेको पाइँदैन । नेवार समुदायमा यसरी चाडपर्व, विवाह, बारा, भोजभतेर जस्ता पर्वमा यस्ता गहना लगाए पनि बाँकी दिनहरूमा कानमा रीङ, टप, तिलहरी लगाएको पाइन्थ्यो ।

यस्तै नेवार समुदाय अन्तर्गत ज्यापूनीहरूले घाँटीमा चाँदीको नेक्लेस, चाँदीको चेन, शिरवन्दी पनि लगाएको पाइन्थ्यो । तर हाल आएर के माथिल्लो वर्गका नेवार के ज्यापू सबैले आफ्नो आफ्नो क्षमताअनुसारको गहना लगाएको पाइन्छ । विशेषगरी नेवार समुदाय उच्च वा आर्थिक दृष्टिकोणले सम्पन्न देखिने र आफ्नो नेवार समुदायमा गहनाले आफूलाई उच्च स्तरको चिनाउने मनसायले गर्दा महिला वर्गले गहनाको निकै

[५३] स्थलगत अध्ययन, २०६४ ।

प्रयोग गरेको पाइन्छ । हातमा पनि विभिन्न आकार प्रकारका हातमा औँठी लगाएको पाइन्छ ।[५४]

खलंगा गा.वि.स.मा वसोवास गर्ने नेवार समुदायमा परम्परागत गहना जस्तै ढुङ्गी, माडवारी, तिलहरी, नौगेडी विस्तारै लोप भएर गएको पाइयो । हाल आएर सुन चाँदीका, कोही हुनेखानेले हिरा मोतीका गहनाहरू जस्तै सिरबन्दी, नेक्लेस, चेन, औँठी, कानमा टपहरू, झुम्काहरू, विवाहमा, चाडपर्वमा, भोजभत्तेरमा लगाएको पाइयो । केही युवावर्ग पनि घाँटीमा सुनका, चाँदीका चेन, औँठी लगाएको पाइयो ।

४.७ खानपिन

मानवलाई मात्र नभएर हरेक जनावर किरा, धमिरालाई पनि खाना वा भोजनको आवश्यकता पर्दछ । खाना नपाएको खण्डमा हामीहरू यो संसारमा बाँच्न सकिँदैन । खानपिन पनि मानवको रुची, मानवको स्तर र भौगोलिक परिस्थिति अनुसार फरक-फरक भएको पाइन्छ । काठमाडौँ उपत्यकामा बसोवास गर्ने नेवार समुदायमा खानपिनको निकै थरीका निकै मीठा खानपिन भोजन गरेको पाइन्छ । विशेषगरी नेवार समुदायमा भात, रोटी खाएता पनि तरकारीमा विविधता पाइन्छ । तरकारीमा मूला, काउली, खुर्सानी, आलु, गोलभेंडा, गुन्द्रुक, दाल, मासु आदि खानको रुपमा खाएको पाइन्छ भने अर्नी (नास्तामा) जुलवी, चिया, हलुवा, पुरी, चिउरा, मासु पनि खाएको पाइन्छ ।

विशेषगरी नेवार भोजमा भने मासुका विभिन्न प्रकारका पाइन्छन् जस्तै ऐला, छोयला, र कचिलाको ठूलो महत्व छ । छोयला राँगाको मासु पोलेर केस्राकेस्रा बनाएर साँधेर बनाइन्छ । कचिला राँगाको काँचो मासु मलेर घर्षणद्वारा नै परिपाक गराएर साँधेर बनाउँछन् । ऐला, छोयला र कचिला नखाने कुनै पनि नेवार हुँदैन तर धोवीले भने राँगाको मासु खाँदैन । वज्राचार्य अर्थात् गुभाजु र राजोपाध्याय, उपाध्याय अर्थात् देउभाजु सबैले ती वस्तु ग्रहण गर्दछन् ।

नेवारी समाजमा 'समय' नामक वस्तुको पनि ठूलो महत्व छ । यो वस्तु अत्यन्तै पवित्र मानिन्छ । त्यसै कारणले शुभकार्यमा यो चाहिन्छ । यसलाई बनाउँदा 'स्यावजी' नामको खास प्रकारको चिउरा, साधारण चिउरा, हाकुमुस्या, अर्थात् कालो भटमास

[५४] गोपाल सिंह नेपाली, *पूर्ववत्*, पृ. ६८-६९ ।

भुटेको, अदुवा र केसैकेसा पारेर पोलेको राँगाको मासु अर्थात् छोयला जस्तो मासु मिसाएर बनाइन्छ । भनाइको तात्पर्य समयवजी पनि नेवारी जीवनको एक अभिन्न खाद्य पदार्थ हो ।

नेवारी समुदायमा रक्सीको पनि महत्वपूर्ण स्थान रहेको छ । विशेषगरी कोदो, मकै, चामल आदिको रक्सी वनाएको पाइन्छ । त्यस्तै नेवारी समाजमा योमरी, समयवजी आदिको पनि महत्व छ ।

प्यूठान खलंगा गा.वि.स. मा वसोवास गर्ने नेवार समुदायमा पनि खानपिनमा निकै स्तरीयता पाइयो । यहाँका दैनिक भोजन दाल, भात, तरकारी र अचार भएता पनि विशेष चाडपर्व, भोजभतेर, विवाहवर्तन लगायतका भोजमा विविध प्रकारका खानेकुरा खाने गरेको पाइयो । मासुका विभिन्न प्रकार, चिउरा, रोटी, पुरी, रक्सी, जाँड प्रयोग गरेको पाइयो । यहाँ पनि काठमाण्डौ उपत्यकामा जस्तै राँगाको मासुको प्रकारमा जस्तै छोयला, कचिला, माछा, कुखुराको अण्डालगायतका विविध मासुका र माछाका प्रकार बनाएर खाने प्रचलन रहेको छ । यहाँ वसोवास गर्ने नेवार समुदायसँग अन्य जातिको पनि घुलमिल भएको कारणले गर्दा भोजभतेरमा ती जातिलाई पनि बोलाउनु पर्ने कारणले गर्दा अन्य जातिले राँगाको मासु नखाने हुँदा खसी, बोका पनि काट्ने गरिन्छ । यसको पनि विविध प्रकारको मासु बनाउने गरिन्छ ।

यहाँको मुख्य खेती गँहु, धान, मकै, कतैकतै कोदो पनि उब्जाउने भएकोले ती वस्तुका विभिन्न प्रकारका खानेकुरा बनाउने गरिन्छ । रक्सी र जाँड पनि बनाउने गरिन्छ ।

४.८ भाँडावर्तन

नेवार समुदायमा प्रचलनमा रहेको भाँडावर्तन पनि निकै महत्वपूर्ण मानिन्छन् । काठमाण्डौ उपत्यकामा प्रचीन समयमा प्रचलनमा रहेका भाँडाहरूमा तामा, पित्तल, काठ, माटा, सिसा, चरेसलगायतका विभिन्न आकार प्रकारका भाँडावर्तन प्रचलनमा रहेको पाइन्थ्यो । ती भाँडावर्तन आज विस्तारै लोप हुँदै गएको छ । हाल प्रेसरकुकुर, राईसकुकर,

पन्यो, डाँडु, थाल, पिलेट, गिलास, कचउरा, चम्चा, ताप्के, ताँवा, स-साना गाग्री, ताउला आदि दैनिक जीवनमा प्रयोगमा रहेको देखिन्छ । सजाएर राख्नको लागि पनि पित्तल, चाँदी, काँसलगायत विभिन्न प्रकारका थाल, करुवा, अम्खोरा लगायत विभिन्न भाँडाकुडा भएको पाइन्छ ।

जसरी काठमाडौँ उपत्यकाका नेवार समुदायमा भाँडावर्तन देखापरेको छ, त्यसरी नै यहाँ वा खलंगा गा.वि.स. का नेवार समुदायको पनि प्रचलनमा रहेको र कोठामा सजाएर राख्ने गरेको पाइयो ।

शोधकर्ता स्थानीयवासीसँग छलफल गर्दै

अमूर्त संस्कृतिका विविध पक्ष

४.९ भाषा

नेवार समुदायमा काठमाण्डौ उपत्यकामा मात्र नभएर जिल्लाका हरेक क्षेत्रमा वसोवास गर्ने नेवारहरू विशेषगरी आफ्नो घर परिवारमा मातृभाषा नै प्रयोग गरेको पाइन्छ । हुन त जिल्लाका केही भू-भागमा बसोवास गर्ने नेवारको कम वस्ती भएको ठाउँमा आफ्नो मातृभाषा बोल्न नजानेको पनि पाइन्छ । उदारहणको लागि स्वंय शोधकर्ता नै हो ।

काठमाण्डौ उपत्यकामा बसोवास गर्ने नेवार समुदाय पूर्णतया आफ्नो भाषा बोल्ने गरेको पाइन्छ । आफ्नो मातृभाषा सानैदेखि बोलेको कारणले गर्दा कतिपय राष्ट्र भाषाको शब्द पनि उच्चारण गर्दा नेवारी भाषाको शब्द नै प्रयोग गरेको पाइन्छ । जस्तै 'त' र 'ट' शब्द उच्चारण गर्दा फरक सुनिदैँन । शुद्ध नेपाली बोल्न नसक्ने पनि यहाँका नेवार समुदायमा कोही-कोही भएको पाइन्छ ।

अध्ययन क्षेत्र वडा नं. ३, ४, ५ र ६ वडामा बसोवास गर्ने नेवारहरू समुदाय घर परिवारमा आफ्नो मातृभाषा नेवारी नै बोल्छन् र बजार क्षेत्र भएकोले अन्य जातिको बाहुल्यता पनि भएको कारणले गर्दा र बजार क्षेत्रमा किनमेल गर्न आउने अन्य समुदायसँग नेपाली भाषा नै बोल्न पर्ने कारणले यहाँका नेवार समुदायमा शुद्ध नेपाली भाषा पनि बोल्न सक्ने पाइयो । यहाँका नेवार समुदायमा बोलिने भाषा र काठमाडौँ उपत्यकामा बोल्ने भाषामा वा शब्दमा कुनै फरक नभएको केवल उच्चारणमा मात्र फरक सुनिने कुरा व्यक्तिगत छलफलको कममा निमनारायण नकर्मी बताउनुहुन्छ ।[छछ]

४.१० समाज र परिवारमा नारीको स्थान

अधिकांश नेपाली समुदायजस्तै नेवारी समुदाय पनि पितृसत्तात्मक समुदाय हो । यो समाज नारी पुरुष बीचको सहयोग, सहभागिता, विश्वास, निष्ठाको आधारमा चलेको छ । विशेषगरी व्यापार व्यवसायमा संलग्न यो जातिका महिलाहरू घरधन्दा र बालवच्चा स्याहार्नुमा नै व्यस्त देखिन्छन् । केही महिलाहरू शिक्षण पेशा र व्यापारमा पनि संलगन रहेको पाइन्छ । अधिकांश महिलाहरू घरधन्दामा नै व्यस्त रहेको पाइन्छ । नेवारी महिलाहरू विभिन्न संघ-संस्थामा आवद्ध रहेको पनि पाइयो ।

यस जातिमा परिवारको निर्णय प्रक्रिया र सामाजिक क्षेत्रको काममा पुरुषहरूको तुलनामा महिलाहरूको केही कम नै सहभागी रहेको पाइन्छ । महिलाले पुरुषप्रति देखाउनु पर्ने शिष्टाचारहरू यस जातिमा अद्यपि कायमै रहेको पाइन्छ । तर यस समुदायका महिलामा शिक्षाको चेतनाको वृद्धि भइसकेको कारण कठोर शिष्टाचारको अवस्था भने छैन । यस समुदायका महिलाहरूमा शिक्षा र स्वास्थ्यको विषयमा चेतनशील भएको पाइयो । छोरीलाई स्कूल पठाउनु पर्ने कुरामा यस क्षेत्रका अविभावकहरू प्रतिवद्ध नै छन् । यस क्षेत्रका महिलाहरूमा परिवार नियोजनका साधनहरू, पौष्टिक आहारका विषयमा समेत जानकारी भएकाले जन्मदर, मृत्युदर र बालबच्चाको स्वास्थ्यको विषयमा समेत सचेत रहेका छन् । धेरै बच्चा नजन्माउने विषयमा यिनीहरू सचेत नै देखिन्छन् । यस क्षेत्रमा पुरुष महिलाको साक्षरता दर झण्डै वरावर जस्तो रहेको छ ।

चाडपर्व, पूजापाठ, संस्कार आदिमा महिलाको उल्लेख्य भूमिका रहेको पाइएको छ । चाडपर्वहरूमा छोरीहरूलाई बोलाउने र भोजभतेर गर्ने परिपाटी रहेको छ । भोजहरूमा महिलाहरूको प्रमुख भूमिका रहेको छ । यस जातिमा कन्या कुमारीको प्रतीक मानी पुज्ने चलन छ ।

यस नेवार समुदायमा आमालाई अत्यन्त सम्मान गर्ने चलन रहेको छ । परिवारमा आमाको भूमिका प्रमुख नै मानिन्छ । सासुलाई बुहारीले आमासरह व्यवहार गर्ने र सासुले पनि बुहारीलाई छोरीसरह व्यवहार गर्ने परम्परा यस समाजमा पाइयो । बुहारीले विहान उठी मान्यजनलाई ढोग गरेपछि मात्र अन्य काम गर्ने र विहान उठेर पानी, चिया लगायत अन्य खानेकुरा खादा पनि मान्यजनलाई ढोग गरेर मात्र खाने प्रचलन रहेको छ ।

नेवारी समुदायमा विधवा विवाहको चलन भए पनि त्यसलाई राम्रो मानिदैन । श्रीमानको मृत्युपछि रातो लुगा लगाउन पाइने परम्परा भए पनि यस क्षेत्रमा विधवा स्त्रीले रातो लुगा लगाउने गरेको पाइँदैन । अन्य जातिसँगको सम्पर्कका कारण विधवाले रातो लुगा नलगाएको अनुमान गर्न सकिन्छ ।

यस क्षेत्रका महिलाहरूमा राजनीतिक चासो पनि रहेको पाइयो । राजनीति गरी उच्च स्थानमा नपुगेको भए पनि सबै महिलाहरूमा राजनीतिप्रति चासो रहेको पाइन्छ ।

---

[५५] स्थलगत अध्ययन र व्यक्तिगत छलफल, २०६४, चैत्र २३ ।

विशेषगरी राजनीतिक पार्टीहरूको समर्थन गर्ने र सभा, सम्मेलन र संस्कृतिक कार्यक्रममा सहभागी हुने गरेको पाइन्छ । वर्तमान समयमा शिक्षाको राम्रोसँग विकास भएकाले अन्य क्षेत्र सँगसँगै राजनैतिक पार्टीप्रति पनि आवद्ध रहने गरेको पाइन्छ । युवादेखि बुढा महिलाहरू पनि राजनीतिप्रति चासो राख्ने गरेको पाइन्छ ।

शोधकर्ता स्थानीयवासीसँग अन्तर्वार्ता लिदै

४.११ स्वास्थ्य र सुरक्षा

अध्ययन क्षेत्रका नेवार समुदाय स्वास्थ्यको दृष्टिकोणले सचेत नै रहेको पाइन्छ । यस क्षेत्रका नेवारहरू सबैजसो खानपुग्ने अवस्थामा रहेकाले कुपोषण जस्तो समस्या छैन । खानपिनको पनि राम्रो र स्तरीय पौष्टिक खाद्यपदार्थ नै खाने गरेको पाइन्छ । खानेपानीको पनि उचित व्यवस्था भएको पाइन्छ । एक सरकारी हेल्थपोष्ट पनि यस क्षेत्रमा रहेको छ । यस क्षेत्रमा ७/८ वटा जति प्राइभेट क्लिनिक पनि रहेका छन् । सानो रोग लागेर विमारी परेमा क्लिनिक र हेल्थपोष्टमा यहाँका वासिन्दा जाने गरेका छन् । ठूलो रोग लागेका विरामीहरूलाई अन्यत्र बुटवल, पाल्पा, काठमाण्डौ, नेपालगञ्जसमेत लाने गरेको कुरा स्थानीय बासिन्दाले छलफलको क्रममा बताए ।

यहाँका बासिन्दाहरू विरामीलाई धामीझाँक्री, झारफूकलाई अपनाउनु भन्दा वैज्ञानिक उपचार र आयुर्वेदिक उपचारमा बढी विश्वास गर्ने गर्दछन् । विशेष गरी विशेषज्ञ डाक्टरहरूको अभावले गर्दा यहाँका ठूला रोगी वा विरामीहरू अन्यत्र क्षेत्रमा जानु पर्ने वाध्यता रहेको पाइयो ।

त्यस्तै प्यूठान खलंगा गा.वि.स.मा सुरक्षा व्यवस्थाको पनि उचित प्रबन्ध रहेको छ । यहाँ नेपाली सेनालगायत प्रहरी दलका वभिन्न गणहरू पनि रहेको छ । यो जिल्लाकै सदरमुकाम भएको कारणले पनि यहाँ विभिन्न प्रकारका कार्यालयहरू रहेको कारणले गर्दा पनि ती कार्यालय र कर्मचारीलाई सुरक्षा प्रदान गर्नको लागि यहाँ सैन्य जवान र प्रहरी जवान परिचालन गरेको पाइयो जसको कारणले यो अध्ययन क्षेत्रमा सुरक्षा व्यवस्था उचित नै रहेको देखिन्छ ।[५८]

४.१२ शिक्षा

अध्ययन क्षेत्रका नेवारहरूको शैक्षिक अवस्था निकै राम्रो रहेको छ । जिल्लाकै सदरमुकाम भएको कारणले गर्दा पनि यहाँ हरेक क्षेत्रमा सुविधा भएको कारणले गर्दा शैक्षिक अवस्था पनि राम्रो रहेको छ । यस क्षेत्रमा आर्थिक स्थिति पनि सम्पन्न भएको कारणले गर्दा विभिन्न स्थानमा गएर शिक्षा हासिल गर्ने क्षमता यहाँका जनतामा भएको पाइन्छ । यहाँ २०१४ सालमा स्थापना भएको मा.वि. स्तरको विद्यालय हाल + २ र बी.ए. सम्मको पठनपाठन शुरु गर्ने तयारीमा रहेको छ । यस विद्यालयमा +२ को पठन पाठन पहिले देखि नै शुरु भएको र तीन वर्षे वि.ए. तहको पठन पाठन यसै शैक्षिक सत्रदेखि शुरु गर्ने जमर्को गरेको कुरा स्थानीय वासिन्दा निर्मल नकर्मीले बताउनु भयो ।

यहाँका बृद्ध महिला, पुरुषमा पनि शिक्षाको प्रकाश छरिएको पाइयो । वर्ष-वर्षमा प्रौढ कक्षा संचालन पनि भएको कुरा छलफलको क्रममा जानकारी प्राप्त भयो । यस खलंगा गा.वि.स. को विशेष गरी ३,४,५ र ६ मा वसोवास गर्ने नेवार समुदायमा शैक्षिक अवस्थाको छलफल गर्दा यहाँ कूल जनसंख्या १२०० मध्ये ७० जना ५ वर्ष मुनिका बालवच्चालाई छोडेर जम्मा ११३० जनसंख्यामा साक्षरता ९१.६६ प्रतिशत रहेको छ भने निरक्षरता ८.३३ प्रतिशत रहेको छ ।

[५६] स्थलगत अध्ययन, २०६४ ।

त्यस्तैगरी अध्ययन क्षेत्रका नेवार समुदायको जम्मा जनसंख्या ७१४ मध्ये पुरुष ३७७ (५५.४६ प्रतिशत) र महिला ३१८ (४४.५३ प्रतिशत) रहेको छ । यसमध्ये ५ वर्षभन्दा मुनिको संख्या २४ रहेको छ ।

तालिका नं. ६

अध्ययन क्षेत्रमा वसोवास गर्ने नेवार जातिको शैक्षिक स्थिति (५ वर्ष भन्दा माथि)

क.सं.	शिक्षा स्तर	कूल जनसंख्या	प्रतिशत
१	साक्षर	१०३०	९१.१५
२.	निरक्षर	१००	८.८४
	जम्मा	११३०	१००

स्रोत: स्थलगत सर्वेक्षण, २०६४ ।

अध्ययन क्षेत्रको वडा नं. ३, ४, ५ र ६ मा वसोवास गर्ने नेवार जातिको शैक्षिक अवस्थालाई लिङ्गको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ–

तालिका नं. ७

अध्ययन क्षेत्रका ५ वर्षभन्दा माथिका पुरुष र महिलाको सक्षरता विवरण

क.सं.	लिंग	जनसंख्या	साक्षरता	प्रतिशत
१	पुरुष	३७८	३७७	५५.६८
२.	महिला	३१२	३००	४४.३२
	जम्मा	६९०	६७७	१००

स्रोत:– स्थलगत अध्ययन, २०६४ ।

नेवार समुदायमा पनि अन्य समुदायमा जस्तै महिलाको साक्षरता पुरुषको तुलनामा केही कम भएको पाइएको छ । अध्ययन क्षेत्रको नेवार समुदायको जम्मा जनसंख्या ७१४ मध्ये पुरुष ३७७ (५५.४६ प्रतिशत) र महिला ३१८ (४४.५३ प्रतिशत) रहेको छ । यसमध्ये ५ वर्षभन्दा मुनिको जनसंख्या २४ रहेको छ । पुरुषको जनसंख्या ३९६ मध्ये ३७७ (५५.६८ प्रतिशत) साक्षरता रहेका छन् भने महिलाको जनसंख्या ३१२ मध्ये ३०० (४४.३२ प्रतिशत) साक्षर रहेको छ ।

यस अध्ययन क्षेत्रका नेवार जातिमा शिक्षाको स्तर धेरै राम्रो छ । सदरमुकामको बीचमा उच्चमाध्यमिक विद्यालय भएको कारणले गर्दा पनि पहिलेदेखि नै यहाँ

पठनपाठनको व्यवस्था राम्रो रहेको छ । यहाँका धनी व्यक्तिका छोराछोरी उच्च शिक्षा प्राप्त गर्नको लागि मात्र नभएर प्रा.वि. र नि.मा.वि. तहको पठाइको लागि राम्रा र केही स्तरीय बोर्डिङ स्कूलमा पढ्नको लागि काठमाण्डौ, बुटवल, पाल्पा, पोखरा, नेपालगञ्ज, दाङलगायत विभिन्न शहरमा पठाउने गरेको पाइयो ।[५७]

शोधकर्ता स्थानीयवासीसँग सामूहिक छलफल गर्दै

४.१३ कला र वास्तुकला

काठमाण्डौ उपत्यकामा बसोवास गर्ने कतिपय नेवार समुदायले विभिन्न कला वास्तुकला निर्माण गरेर जीविकोपार्जन गरेको पाइन्छ । तर यस क्षेत्रका नेवार समुदायले काठमाण्डौका नेवारले जस्तै विभिन्न मूर्ति, खेलौना, भाँडावर्तन, काठका विभिन्न प्रकारका वस्तुहरू बनाइएको पाइँदैन । तर पनि यहाँ प्रसिद्ध मन्दिर भिमसेनस्थान, गणेश, शिवालय लगायतका मन्दिरमा कला-वास्तुकला निकै स्तरीय रुपमा देखापरेको छ । भिमसेन मन्दिरको तोरण निकै आकर्षक देखिन्छ । तर यस मन्दिरको जीर्णोद्धार गर्न नितान्त आवश्यक रहेको देखिन्छ । त्यस्तै खलंगाको गणेश मन्दिर पनि निकै आकर्षक देखिन्छ । तले शैलीमा निर्मित यो २ तले गणेश मन्दिरको तोरण पनि निकै आकर्षक रहेको छ ।

[५७] स्थलगत अध्ययन, २०६४ ।

यहाँका नेवार समुदाय कला-वास्तुकलामा निकै अगाडी भएको महसुस गरिन्छ । यहाँका मन्दिरका कला तथा वास्तुकलालाई अध्ययन गर्दा काठमाण्डौ उपत्यकामा भएका मन्दिरका कला र वास्तुकलामा मिल्दो भएको पाइन्छ । काठमाण्डौ उपत्यकाबाट प्यूठान गएका कालिगढले नै यो वास्तुकलाको निर्माण गरेको अनुमान गर्न सकिन्छ ।[५८]

४.१४ राजनीति

काठमाण्डौ उपत्यकाको नेवार समुदाय अन्य जातिको समुदायमाभन्दा राजनीतिक क्षेत्रमा कम सहभागी भएको देखिन्छ । नेवार समुदाय अन्यत्र क्षेत्रमा जस्तै शिक्षा, व्यापार, खानपिन, लगाई खवाई, विभिन्न संस्कारमा अगाडि भएता पनि राजनीतिक क्षेत्रमा अन्य जातिको तुलनामा केही पछि परेको पाइन्छ ।

यस क्षेत्रमा वसोवास गर्ने नेवार समुदायमा राजनीतिक चेतना भएता पनि कुनै पनि पार्टीमा सक्रिय भएर हिडेको पाइएन । सामान्य वर्गका महिलादेखि लिएर उच्च वर्गका महिला पुरुष दुवैमा राजनीति चेतना भएको तर राजनीतिमा लागि परेको देखिदैन । स्थलगत अध्ययनको क्रममा व्यक्तिगत छलफल गर्दा सूचनादाता निमनारायण नकर्मीले राजनीतिमा लाग्न नितान्त आवश्यक छ, तर पनि लाग्न सकिएको छैन भनेर बताउनु भयो ।

४.१४ गुठी

नेवारहरू रक्त समूहको दृष्टिले बेग्लाबेग्लै समूहमा विभाजित देखिए पनि भाषाको दृष्टिमा एउटै सूत्रमा आवद्ध भएका पाइन्छन् र केही सामाजिक रीतिमा पनि समानता पाइन्छ । एउटै भाषा बोल्ने नेवारहरूमा अनेक विभेद छन् । यस प्रकार उनीहरूको आपसमा अनेक विभाजन देखिए पनि सबैलाई एउटै जस्तो देखाउने सामाजिक प्रथाहरू पनि पाइन्छन् । चाहे बौद्ध होस् चाहे हिन्दू सबैको आफ्नो गुठी हुन्छ । गुठीले नै उनीहरूको आपसमा अनुशासन स्थापित गर्दछ । गुठीको प्रथा नेवारबाहेक नेपालमा अन्य समाजमा विरलै पाइन्छ । गुठीबाट आफूलाई अलग्ग राख्ने धृष्टता कुनै नेवारले गर्न सक्दैन । गुठीहरू पनि धेरै प्रकारका हुन्छन् । नेवार समुदायमा प्रमुख तीन प्रकारका गुठीहरू देखिन्छन् । ती गुठी हुन्– 'सनागुठी', 'सीगुठी' र 'देवाली' वा 'द्यःगुठी' । सनागुठी र सीगुठीको काम

[५८] स्थलगत अध्ययन, २०६४ ।

मृत्युसंस्कारसित सम्बद्ध देखिन्छ । यी दुवै गुठीको सम्बन्ध मृत्यु संस्कारसित भए पनि तिनको आपसमा बेग्लावेग्लै प्रकारका कामका प्रकृति र उत्तरदायित्व हुन्छन् । सीगुठीले शव उठाउने र दाहसंस्कार गराउने काम गर्दछ भने सनागुठीले शब उठाउँदा आवश्यक सहयोग गर्ने र श्मशानसम्म सँगसँगै गएर अरु आवश्यक सहयोग गर्दछ । सनागुठीले त्यस्तै अप्ठ्यारो नपरी शव उठाउने र दाहसंस्कार गर्ने वा गराउने काम गर्दैन । यसबाट यही भन्न सकिन्छ सनागुठी आफू त्यसमा नमुछिई प्रवन्धकको काम मात्र गर्दछ । यस्तो गुठी हरेक वर्गमा आ-आफ्नै हुन्छन् । नेवारहरूमा मृतकको शव उठाउन गुठियार नै चाहिन्छ र गुठीयार नभएका व्यक्तिबाट शव उठाउन अशोभनिय मानिन्छ । कसैको मृत्यु भएमा गुठीबाट ल्याइएको 'देवँ' नामको वस्त्रले शवलाई ढाकेर शवयात्रा गराउनुपर्ने अनिवार्य नियमले पनि गुठीको महत्वलाई स्वतः प्रमाणित गर्दछ । देवँ नामको वस्त्र शवलाई पूरै ढाक्न पुग्ने लम्बाई चौडाइको हुन्छ । यो गच्छेअनुसार रशेम वा सनपाटको हुन्छ । यसको रङ्ग अपवादको रुपमा कतै रातो देखा परे पनि प्रायः पहेँलो अर्तात् पीताम्बर नै हुन्छ । यो वस्त्र शवयात्रा समाप्त भएपछि पुनः गुठीले जिम्मा लिने गर्दछ । एउटै वस्त्रले सबै गुठीयारको मृत्युमा काम लिन सकिने हुँदा यसमा आर्थिक बोझ पनि पर्दैन । प्रबन्धकको रुपमा सनागुठी भए पनि दाहासंस्कार गर्ने काम सीगुठीमा नै निहित हुन्छ । सनागुठी स्थायी संस्था हो र यसको सञ्चालन गुठियारका परिवारको जेठो-बाठो सदस्यबाट हुन्छ । नेवारहरू गुठीको प्रमुख व्यक्तिलाई 'थकाली' भन्दछन् । स्वास्नी मानिस यस्तो व्यक्ति भएमा 'थकाली नकी' भनिन्छ । सीगुठी र साना गुठीबाहेक शुभकार्यको लागि पनि अनेक प्रकारका गुठी हुन्छन् जसलाई 'नासःद्य गुठी' अर्थात् नाचगानसम्बन्धी देवताको गुठी, 'चःरे सेवागुठी' अर्थात् चौथीपूजाका गुठी, 'होलीगुठी' 'ससुगुठी' अर्थात् सरस्वतीपूजाको गुठी आदि । यस्ता गुठीबाहेक अर्को पनि एउटा महत्वपूर्ण गुठी हुन्छ जसलाई उनीहरु 'देवाली गुठी' भन्दछन् । एउटै पूर्खाका सन्तानले मान्ने गरेको पुख्यौंली देवता मान्ने सदस्य जहाँ बसे पनि देवाली गुठीको सदस्य हुन्छ र यस्ता व्यक्तिको सामूहिक कूलदेवताको पूजा गराउन बनेको संस्थालाई देवालीगुठी भनिन्छ । यस्ता गुठीमा सबै जूठो लाग्ने दाजुभाइका सन्ततिले जम्मा हुनैपर्छ । तर विवाहिता चेलीबेटीले यो गुठी त्याग्नु अनिवार्य मानिन्छ । यस्तो गुठीमा जम्मा हुने काम वर्षमा एक पटक वा कतै दुई

वर्षमा एक पटक हुन्छ । एउटै देवालीगुठीका सदस्यले एकले अर्कालाई भन्दा 'फूकी' भन्ने चलन छ । फूकीका बीच आपसमा विहेवारी चल्दैन र फूकीको सदस्यको मृत्यु भएमा आफ्नै परिवारको सदस्यको मृत्यु भए जस्तै गरी जुठो वार्नुपर्छ । नेवारहरुको फुकीको निधनमा कपडाको जुत्ता र सेतो एकसरो टोपी लगाउने चलन छ । आजकाल त्यसको नक्कल अन्य समाजले पनि नगरेको होइन । देवाली गुठीमा उपशाखा पनि हुनसक्छन् । देवालीको नियम नमान्ने व्यक्तिलाई गुठीयारको सभाले गुठीबाट निष्कासित गर्न सक्छ र त्यसरी गुठीबाट निष्कासित व्यक्ति वा परिवार सनागुठी र सीगुठबाट पनि स्वतः निष्कासित हुन्छ ।

नेवार समुदायमा देखापरेको यति महत्वपूर्ण गुठीको प्रचलन प्यूठान खलंगा गा.वि.स. वा सदरमुकाममा बसोवास गर्ने नेवार समुदायमा खास स्थान पाइएन । भिमसेन मन्दिर, गणेश मन्दिर, शिव मन्दिर आदि मन्दिरहरू गुठीबाटै चलेको पाइन्छ । यसरी नेवारी समाजमा गुठीको खासै महत्व नदेखिए तापनि मन्दिरमा आवद्ध नेवारहरु मृत्यु भएको परिवारमा पालो गरी कुर्न जाने प्रचलन छ । लाश लाने समयमा गुठीयारले उठाए पनि अन्य जाति पनि घाट जाने प्रचलन छ । यस प्रकारले खलंगाका नेवार समुदायमा गुठी विशेष गरी मन्दिर व्यवस्थाको लागि नै भएको पाइन्छ ।

हाल आएर नेवा खलः भन्ने संस्था २०५२ सालमा स्थापना भएको र त्यही संस्थाबाट नेवार समुदायको हरेक क्रियाकलाप, संस्कार सम्पन्न गरेको पाइन्छ । यो संस्थामा सबै थरीका थरका नेवारहरू सदस्य बनेका र सदस्यको घर परिवारमा परेको कुनै पनि समस्या यसै संस्थाका सदस्यहरू मिलेर सम्पन्न गरेको पाइन्छ ।

सारांशमा यस अध्यायमा प्यूठान खलंगामा बसोवास गर्ने नेवार समुदायको सामाजिक स्थितिको बारेमा उल्लेख गरिएको छ । नेवार समुदायले बोल्ने भाषा, लगाउने भेषभूषा, शिक्षा, राजनीति, कलावास्तुकला, नाता सम्बन्ध, नेवारी समुदायमा प्रचलनमा रहेको गुठी व्यवस्था, नारीको स्थान, खानपिन, भाँडावर्तन आदिको बारेमा स्पष्ट पारिएको छ ।

अध्याय पाँच

खलंगाका नेवारहरूको धर्मिक आस्था र संस्कार

५.१ धार्मिक भावनाको सामान्य परिचय

नेपालको नेवार समाज शैवमार्गी (हिन्दू) तथा बौद्धमार्गी गरी दुई भागमा विभक्त छ । समष्टिमा नेवार समाजभित्रका सबै जाति-वर्गलाई सजिलै दुई चिरामा बाँड्न भने सजिलो छैन । किराँतदेखि लिच्छविकालसम्म यहाँ पौराणिक हिन्दूधर्म र बौद्धधर्मको विकास भयो । नेपाल उपत्यकाको सामाजिक परिवेशमा नेपालको तराईबाट आएका शाक्य, वृज्जि, कोलिय, लिच्छवि आदि बौद्ध एवं हिन्दू समूहहरू नै प्रारम्भका राजनीतिक-प्रशासनिक एवं संस्कृतिक गतिविधिका प्रणेता थिए । एकै राजनीतिक परिवशेमा दुवै रीतिहरूले विकसित हुने मौका पाए । प्राचीनकालको यही जातियतत्व नै पछि हालको नेवार समाजको पूर्खा बन्यो । पूर्वमध्यकालतिर कर्णाटवंशीय शासक परिवारसित र त्यसपछि काठमाडौं प्रवेश गरेका अन्य जात-जातिहरू यहाँ प्रवेश गरेपछि एउटै संस्कृतिमा विलय भए । यसरी नेवार जातिय संरचना झन् समृद्ध र झन जटिल पनि भयो । हिन्दू धर्मका शैव, वैष्णव, शाक्त, सौर, गणपत्य, नाथ आदि मतहरू यहाँ विकसित भए । बौद्धधर्मको महायान सम्प्रदाय बढी लोकप्रिय रह्यो । हिन्दूसरह नेपालका बौद्धमार्गीहरू संस्कार-पूजाप्रथामा विश्वास गर्न थाले । बौद्धधर्मले खासगरी नेवार समाजलाई प्रभावित गऱ्यो । वर्तमान अवस्थामा पनि यही स्थिति कायम रहेको छ ।

हिन्दू नेवारहरूमा पुरोहित वर्गमा उपाध्याय (राजोपाध्याय), क्षेत्रियवर्ग श्रेष्ठ आदि र केही व्यावसायिक एवं निम्नवर्ग वा जाति छन् । अहिले हिन्दू नेवारहरूमा धार्मिक-सांस्कृतिक संस्कार सम्पन्न गर्ने ब्राह्मण (उपाध्याय) वर्गको कमी हुन थालेकोले पर्वते वा बौद्ध पुरोहितको माध्यमले धार्मिक कार्य गराउने प्रवृत्ति पनि पाइन्छ ।

बौद्धमार्गीहरूमा विहार, बहि, ननी, वहाल, स्तूप-चैत्य, मन्दिर आदि स्थलहरू धार्मिक दृष्टिले विशेष महत्वका छन् । व्यक्ति, परिवार र समुदायसित सम्बन्धित विविध संस्कार, पर्व आदि सम्पन्न गराउन यी स्थलको प्रयोग गरिन्छ । यस्ता धार्मिक

संस्कारहरूमा पुरोहित, थकाली, नकी आदिको स्थान विशेष महत्वको छ । बौद्ध धर्ममा निर्वाण नै व्यक्तिको अन्तिम लक्ष्य हो । मानव जीवनको यस अभिष्टलाई प्राप्त गर्न बौद्ध धर्मावलम्बी नेवार समुदाय पूजा अर्चना, दान, धर्म, संस्कार, पर्वको आयोजना र सहभागितामा संलगन भैरहन्छन् । पूर्वमध्य तथा मध्यकालमा लेखिएका प्रमुख धार्मिक ग्रन्थ र पछि लेखिएका ग्रन्थहरूले धर्मको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेका छन् । उपत्यकाका साथै उपत्यकाबाहिरका सबै नेवार वस्तीहरूमा समान रूपले हिन्दू तथा बौद्धधर्म र पर्व–जात्राहरूको आयोजना गरिन्छ ।

५.२ प्यूठान खलंगा गा.वि.स.का नेवार समुदायको संस्कारको सामान्य परिचय

'संस्कार' शब्दको अनेक अर्थ हुनसक्छ । तर सामान्य परिभाषा गर्नुपर्दा संस्कारलाई 'मानव समाजले आफ्नो शुद्धता, प्रकृति एवं उन्नतिका लागि विशेष अवसरका रूपमा सम्पन्न गर्ने पर्व वा व्यवहार विशेष" भनी गर्न सकिन्छ । हिन्दू-बौद्ध समाजमा पनि 'संस्कार' शब्दले धार्मिक विधिसमेत सम्मिलित विशेष अवसर भन्ने बुझाउँछ । यद्यपि यस्तो अवसर धार्मिक मात्र नभई सामाजिक पनि हुन सक्छ । वास्तवमा सामाजिक रूप रूपको संस्कारले पनि यसलाई सम्पन्नगर्ने क्रममा धार्मिक स्वरूप ग्रहण गर्न सक्छ । त्यस्तै, धार्मिक संस्कारलाई सम्पन्न गर्दा यसको सामाजिक पक्ष त्यत्तिकै स्पष्टसित देखा परेको हुन्छ । केही संस्कार जति स्पष्ट एवं सरल देखापर्छ, अन्य केही त्यत्तिकै प्रतीकात्मक र जटिल पनि हुन्छ । केही संस्कार परिवार, कुल-कुटुम्ब र गोत्रको ऐक्यवद्धता समुन्नती एवं सुदृढीकरणका लागि सम्पन्न गरिन्छ भने केहीको तात्पर्य मानिस एवं अदृश्य, काल्पनिक शक्तिहरूबीच सामाञ्जस्य राख्नु पनि रहेको पाइन्छ । त्यस्तो अदृश्य शक्तिले मानवलाई लगातार र सधैं प्रभावित गरेको हुन्छ । त्यो प्रभाव सकारात्मक र नकारात्मक दुवै हुन्छ भन्ने मानव विश्वास धेरै पुरानो हो र विश्वव्यापी पनि । वर्तमान सन्दर्भमा यो तथ्य अनौठो लाग्नसक्छ, तर प्राचीन मानवको मनोवैज्ञानिक स्थिति वर्तमान मानवको भन्दा भिन्न थियो र त्यस स्थितिको सामना गरी आफू तथा आफ्ना वरिपरिका प्राणीको सुरक्षा एवं भलाइका लागि कतिपय संस्कारहरूको उद्‌गम भयो । जे होस् सबै प्रकारको संस्कारमा पाइने एउटै समानता के हो भने ती सबैको एक निर्दिष्ट ध्येय रहेको हुन्छ ।

संस्कारलाई विधिपूर्वक सम्पन्न गरेपछि त्यो ध्येय प्राप्तिको बोध मानिसलाई हुन्छ । प्राचीनकालदेखि अर्वाचीनकालसम्म यो लक्ष्य शाश्वत रहिआएको छ ।

मानव जीवनसँग संस्कारको के सम्बन्ध छ? अर्थात् संस्कारको महत्व के हो ? यो प्रश्न संस्कृति एवं समाजशास्त्र/मानवशास्त्रका विद्यार्थीका लागि निकै महत्वको छ । संस्कारले मानिसलाई संस्कृत (संस्कारित) शुद्ध वा परिष्कृत पार्छ भन्ने विश्वास धेरै पुरानो हो । यही धारणाले मानवले आफ्नो समाजमा विद्यमान धारणा, मान्यता र मूल्यहरूप्रति आस्थाको विकास गर्छ । संस्कारले त्यस्तो आस्थाको विकास र जगेर्ना गर्ने, समाजप्रति प्रतिबद्ध रहन र अनुशासन कायम गर्न मद्दत गर्छ । हिन्दू संस्कारहरूमा यही प्रेरणातत्व प्रमुख रहेको हुन्छ । संस्कारमा नियम-कानूनभन्दा जीवनलाई नियमित गर्न, सङ्गठित र सुदृढ गर्न हजारौं वर्षदेखि सङ्कलित एवं विकसित व्यवहारको वाहुल्य रहेको छ । सो विशेष व्यवहारको तात्पर्य जीवनलाई निरन्तरता प्रदान गर्नु, पवित्रता प्रदान गर्नु र समुदायलाई सूत्रबद्ध गरिराख्नु हो ।

व्यक्ति परिवारमा जन्मन्छ, हुर्कन्छ । तर हुर्कने क्रममा र त्यसपछिको जीवनमा ऊ परिवार र कुटुम्बको सीमित परिवेशबाट वाह्य संसारमा प्रवेश गर्दछ र आफ्ना क्रियाकलापलाई बृहत परिवेश अनुकूल पार्ने प्रयास गरिरहन्छ । सफल जीवन त्यो हो, जसमा प्रतिकूल परिस्थिति र परिवेशलाई पनि अनुकूल पार्ने क्षमता रहन्छ । यस्तो सफल जीवनमा संस्कारहरूको ठूलो भूमिका हुन्छ । शारीरिक एवं मानसिक विकासका साथै व्यक्ति विविध अवस्थामा सङ्कटमा पनि पर्दै जान्छ र संस्कारबाट ऊ सङ्कटमुक्त हुन्छ अथवा संस्कारले व्यक्ति र सङ्कटबीचको समस्यामा मध्यस्थता गर्दछ । त्यसैले व्यक्तिको विकासमा संस्कारको भूमिका विशेष महत्वको हुन्छ ।

हिन्दू समाजमा प्रचलित सबै संस्कारहरूलाई गहिरिएर विश्लेषण गरेमा तिनमा मानव जीवनमा विविध पक्ष, खासगरी मानव जीवनको गति, उत्कर्ष, अवसान वा अन्त्यलाई दृष्टिगत गर्दै शास्त्रकार र नीतिकारहरूले जीवनलाई गतिमय र सार्थक बनाउने विशेष प्रयत्न गरेको पाइन्छ । जीवनको सार्थकता गतिशील हुनुमा नै छ । बालकले जन्म लिएपछि आमाको काखले मात्र उसको विकास हुँदैन । अतएव, उसलाई परिवार तथा समुदायको नयाँ सदस्य बनाउन जात तथा नामकर्मको थालनी गरियो ।

उसको जीवनमा नयाँ गति दिई व्यक्तिको विकास गराउन क्षवर, उपनयन, विद्यारम्भजस्ता अन्य संस्कर थपिए । प्रारम्भमा छोरा र छोरीका लागि समान वृद्धि संस्कार गरिन्थ्यो । पछि त्यसमा केही भेद उत्पन्न भयो । उपनयनले प्राचीनकालमा गुरुको कुल (आश्रम) मा गई विद्या आर्जन गर्न प्रेरित गर्थ्यो । द्विजहरूले विद्या हासिल गर्नु आवश्यक थियो । यता शुद्रलाई विद्या ग्रहण गर्न नदिई उपनयनबाटै बञ्चित राखियो । बाँकी तीन वर्णका लागि उपनयन आवश्यक भयो । उपनयनपछि सम्पन्न गरिने विवाह संस्कार स्वयम्मा एक पूर्ण संस्कार हो । ब्रह्मचर्य आश्रममा गुरुसित आवश्यक ज्ञान आर्जन गरी गृहस्थ आश्रममा प्रवेश गरी अनेक धर्म र कर्तव्यको निर्वाह गर्न विवाह आवश्यक ठानियो । शतपथ, तैत्तिरीय आदि ब्राह्मण साहित्य र अनेक गृहसूत्रहरूमा विवाहको महत्वको चर्चा छ र विवाहका विधिविधानहरूको पनि । स्रष्टाको गठन गराई तिनको उचित रेखदेख गर्नु, बृद्धजनको सेवा तथा पालन गर्न वैवाहिक जीवनको प्रमुख धर्म मानियो । यो मान्यता अद्यापि कायम छ ।

विवाहपछि गरिने संस्कारहरूमा अन्त्येष्टि नै मुख्य हो । यस संस्कारले मानिसलाई मृत्यु अनिवार्य छ र यससित जीवनले जुध्नैपर्छ, प्राणवायु त्याग गरेको शरीरलाई विधिवत् संस्कार गर्नुपर्छ भन्ने बोध गराउँछ । आध्यात्मिकता दृष्टिले विचार गर्दा मृतकको आत्मालाई परमात्मातर्फ उन्मूख गराई अन्नतः मोक्ष दिलाउनले काम जीवत आफन्तहरूको हो ।[छ८]

अन्तमा संस्कारको सम्बन्ध प्रकृतिसित र शुद्धतासित छ । यसले बाह्यभन्दा आन्तरिक शुद्धतामा जोड दिन्छ । संस्कारमा आडम्बरको देखावटी व्यवहारलाई ठाउँ छैन । संस्कारलाई खर्चिलो र ढोंगी बन्न दिनु हुँदैन । संस्कारले जीवनलाई खास सन्देश दिन्छ । कर्ताले त्यसको भित्री मर्म बुझ्नुपर्छ । यो जीवनलाई हेर्ने एक ऐना हो । परम्परागत धारणाअनुसार मोक्षप्राप्तिको एक ढोका पनि हो । यसैले जीवनसँग यसको निकट र घनिष्ट सम्बन्ध रहेको हुन्छ ।

---

[५९] प्रेमकुमार खत्री, *नेपालमा धार्मिक मत र सामाजिक संरचना,* काठमाडौं: भेटाहिटी, २०५८, पृ. १२४–१२६ ।

प्यूठान खलंगा गा.वि.स. मा वसोवास गर्ने नेवार समुदायको जन्मदेखि मृत्युसम्मका निम्न लिखित संस्कारहरूको भएको पाइन्छ–

५.३ नामकरण

सामान्यतया बालक जन्मेको दशदेखि बाह्र दिनमा नामकरण संस्कार सम्पन्न गर्ने चलन हिन्दूहरूमा पाइन्छ । हिन्दू संस्कारहरूमा यो पनि एक महत्वपूर्ण संस्कार हो । सर्वप्रथम ऋग्वेदकालतिर नै बालकलाई नाम दिइने प्रचलन रहेको देखिन्छ । कारण, ऋग्वेदमा यस्ता उल्लेखहरू छन् । पछि ब्राह्मणकालमा आएर यसले संस्कारको रूप लियो र यसका लागि आवश्यक विधिविधानहरू तयार भए । शतपथब्राह्मण साहित्यमा नामकरणसम्बन्धी निकै महत्वपूर्ण कुराको उल्लेख पाइन्छ । यस अनुसार नवजात बालकलाई नाम दिनु एक आवश्यक शर्त हो । नामबाटै सर्वप्रथम व्यक्तिको समाजसित सम्बन्ध कायम हुन्छ । नामले नै उसले ख्याति प्राप्त गर्दछ । यसैले नामाकरण संस्कार प्रशंसनीय छ भन्ने बृहस्पतिको भनाई छ ।

तर बालकको नामकरण गर्नु मात्र यसको विशेषता होइन । यस संस्कारको अर्को सामाजिक पक्ष जतिकै महत्व छ । शिशुले जन्म लिएपछि त्यो घर, परिवार तथा सम्पूर्ण कुटुम्ब अपवित्र मानिन्छ । देवताको पूजाआजा बन्द गरिन्छ एवम् अन्य गोत्र र कुलका व्यक्तिहरू त्यस परिवार र कुलकुटुम्वबाट अलग रहेर बस्दछन् । बालकको नामकरण (न्वारान) नगरेसम्म अपवित्रता कायम रहिरहन्छ । अतः यो संस्कार सम्पन्न गरेर सारा परिवार तथा कुटुम्वजन पनि पवित्र हुन्छन् ।

विशेषगरी यो संस्कार सम्पन्न गर्दा मिठा-मिठा खानाका प्रकार बनाएर सूर्य भगवानको पूजा गरिन्छ । अण्डा, चिउरा, लसुन, अदुवा, माछालगायत विभिन्न थरिका खानेकुरा बनाएर आमा र बच्चाले सूर्यको पूजा गरी उक्त खानाको परिकार सूर्यलाई चढाइन्छ । यसपछि बालकलाई उक्त स्वादिष्ट खानेकुरा खानदिने प्रचलन रहेको पाइन्छ ।

५.४ अन्नप्राशन

जन्मेर कैयौँ हप्तासम्म बालकले आमाको दूध र अन्य तरल पदार्थको भरमा बाँच्नुपर्दछ । योभन्दा कठोर वस्तुलाई उसको पाचनशक्तिले जित्न सक्दैन । तर बालक ५/६ महिनाको भएपछि उसलाई दूधबाहेक अन्य खाद्य वस्तुहरू पनि दिन सकिन्छ । उसको तथा आमाको समेत हितका लागि यसो गर्नु उचित पनि छ । यसरी बालकलाई सर्वप्रथम अन्न खुवाउन शुरु गरिने अवसरलाई पनि एक संस्कार मानियो र अन्य संस्कारहरू झैँ यसका लागि पनि विधिहरू तयार भए । यद्यपि यसको महत्व धार्मिकभन्दा बढी स्वास्थ्यसम्बन्धी छ । हिन्दूबाहेक फारसीहरूमा पनि बालकलाई सर्वप्रथम अन्न खुवाउने समयलाई एक संस्कारकै रूपमा मनाउने चलन छ । यसैलाई आर्यहरूमा यो चलन उनीहरू भारतीय उपमहाद्वीपतिर पस्नुभन्दा पहिल्यैदेखि रहिरहेको बुझिन्छ ।

अन्नप्राशन संस्कार सामान्यतया बालक छ महिनाको भएपछि गर्ने चलन छ । यसको कारण के हो भने छ महिनाको बालकलाई केही ठोस खाद्य पदार्थको आवश्यकता पर्दछ । त्यसको पूर्ति भए मात्र उसको शारीरिक र मानसिक विकास छिटोछिटो गतिमा हुनसक्छ । यसबेला उसको दाँत पनि आउन लागेको हुन्छ । यसकारण पनि उसलाई ठोस वस्तु खान दिनु समयोचित हुन्छ । अन्नप्राशन गराउँदा छोरीलाई ५ महिना र छोरालाई ६ महिना वा ७ महिनाको भएपछि गराउने चलन हाम्रो समाजमा विद्यमान छ । तर यो भेदको खास कारण केही देखिँदैन ।

अन्नप्राशनमा पनि अन्य संस्कारहरूमा जस्तै केही मुख्य विधिहरू छन् । बालकको उज्वल भविष्यको कामना गर्दै घरमा अनेक ढङ्गले देवी देवताको पूजा र होम गरिन्छ । यस अवसरमा आफन्तहरूलाई पनि बोलाई अन्नप्राशनमा सरिक गराइन्छ । सर्वप्रथम अनेक व्यञ्जनहरू तयार पारी बुबाले बालकलाई क्रमशः ती पदार्थहरूको स्वाद गराउने चलन धेरै पुरानो हो । अहिले हाम्रो समाजमा के विश्वास रहिआएको छ भने अन्नप्राशनको अवसरमा खाएका पदार्थहरू उसले जीवनभरि खान पाउछ । अतएवं अनेक पदार्थहरूको घेरा बालकका सामु लगाइन्छ । प्राचीनकालमा बालकमा स्पष्ट बोली, शक्ति, मानसिक सन्तुलन, दीर्घायु, पवित्रता, बुद्धि आदि गुणहरू स्थायी रूपले रहिरहन् भनेर अनेक प्रकारका पशुपंक्षीको मासु पनि दिने चलन थियो । गृह्यसूत्रपछि यस्ता पदार्थहरू कम राखिए र घिउ, मह तथा शाहाकारी भोजनलाई प्राथमिकता दिइयो ।

आयुर्वेदाचार्य सुश्रृतले यस समयमा बालकलाई हलुको भोजन दिनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । सारांशमा, आमालाई दूध चुसाई रहने भार हलुका गर्नु र बालकलाई उसको शारीरिक बृद्धिको अनुपातमा आवश्यक ठोस खाद्यपदार्थ दिनु यस संस्कारको विशेषता हो ।

खलंगा गा.वि.स. मा नेवार समुदायमा पास्नी संस्कार सम्पन्न गर्दा आफन्तजनलाई निम्तो गरी कलश पूजा गरेर विशेष गरी छोरीचेलीलाई निम्तो गरी दान दक्षिणा दिएर यो संस्कार सम्पन्न गरिन्छ । यहाँका नेवार समुदायमा राजोपाध्य नभएको कारणले गर्दा र अन्य जातिको घुलमिल भएको कराण र हिन्दू ब्राह्मणले यो संस्कार सम्पन्न गर्दछन् ।

५.५ चुडाकर्म

सबै हिन्दू संस्कारहरूको आ-आफ्नै महत्व छ । कुनैमा धार्मिक भावना बढी छ भने कुनैमा सामाजिक दृष्टिले बडो महत्वका छन् । अझ सूक्ष्म विश्लेषण गरेमा हाम्रा संस्कारहरू शैक्षिक, नैतिक आदि महत्व बढी भएका पनि छन् । यीमध्ये चूडाकर्म यस्तो संस्कार हो, जसको महत्व अरु कुराको अपेक्षा स्वास्थ्यसँग बढी सम्बन्धित छ । बालक जन्मेपछि निश्चित उमेरको नभएसम्म केश नकाट्ने र शुभ साइतमा मात्र मुण्डन संस्कारका रूपमा सम्पन्न गर्ने चलन हिन्दूहरूमा छ । यसैको नाम चूडाकर्म हो । हिन्दू साहित्यमा यसलाई 'चुडाकरण संस्कार' भनी वर्णन गरिएको छ । हाम्रा धार्मिक ग्रन्थहरूमा नभई प्राचीन आयुर्वेदिक ग्रन्थहरूमा पनि चूडाकरणको महत्व बढी रहेको पाइन्छ । प्रसिद्ध आयुर्वेदाचार्यहरू चरक सुश्रुत आदिले केशको मुण्डनले शरीर स्वस्थ रहने र शरीरलाई आरोग्य प्राप्त भई जीवनमा स्फूर्ति, प्रगति, साहस र सुख उपलब्ध हुने कुराको उल्लेख गरेका छन् । यो संस्कार घर वा अन्य पवित्र स्थलमा पनि सम्पन्न गरिन्छ ।

चूडाकर्म सामान्यतया तीनदेखि पाँच–छ वर्षको उमेरमा उपनयन गर्नुभन्दा पहिले गरिने संस्कार हो । धेरै विद्वान्हरूको रायमा यो संस्कार सानो उमेरमा नै गरिनु उपयुक्त हुन्छ । यसमा बाबुको भूमिका हुन्छ । सर्वप्रथम एक शुभ साइतमा गणेश तथा अन्य देवदेवताको पूजा गरिन्छ । आमाले बालकलाई स्नान गराई एउटा कुण्डनेर लगेपछि

मन्त्रोच्चारणका साथ बाबुले सर्वप्रथम छुराले केही केश दायाँ कानतिरबाट काट्न शुरु गर्दछन् । बालकलाई हतियारले चोटपटक नलागोस र उसलाई यस मुण्डन कार्यमा कष्ट नहोस् भनेर वैदिक देवताहरूको प्रार्थना गरिन्छ । बाँकी केश भने त्यस कामका लागि नियुक्त नाऊ वा कुनै अन्य व्यक्तिले काट्छ । यसै संस्कारमा टाउकोको शिरोभागमा शिखा वा टुपी राख्ने काम हुन्छ । टुपीको आकार प्रकार आफ्नो खानदान, गोत्रअनुसार हुनछ । यसको सम्बन्ध व्यक्तिको आयुसित हुन्छ भन्ने सामान्य धारणा छ । अन्तमा केश काट्ने व्यक्तिलाई उपहार र ब्राह्मणलाई दानदक्षिणा दिने काम हुन्छ । काटेको केशलाई कुनै अदृश्य अशुभ शक्तिले फेला नपारोस् भन्ने हेतुले सुरक्षित ठाउँमा लगी विर्सजन गरिन्छ ।

खलंगा गा.वि.स. मा वसोवास गर्ने नेवार समुदायमा यो अवसर विशेष गरी हुने खाने परिवारमा भोजको पनि आयोजना गरिन्छ । यो संस्कार हिन्दू, बौद्ध र कोही-कोही भर्खर मात्र किश्चियन बनेका नेवार समुदायमा पनि चलेको पाइन्छ । यो समुदायमा केश काट्नको लागि मामा र फूपु हुनु आवश्यक छैन । अतएव, यो काठमाडौँको संस्कारभन्दा फरक छ । यस संस्कारलाई नेवारी भाषामा बसुका भन्ने गरेको पाइन्छ ।

५.६ ब्रतवन्ध

ब्रतवन्धलाई नेवारहरू कयटापूजा भन्दछन् । खासगरी हिन्दू धर्मावलम्वी नेवारहरू यस कार्यपछि यज्ञोपवित धारण गर्दछन् । यो संस्कारले बालकलाई वयस्क भएको र उसलाई सामाजिक रूपमा परिपक्व हुन लागेको संकेतको रूपमा लिन सकिन्छ । यस संस्कारले बालकलाई सामाजिक दायित्व बहन गर्ने कुरामा प्रोत्साहन गर्दछन् । वर्तमान समयमा यस्ता संस्कारहरू धेरै परिमार्जित रूपमा मनाउने गरिएको छ । यस संस्कारमा रहेका जटिलतालाई विस्तारै कम गर्दै लैजानु पर्ने आवश्यकता छ । यो संस्कारमा आएको जटिल तडक-भडक जस्ता खर्चिलो बनाउने कुराहरूलाई काम गर्न आवश्यक छ । यसका लागि सामूहिक रूपमा आयोजना गरी सम्पन्न गर्न सकिन्छ ।

यस कार्यपछि बालकलाई लंगौटी लगाइदिने चलन छ । बौद्धमार्गी नेवारहरू विहारमा बालकलाई लगि चुडाकर्म गराउँछन् । यसलाई वरेछयगु भन्दछन् । ब्रतवन्धपछि

हिन्दू धर्मावलम्वी नेवार टिकाग्रहण गर्दछन् । तर बौद्धमार्गीहरू त्यसो गर्दैनन् । यस अध्ययन क्षेत्रका नेवारहरूमा छोरा १६ वर्ष पुगेपछि ब्रतवन्ध गर्ने चलन छ । त्यस दिन मामाले नभएर ब्राह्मणले केश खौरिने चलन छ । त्यस दिनमा ब्राह्मणलाई पूजागर्ने र सगुन लिने र दिने कार्य समेत गरिन्छ । भोजको पनि आयोजना गरिन्छ । छोरी चेलीलाई बोलाइन्छ । तर यहाँ अरु पनि जातजाति बसोवास भएको कारणले गर्दा अन्य जातिलाई पनि निमन्त्रणा गरिन्छ । अन्य क्षेत्रका नेवारहरूको यस्तो संस्कार देभाजु अथवा गुभाजुहरूले गर्ने चलन छ । तर यस खलंगा गा.वि.स. मा यस्तो कर्म ब्राह्मण पंडितहरूद्वारा नै गर्ने चलन छ । देभाजु र गुभाजुको अभावले यस्तो हुन गएको हो । यस संस्कारपछि बालक वयस्क भएको विश्वास गरिन्छ ।

५.६ इहि

मानव जीवनमा विवाहको ठूलो महत्व हुन्छ । यसै कर्मदेखि नै जीवन प्रारम्भ हुन्छ । नेवारी समाजमा विवाहसँग सम्बन्धित विभिन्न कर्महरू हुन्छन् । दुवै स्त्री पुरुषहरूबीच विवाह गर्नुभन्दा पूर्व महिलालाई विवाहसम्बन्धी विभिन्न कर्म गराइन्छ । यसरी गरिने कार्यहरूले विवाहसँग सम्बन्धित हुन जुन बाल्य अवस्थादेखि नै सम्पन्न गरिन्छ । विवाहपूर्व गरिने कर्महरूमध्ये यो पनि एक हो ।

इहि पनि एक प्रकारको विवाह नै हो । यसको शाब्दिक अर्थ पनि विवाह नै हुन्छ । नेवारी समाजमा लगभग सबैजसो जातका नेवारहरूले यो कर्म गर्दछन् । देउभाजु, कसाईं च्यामे, धोवी र डुइया जातबाहेक सबैले यो कर्म कन्याको मासिकधर्म शुरु हुनुभन्दा अघि नै सम्पन्न गरिदिन्छन् । यस इहि कर्म गर्दा वेललाई स्वर्णकुमार भनेर कन्यालाई बेलसँग विवाह गराइन्छ । यो इहि गर्दा सामुहिक रूपमा र एक्लै पनि गराइन्छ । यो इहि कर्म भएपछि फुर्सदमा कुमारसँग विवाह गरिन्छ । खासगरी ७-११ वर्षको उमेरमा यो संस्कार गरिन्छ ।

इहि कर्मपछि महिलाले आफ्नो श्रीमान्को मृत्यु पश्चात पनि विधवा हुन नपर्ने हुनाले यस संस्कारबाट समाजमा घट्ने घटनाप्रति सचेत गराइन्छ । यस संस्कारले महिलाले विवाहपूर्व प्राप्त गरेको अधिकारलाई संरक्षण गरेको र विवाहपछि घट्ने कुनै

पनि घटनाले असर नगर्ने कुरा दर्शाएको छ । यो संस्कारले महिलालाई पारिवारिक जीवनप्रति पनि लक्षित गरेको छ । यस्ता कर्महरू गर्दा खर्चिलो हुने हुनाले यसलाई कामगर्नको लागि सामूहिक रूपमा संचालन गर्ने गरेको पनि पाइन्छ ।

यो संस्कार खलंगा गा.वि.स. मा हिन्दू र बौद्ध दुवै नेवारहरूले हिन्दू पुरोहित राखेर सम्पन्न गरि पंडित्नी (महिला ब्राह्मणी) ले यो इहिमा बसेका केटीहरूलाई सिन्दूर लगाइदिएपछि यो संस्कार सम्पन्न हुन्छ । यो गा.वि.स. मा देभाजु र गुभाजुको अभावले गर्दा र काठमाण्डौ उपत्यकाबाट झिकाउनु पर्दा निकै खर्चिलो हुने र समय पनि उचित नहुने भएको कारणले गर्दा ब्राह्मणले विधि पूरा गर्ने र ब्राह्मणीले टीका लगाइदिने प्रचलन छ ।

५.७ बाह्रा

नेवार समाजमा इहिपछि बाह्रा पनि महत्वपूर्ण संस्कार नै हो । कन्या रजोवती हुनुभन्दा पूर्व यो संस्कार सम्पन्न गरिन्छ । यसलाई गुफा राख्ने भन्ने गरिन्छ । यो संस्कारले महिलालाई आफू परिपक्व भइसकेको कुराको जानकारी दिने गर्दछ । त्यसले पनि यसको महत्व बढी छ । नेवारी कन्यालाइ बाह्रा राख्दा ११ दिनसम्म कुनै पुरुष र सूर्यको मुख नदेख्ने गरी अध्यारो कोठामा राखिन्छ । बाह्र दिनको दिन कन्यालाई सूर्य दर्शन गराएर फूल र अक्षताले पूजा गरी सूर्यको मुख देखाइन्छ । सूर्यको मुख देखाइसकेपछि कन्या शुद्ध भएको मानिन्छ । यसरी बाह्रा राख्दा त्यस कोठाभित्र विविध नाचगान गरी कन्यालाई मनोरञ्जन दिने पनि चलन छ । यदि बाह्रा नराख्दै कन्या रजोवत्रि भएमा भएकै दिनदेखि राख्ने चलन छ । विवाह भएको स्त्री रजोवती भएमा यही दिन घाम अस्ताई सकेपछि माइती अथवा आफन्तको घरमा पठाउने र त्यही उक्त कार्य सम्पन्न गर्ने चलन छ । बौद्ध धर्मालम्वीहरूमा रजस्वला बार्ने चलन नभए पनि यस अध्ययन क्षेत्रका बौद्ध र हिन्दू नेवारहरूले यो संस्कार ७–११ वर्षको बीचमा गरेको पाइयो । कसैले ७-१३ वर्षसम्म पनि यो संस्कार गरेको पाइन्छ ।

५.८ विवाह

विवाह सामाजिक ऐक्यवद्धताको सिद्धान्तमा आधारित एक क्रियाकलाप हो । यसमा अविवाहित महिला र पुरुषबीचको समझदारी स्थापना हुन्छ र दुवैजनासँगै बस्न सामाजिक अनुमति प्राप्त गर्दछन् । सांस्कृतिक रूपमा विवाहको छुट्टै महत्व रहेको छ । सबै समाज र धर्ममा विवाहलाई महत्वपूर्ण रूपमा सम्पन्न गरिन्छ । हिन्दू धर्ममा विवाह गृहस्थी जीवनको एउटा पाटोको रूपमा रहेको छ । जसको सहयोगबाट दुवै स्त्री र पुरुषले आफ्ना विभिन्न ऋण तिरी मोक्ष प्राप्त गर्ने अवसर प्राप्त गर्दछन् ।

नेवार समुदायमा विवाह भित्र्याउने चलन छ । यस समुदायमा विवाहको दिन नजिकैको जन्ति जाने र दुलही ल्याउने चलन छ । विवाहको अर्को दिन भिमसेन, गणेश, शिवालय आदि कुनै पनि एक मन्दिरमा लगेर दुलहीलाई पूजा गर्न लगाइन्छ । मन्दिरमा बोकाको, हाँस, कुखुराको वलि दिइन्छ र हाँस र कुखुराको अण्डा पनि चढाउने चलन छ । इष्टमित्रहरू र आफ्नो आफन्तहरूलाई भोज गर्ने चलन छ । अन्य जातिसँगको घुलमिलको कारण विवाहमा अन्य जात जातिका मानिसहरूलाई समेत निमन्त्रणा गर्ने र भोज गर्ने चलन छ । दुलही भित्र्याउँदा मूलढोकामा मूल पुरोहितले गणेश, कुलदेवता आदिको पूजा गर्न लगाउँछन् । घर भित्र्याउँदा दुलाहा र दुलाहाको आमाको गोडा धुन लगाइन्छ । र दुलाहाको आमाले साँचो जिम्मा वा हातमा दिएपछि भित्र्याउने कार्य सम्पन्न गरिन्छ । त्यसपछि अन्य विभिन्न देवताको पूजा गर्न लगाइन्छ । त्यसपछि दुलाहा दुलहीलाई विभिन्न परिकारका खानेकुराहरू एउटै थालमा राखी खान लगाउने चलन छ । भोजमा खास गरी राँगाको मासुको परिवारहरू छोयला, कचिलाको साथै रक्सीको प्रचलन बढी मात्रामा प्रयोग गर्दछन् ।

विवाह सम्पन्न भएपछि मुख हेर्ने कार्य गरिन्छ । विवाहपछि दुलाहाका आफन्तहरू दुलहीको मुख हेर्न आउने चलन छ । नेवारी समुदायमा चार दिनपछि यस्तो कार्य गरिने भए पनि यस क्षेत्रमा बसोवास गर्ने नेवारहरूमा विवाहकै अर्को दिन गर्ने चलन छ । मुख हेर्दा दुलहीलाई पैसा र केही मूल्यवान वस्तुहरू दिने चलन छ ।

मुख हेर्ने कार्य समाप्तिपछि दुलाहा दुलही माइती जाने चलन छ । त्यहाँ दुलाहा दुलहीलाई भित्र्याउने कार्यक्रम समाप्त गरिन्छ । ससुराली खलकका सबै आफन्तसँग चिनजान गर्ने गरिन्छ । यस कार्यक्रम सँगै माइतीपक्षमा सबैसँग ढोग गर्ने चलन पनि छ ।

नेवारी समाजमा फरक जातसँग विवाह गरेमा राम्रो मानिदैँन तर अहिले स्वीकार चाहिँ गरिन्छ । यस जातिमा मागी विवाह नै प्रचलनमा रहेको छ । त्यस्तै गरी प्रेम विवाह, अन्तरजातिय विवाह, विधवा विवाह, भागी विवाह छिटफुट रुपमा रहेको पाइयो तर यी मध्ये विधवा विवाह, भागी विवाह, अन्तरजातिय विवाहलाई समाजले मान्यता दिएको पाइँदैन । नेवारी समाजमा श्रीमान्को मृत्युपछि विधवा हुनुपर्ने र सेता लुगा लगाउने बाध्यता रहँदैन तर यस समाजमा विधवा महिलाहरूले रातो चुरा र रातो साडी आदि लगाएको पाइँदैन ।

विवाह एउटा महत्वपूर्ण संस्कार भएकोले विधिपूर्वक संचालन गर्न आवश्यक ठानिन्छ । विवाहमा आफ्ना आफन्तहरूलाई र अन्य इष्टमित्रलाई आफ्नो आर्थिक अवस्था अनुसार बोलाउने र भोजभतेर गर्ने चलन छ । वर्तमान समयमा विवाह बढी भड्किलो रूपमा खर्च गरी सम्पन्न गर्ने गरिन्छ अर्थात् समाजमा आफ्नो स्थान उच्च देखाउने परिपाटीको रूपमा विवाह सम्पन्न गरिन्छ । यसको कारण समाजमा नराम्रा असरहरू देखा पर्ने गर्दछन् र समाजलाई भड्काउने तरिकाले र निम्नवर्गका मानिसलाई होच्याउने पाराले सम्पन्न गरिने हुनाले विवाहमा सुधार गर्नु आवश्यक छ । विवाह सामान्य र कम खर्चिलो तरिकाले सम्पन्न गर्न राम्रो हुन्छ । यसको लागि सामाजिक सुधारको एउटा अभियानकै रूपमा लैजान आवश्यक छ ।

५.९ मृत्युसंस्कार

मृत्यु मानिसको अन्त्य अथवा मानिसले मोक्ष प्राप्त गर्ने विश्वासमा आधारित एउटा प्रक्रिया हो । मृत्युबाट मानिसको भौतिक रूप समाप्त हुन्छ । यसको धार्मिक रूपमा धेरै नै महत्व छ । मृत्युपश्चात् व्यक्तिको अन्त्यसँगै उसको आत्माले पनि मुक्ति पाउने अर्थात् परलोकमा राम्रो स्थान प्राप्त गर्ने विश्वास गरिन्छ । यस संस्कारमा आफ्ना सन्तानले गर्ने कर्मले मृतकको मुक्तिको बाटो खोल्ने हुनाले यसलाई निकै महत्वका साथ सम्पन्न गरिन्छ । सबै जाति धर्म सम्प्रदायका आफ्नै प्रक्रिया हुन्छ र त्यसै बमोजिम यो संस्कार सम्पन्न गरिन्छ ।

यहाँको नेवार समुदायमा मृत्यु भइसकेपछि गुठियार वा परिवारका मानिसहरू जम्मा हुन्छन् । गुठीयारहरूले मात्र लाश नउठाएर अन्य समूह र नेवा खलःको सदस्य समेत आएर लाश घाट लैजाने प्रचलन छ । यसरी लाश लैजादा नातेदारहरूले टोपी झिक्ने चलन छ । घाटमा लगेर छोरा भए छोरा नभए दाजु भाइले दागवत्ति दिएपछि लाशलाई जलाइन्छ ।

यस क्षेत्रमा हिन्दू धर्म वमोजिम नै किरिया वार्ने चलन छ । सातदिनसम्म कसैसँग नछोइकन छुट्टै बस्ने चलन छ । सात दिनमा चेलीवेटीले रुँदै फलाक्दै सात भाग दिक्षा उक्त दिनमा गाईलाई दिने प्रचलन छ । सात भागमा विभिन्न सात परिकारहरू पर्दछन् । १० दिनमा १ माना चामलको भात पकाउने र माझमा फूल राख्ने र प्वाल नभएको सियो र ढुङ्गो उल्टो भच्याङ लोहोरा राखेर उल्टो पानी खुवाउने र घुमाएर उल्टो पानी राख्ने र मलामीसहित खोलामा लगेर सेलाउने प्रचलन छ । बुद्ध धर्मावलम्वीहरू सात सरा धागोभित्र बसेर बत्ती कुरेर बस्ने चलन छ । किरिया अवधिमा आफ्नो जातको मानिससँग छोइन हुने र अन्यसँग नछुने चलन छ । विधि समाप्त हुँदा ब्राह्मणले तेह्रौँ दिनमा होम गरेर गहुत छर्किएपछि शुद्ध हुने र क्रिया समाप्त हुन्छ । त्यस अवसरमा ब्राह्मणलाई दान दक्षिणा आदि दिने गरिन्छ । वरखी जतिसक्यो त्यति दिन वार्ने चलन छ । त्यो समय कसैले १५ दिने, कसैले ४५ दिने, कसैले ६ महिना, कसैले १ वर्ष वार्ने प्रचलन छ ।

५.१० जंको अथवा भीमरथारोहण

यो संस्कार खासगरी स्त्री पुरुष वृद्ध भइसकेपछि बुढो भएको संकेतको रूपमा यो संस्कार गरिन्छ । जिन्दगीको लामो अवधि पार गरिसक्दा व्यक्तिले आफ्नो जीवनमा विभिन्न कार्यहरू सम्पन्न गरिसक्दछन् । यसरी कुशलतापूर्वक जीवनयापन गरेपछि बृद्धि अवस्थामा प्रवेश गरिन्छ । मानिसले बृद्ध अवस्थामा खास केही गर्न सक्दैन र आप्ना सन्ततिहरूलाई उपेदश मात्र दिने गर्दछन् । त्यस तथ्यमा व्यक्तिको लागि सम्मान सहयोग र मायाको आवश्यकता पर्दछ । त्यसै समयमा मानिसलाई सम्मानस्वरूप नेवारी समुदायमा यस्तो कर्म सम्पन्न गर्ने गरिन्छ जसलाई जंको भनिन्छ । यो प्रथम पटक ७७ वर्ष ७ महिना ७

दिनको दिन तिथि बार जुराएर गरिन्छ । त्यो कर्म गर्दा पूजा आजा गर्ने गरिन्छ । सबै आफन्तहरूले फूलमाला लगाइदिने, पैसा लुगा आदि उपहार स्वरूप दिइने प्रचलन छ । त्यस दिन कसै कसैले रथमा राखेर टोल छरछिमेक घुमाउने प्रचलन छ । त्यस दिन सबै छरछिमेकलाई सबै आफन्तलाई बोलाएर भोज गर्ने प्रचलन छ । यस क्षेत्रका नेवार समुदायमा जंको गर्नु नै पर्दछ भन्ने अनिवार्य छैन । धनी घर परिवारले मात्र सम्पन्न गर्ने परिपाटी रहेकोपाइन्छ । यहाँ यो संस्कार हिन्दू परम्परागत ब्राह्मणले गर्ने गर्दछन् । यो जंको नेवार समुदायमा दोस्रो पटक ८४ वर्ष ५ महिना ४ दिन मा र तेस्रो पटक ९९ वर्ष ९ महिना ९ दिन पुगेपछि यो संस्कार बार तिथि हेराएर सम्पन्न गरिन्छ । तर खलंगामा यो प्रचलन केवल एक पटक मात्र गरिन्छ । ८८ वर्ष ८ महिना ८ दिन पुगेपछि मात्र । त्यही पनि सम्पन्न व्यक्तिले मात्र यो संस्कार गर्दछन् ।

सारांशमा, यस अध्यायमा प्यूठान खलङ्गाका नेवारहरुको धार्मिक आस्था र उनीहरुले आफ्नो सामाजिक जीवनलाई संगठित र अक्षुण्ण राख्न सम्पन्न गर्ने संस्कारहरुको चर्चा गरियो । यो नेवार समुदाय काठमाडौँ उपत्यकाबाट त्यस क्षेत्रमा गई वसोवास गरेकोले दुवैथरि संस्कारमा समानता पाइनु स्वाभाविक छ । तर पनि मोफसलमा नेवार संस्कारका विज्ञ पाउन संभव नभएकोले स्थानीय हिन्दु ब्राह्मणबाट हिन्दु विधिअनुसार ती संस्कार सम्पन्न गरेको पाइयो । तर सबै संस्कार गर्नुपर्छ भन्ने चेतना भने खलंगाका सबैथरि नेवारहरुमा यथावत छ । यो निरन्तरता नै संस्कृति बचाउने माध्यम हो ।

अध्याय छ

खलंगाका नेवारहरूले मनाउने पर्व र जात्राहरू

६.१ परिचय

सामान्य अर्थमा पर्व र जात्रा भन्नाले घर-परिवार, समुदाय वा विशेष क्षेत्रमा मनाइने धार्मिक-सामाजिक अवसर विशेष बुझिन्छ । धार्मिक स्थल, देवी-देवताको नाममा मनाइने स्थान परिक्रमा, जन्मोत्सव वा विशेष अवसरलाई खुकुलो अर्थमा 'जात्रा' भन्न सकिन्छ । तर हाम्रो वहुजातीय तथा धार्मिक, सामाजिक, साँस्कृतिक परिप्रेक्ष्यमा चाडपर्वले र जात्राले चाडको रूप लिने हुनाले यी दुवै शब्द र तिनको व्याख्या गर्ने अवसर एक-अर्काको पूरकका रूपमा छन् । वर्तमान समयमा प्रचलित धेरै चाडपर्वहरू र जात्राहरूको उद्‌गम मध्यकालमा भएको हो । कतिपय जात्रा-उत्सवहरू मौसमको परिवर्तन र खेतीपातीसित सम्बद्ध देखिन्छन् भने कतिचाहिँ कुनै देवस्थलसित मात्र पनि सम्बद्ध पाइन्छन् । केही पर्व भने राष्ट्रव्यापी रूपमा मनाइन्छन् र परिवारको सदस्य, नाता कुटुम्व, इष्टमित्र आदिको भेट, पारस्परिक शुभेच्छा, सद्‌भावनाको अभिव्यक्ति गर्ने अवसरका रूपमा मनाइन्छन् । केही अवसरहरूले लेनदेन, व्यवहार, पठनपाठन, रोगव्याधिबाट मुक्ति नयाँ वर्षको थालनी, मानव तथा पशुपंक्षी बीचको मधुर सम्बन्धजस्ता जीवनको सामाजिक पक्षको अभिव्यक्ति गर्दछन् । तलका पृष्ठहरूमा नेवार समाजमा प्रचलित मुख्य-मुख्य चाडपर्व र जात्राहरूको छोटो परिचय दिने प्रयास गरिएको छ ।[६०]

वास्तवमा नेवारी विशेषता भनेको नै बढी भन्दा बढी चाडपर्व र जात्राहरु उनीहरुमा रहनु हो । वर्षमा ६ महिना उनीहरु चाडपर्वमा नै संलग्न हुन्छन् । यसले गर्दा गरिव परिवार माथि नकरात्मक असर पनि परेको पाइन्छ । चाडपर्व, भोजभतेर, जात्रा, भेटघाट, मन्दिर तथा गुम्बाका पूजामा यिनीहरु अत्यधिक समय र पैसा खर्च गर्दछन् । विस्केट जात्रा, भैरव जात्रा, गाई जात्रा, गणेश पूजा, कुमारी पूजा, भद्रकाली पूजा, मच्छिन्द्रनाथको जात्रा, भीमसेन जात्रा जस्ता थुप्रै पर्व, मेला, पूजा तथा जात्रामा नेवारहरु

---

[६०] प्रेमकुमार खत्री, *नेपालका धार्मिक मत र सामाजिक संरचना*, काठमाडौं : एम.के. पव्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स, वि.सं. २०५८, पृ. १८६-१८७ ।

संलग्न हुने गर्दछन् । यीनै जात्रा पर्वले नेवारी समाजमा जातीय एकता र सद्भाव बढेको पाइन्छ ।[६१]

नेवार समुदाय संस्कृतिको धनी भएको हुनाले यसमा नेवार समुदायले गर्व गर्ने ठाउँ छ । नेवारको आफ्नै छुट्टै भाषा, भेषभूषा, कला, चाडपर्व, जात्रा, देवीदेवताको आराधना जस्ता कुराहरूले नेवार समुदायलाई संस्कृतिको धनीको रूपमा चिनाउँछ । संस्कृतिको अन्त्य भएको नेवार समुदायको पहिचानको अन्त्य हो । त्यसकारण यसको संरक्षण र सम्वर्द्धनमा राजधानीबासी नेवारहरूको भूमिका अत्यन्त उत्साहवर्द्धक देखिएको छ । यो कुरा काठमाडौं उपत्यका बाहिर सीमित शहरी क्षेत्रहरू बाहेक अन्य ठाउँहरूमा नेवारी संस्कृति जोगाउने सम्बन्धमा खासै प्रयास भएको पाइँदैन ।

खलंगा क्षेत्रमा वसोवास गरेका नेवारी समुदायमा विभिन्न जात्रा र पर्वको महत्व, यी जात्राको उत्पत्तिको बारेमा खासै ज्ञान नभएता पनि आफ्नो परम्परालाई निरन्तरता दिन र आफ्नो संस्कार जोगाई राख्नु पर्दछ भन्ने मानसिकताले जात्रा पर्वमा केही हद भएता पनि सामूहिक रुपमा भेला भएर रोचकपूर्ण, हर्षउल्लासमय तरिकाले मनाएको पाइयो ।

गोपालसिंह नेपालीले त्जभ ल्भधबचक मा नेवार समुदायमा देखा परेका जात्राहरू निम्न प्रकारका बताएका छन्- भैरवी जात्रा, घण्टाकर्ण जात्रा, गाईजात्रा, इन्द्रजात्रा, कुमारी जात्रा, भीमसेन जात्रा, कृष्ण जात्रा, विस्केट जात्रा, नृत्य अजिमा जात्रा, त्यस्तै नयाँ वर्ष पनि एक पर्वको रूपमा लिएको पाइन्छ ।[६२]

प्यूठानको सदरमुकाम खलंगामा बसोबास गर्ने नेवार समुदायले हाल आएर आफ्नो जातिको तथ्यांक राख्ने, भेषभूषाको प्रदर्शन एवं प्रयोग गर्ने, भाषाको प्रचार प्रसार गर्ने, परम्परागत जात्राहरूको संरक्षण एवं सम्वर्द्धन गर्ने, आफ्नो समुदाय विशेषको आर्थिक, बौद्धिक, राजनैतिक, विकास गर्नका लागि नेवारहरूको छुट्टै संस्था "नेवा खलः" गठन

---

[६१] बलराम आचार्य, *नेपाली समाज र संस्कृतिको विश्लेषण,* सनलाइट पब्लिकेशन, कीर्तिपुर, काठमाडौं, २०६४, पृ. ५२-५३ ।

[६२] गोपाल सिंह नेपाली, *पूर्ववत्,* पृ. ३४४ ।

भएको पाइयो । यसैको माध्यमबाट माथि उल्लेखित कुराहरूको संरक्षण, सम्वर्द्धन एवं विकासका लागि यो संस्था प्रयासरत छ ।

६.२ गठे मंगल

यस पर्वलाई घण्टाकर्ण पनि भनिन्छ । घण्टजस्ता कर्ण वा कान भएको विध्वंसकारी राक्षसको कथासित यो पर्व जोडिएको छ । भर्खरै खेतीपाती सकिएको काठमाडौंको कृषक जीवनमा यसको ठूलो महत्व थियो । घरलाई एक पटक राम्ररी सफा गर्ने र घरलाई पूजास्थल बनाइन्थ्यो । यस दिनलाई देवकुल लकुलदेवताको पूजा र दिवालीको रूपमा मनाउने प्रचलन पनि चल्यो । बलिपुजा गर्ने घरमा राक्षस प्रवेश गर्न नदिन फलामका कीला ढोकामा ठोक्ने, फलामको औंठी लगाउने र झ्याल ढोका छिट्टै अर्थात् साँझपख नै बन्द गरी घरभित्र सुरक्षित बस्ने जस्ता प्रचलन चले ।

घण्टाकर्णको छोटो कथा यस्तो छ– प्राचीनकालमा यस नामको राक्षसले मानववस्तीमा आई नगरवासीलाई विहान सबेरैदेखि आक्रमण गरी सताउन थाल्यो । धेरै समयसम्म हाहाकार भएपछि एक दिन एउटा भ्यागुतोले राक्षसलाई तह लगाउने उपाय रच्यो । विहानै वस्तीतिर जान निस्केको राक्षसलाई उसले गलत बाटोबाट एउटा भास्सिने ठाउँतिर पुऱ्यायो । राक्षस हिलोमा फँस्यो । उता नगरबासी हातमा हतियार ढुङ्गा-मुढा लिई त्यता आएर राक्षसलाई मारे । त्यस अवसरलाई सम्झिने नर्कटको घण्टाकर्ण बनाई चौबाटामा राख्ने र खानपान गराई तान्दै लगेर नदीतिर सेलाउने प्रचलन अहिलेसम्म छ । अछूत जातिलाई राक्षसको प्रतीक बनाई पिट्दै नगर घुमाउने प्रचलन पहाडतिरका नेवार समाजमा पाइन्छ ।[६३]

तर प्यूठान खलंगामा गठेमंगलको जात्राबारे छलफल गर्दा प्रत्येक वर्ष श्रावणकृष्ण चतुर्दशीका दिन नेवार समुदायका स-साना केटाकेटीहरूले पातीको राक्षस बनाई बीच चौराहामा ठड्याई बाटोमा आउने-जाने बटुवासँग पैसा माग्ने चलन छ । स्थानीय बासिन्दा कृष्ण नकर्मीले भन्नु हुन्छ– किम्बदन्ती वा कथा अनुसार परापूर्वकालमा एउटा राक्षस थियो । उ धार्मिक प्रवचन या राम्रो कुरा सुन्न चाहँदैनथ्यो । त्यसकारण धार्मिक

[६३] प्रेमकुमार खत्री, *पूर्ववत्,* पृ. १९१ ।

प्रवचन भैरहेको ठाउँमा गएर आफू पनि नसुन्ने र अरुलाई पनि सुन्न नदिने गर्दथ्यो । प्रवचन भएको ठाउँमा गएर आफ्नो कानमा झुण्ड्याएको ठूला-ठूला घण्ट बजाई प्रवचन कार्यक्रम विथोल्ने गर्दथ्यो । यसरी नै राक्षसले धेरै दुःख दिएको हुनाले राक्षसलाई भगाउन उसैको रूपको राक्षस बनाई बीच बाटोमा ठड्याई जगात मागदै र दिनभरी जम्मा भएको पैसाले मासु किनी कुकुरलाई खुवाई सो कुकुरद्वारा राक्षसलाई ढाली सेलाउन लैजाने चलन रहिआएको हो । तर आजभोलि केटाकेटीले राक्षसलाई आफैँ ढालेर सेलाउन लैजाने र जम्मा भएको पैसाले मन परेका खानेकुरा किनेर खाने प्रचलन छ । यो जात्रा खलंगा र विजुवारको चोक-चोकमा निकालिन्छ ।

६.३ लाखे

गठेमंगलको रातीबाट लाँखे निकालने चलन छ । लाखेलाई राक्षसको स्वरूप मानिन्छ । कंसको सिपाहीको रूपमा रही कृष्णजीलाई मार्ने षडयन्त्रमा लाखे सरीक भएको भन्ने भनाई छ । लाखेजात्रा कृष्णाष्टमीसम्म निकाल्ने चलन रहे पनि हाल नागपंचमीको अघिल्लो दिनसम्म निकाल्ने चलन छ ।

६.४ नागपञ्चमी

श्रावण शुक्ल पञ्चमीको दिनलाई नागपञ्चमी भनिन्छ । मध्यकालदेखि नै यो पर्व नेपालमा प्रचलित रह्यो । आजसम्म पनि यो प्रख्यात नै छ । यस दिनको महत्व कृषि कार्यसित गाँसिएको छ । नेपालीहरू वर्षा लागेपछि कृषिमा लाग्ने र नागहरू पानीका देवता मान्ने हिन्दू एवम् बौद्ध परम्परा भएकोले नागको पूजा गरी रोग, व्याधि, सुख्खा आदि मारबाट बच्ने प्रचलन चलेको हो । गरुड तथा अन्य पुराणहरूमा नागपूजाको चर्चा छ । खेतमा काम गर्दा नाग वा सर्पले टोक्ने पनि डर रहन्छ । यो डरबाट बच्न पनि नागको पूजा गर्नु परेको हो । मध्यकालीन मूर्ति तथा चित्रकलामा नागको स्थान प्रशस्त देख्न सकिन्छ । वैष्णव धर्ममा नाग विष्णुका अभिन्न रक्षक मानिन्छन् । शेषनाग र विष्णुका मूर्ति एवंम् चित्रहरू तयार गर्ने परम्परा लोकप्रिय देखिन्छ ।

प्यूठान खलंगा सदरमुकाममा बसोबास गर्ने नेवार समुदायमा पनि यो पर्व मनाउने प्रचलन रहेको छ । नागहरूलाई खुशी पार्न नागनागिनीको रूप धारण गरी नृत्य गर्ने चलन छ । यो नृत्यमा अत्यन्त कर्णप्रिय बाजा बजाउने गरिन्छ ।

नागनागिनी नृत्यलाई अझ रोचक बनाउन स्वाङ्गे स्वाङ्गिनीको भेष धारण गरी हाँस्य-व्यङ्ग्यको माध्यमबाट समेत दर्शकहरूलाई मनोरञ्जन प्रदान गरिन्छ । यो जात्रा अधिराज्यमा प्यूठान सदरमुकाम खलंगामा मात्र निकाल्ने गरेको पाइन्छ । यो जात्रा नागपञ्चमीबाट जनैपूर्णिमाको अघिल्लो दिनसम्म निकाल्ने गरिन्छ ।

६.५ गाईजात्रा

प्यूठान जिल्लाको खलंगा गा.वि.स. मा गाईजात्रा मनाउने परम्परा पनि रहेको पाइन्छ । यो जात्रा भदौमा पर्ने हुनाले यस जात्रालाई भदौरे जात्रा पनि भनिन्छ । विशेष गरी यो जात्रा एक दिन मात्र दिउँसो निकालिन्छ । केवल पहिलेदेखि चलेको संस्कारलाई निरन्तरता दिनको लागि यो जात्रा मनाएको भन्ने कुरा छलफलबाट अवगत भएको छ । यो जात्रामा केटाकेटीलाई मिठाई दिने प्रचलन रहेको छ ।

६.६ जनैपूर्णिमा

नेपाली समाजमा लोकप्रिय रहेको पर्व जनै पूर्णिमा नेवार समाजमा पनि महत्वपूर्ण मानिन्छ । जनैपूर्णिमाको बेला प्रायः कृषकहरूले खेतीपातीको काम सिध्याई थकित अवस्थामा हुने र अक्सर विरामी हुने सम्भावना रहने हुनाले जनैपूर्णिमाको दिन नेवारहरूले विभिन्न थरीका गेडागुडीलाई भिजाई टुसा निकाली दालको रूपमा 'क्वाँटी खाने' चलन छ । यसले थकित शरीरलाई स्फूर्ति दिन्छ भन्ने भनाइ छ । यो दिनमा नौ धारा नुहाउने, नौ थरीको गेडागुठीको झोल खाने र भ्यागुतालाई भात खुवाउने चलन छ । तर आजकल भ्यागुतालाई भात खुवउने चलन हराएको छ । यसै दिन राति मृत व्यक्तिको घर परिवारबाट मृतात्माको सम्झना र शान्तिको लागि ताराली निकाल्ने गरिन्छ । ताराली जनैपूर्णिमाको अर्को दिन राति पनि निकालिन्छ । डोकोमा लिंगाको आकारमा कपडाहरूद्वारा सजाई मान्छेको स्वरूप तयार गरी डोकोभित्र मान्छे प्रवेश गरी करुणा बाजाको तालमा नृत्य गरिन्छ । यो नृत्यबाट लट्ठ भएर यमराजको द्वारपालहरुले

द्वार खोलिदिन्छन् र मृतात्माले स्वर्गलोकमा प्रवेश पाउँछ भन्ने भनाई रहिआएको छ । त्यसैदिन राति कतिपय मरेका घर परिवारजनहरूले मृतात्माको सम्झनामा 'रामायण' निकाल्ने पनि चलन छ । मरेको व्यक्तिको जन्मदेखि मृत्युसम्मको सम्पूर्ण वृत्तान्तलाई गीतको माध्यमबाट सन्यासीको रूप धारण गरेका कलाकारहरूले गाउँदै बजार परिक्रमा गर्दछन् । साथमा मृतात्माको शान्ति र मोक्षको कामना गर्दै भजन पनि गाउँदै हिँड्ने गरिन्छ ।[६४]

जनैपूर्णिमाको दिन तारारी निकालेको दृश्य

६.७ छिनीमिनी जात्रा

प्यूठान खलंगा सदरमुकाममा मनाउने जात्रा मध्ये छिनीमिनी जात्रा पनि एक महत्वपूर्ण मानिन्छ । यो जात्रा जनैपूर्णिमाको अर्को दिन दिउँसो नेवार जातिका साना-साना

[६४] निमनारायण नकर्मी, "प्यूठानको नेवार जाति र यसको संस्कृति : एक परिचय", *कालिका युवा क्लव स्मारिका*, वि.सं. २०६५ । पृ. २४ ।

केटाकेटीहरू कृष्णजीको रूपधारण गरी बाजाको तालमा बजारभरी नृत्य गर्दै घुम्ने चलन छ । यस अवसरमा तारालीहरू पनि सँगसँगै नृत्य गर्ने गर्दछन् । छिनीमिनी जात्रामा ठूला मानिसहरू कृष्णजीको भजन गाउँदै बालबालिकाको पछाडि हिँड्ने गर्दछन् । यो जात्रा विशेष गरेर खलंगामा र विजुवारमा निकाल्ने गरिन्छ ।

६.८ चुईकी फिजाउँने

प्यूठान खलंगाको नेवार समुदायमा मनाइने जात्रामध्ये चुईकी फिजाउँने पनि एक महत्वपूर्ण जात्रा हो । छिनीमिनी जात्राको अर्कोदिन दिउँसो बजारको चोकमा वर्षभरिका भए गरेका राम्रा नराम्रा कुराहरूलाई हास्यव्यंग्यको मार्फत सार्वजनिक गर्ने चलन रहि आएको छ । विभिन्न देवीदेवता, सन्त, महन्त-सन्यासीको रूपधारण गरी बजार परिक्रमापश्चात् चोकमा आई चुइएकी फिजाउँने गरिन्छ । तत्कालिन अवस्थामा शासकहरूले जनताको सुख-दुःख बुझ्न र तिनीहरूको पिरमर्का के छ भनेर बुझ्ने माध्यमको रूपमा पनि यो दिनलाई लिने गरेको भन्ने भनार्य छ । पन्चायती व्यवस्थाताका मानिसहरूलाई बोल्ने स्वतन्त्रता थिएन, त्यसकारण आफूलाई मनमा लागेका कुरा बोल्न पाउँदैनथे । वर्ष दिनभित्र यो एक दिन मात्र हाँस्य व्यंग्यको माध्यमबाट तत्कालिन शासकहरूले गरेका गलत क्रियाकलाप सार्वजनिक गरिने हुनाले क-कसले के-के बदमासी गरेका रहेछन् भनी सुन्न पनि मानिसको भीड लाग्ने गर्दथ्यो । लोकतन्त्रमा पनि कुन-कुन नेता तथा शासकहरूले बदमासी गरेका छन् । खबरदारी गर्नका लागि पनि यो कार्यक्रमको निरन्तरता अनिवार्य देखिन्छ । सोही दिन राती निकालिने रोपाई जात्रामा रोपाई गर्नको लागि को-को, के-के रूपधारण गरी आउने भनी कार्य विभाजनसमेत गर्ने गरिन्छ ।

६.९ रोपाईजात्रा

रोपाईं जात्रा पनि यस समुदायमा निकै महत्वपूर्ण मानिन्छ । विशेष गरी खेतिपातीको काम सिध्याइसकेको समयमा मनोरन्जन लिने खासै कुनै कुराहरू नभएको हुँदा विभिन्न प्रकारका जात्रा निकाली मनोरञ्जन लिने गरिन्थ्यो । बहुसंख्यक कृषक भएको नाताले आफूले गर्ने पेशा कृषिको महत्वपूर्ण पक्ष रोपाई रहेको हुँदा यसमा गरिने हरेक

क्रियाकलापलाई बाजागाजासहित प्रदर्शन गर्ने गरिन्छ । अन्य जात्राको तुलनामा यो जात्रा भव्य रूपमा निकाल्ने गरिन्छ । रोपाई जात्राको अर्को दिन सन्न्यासी जात्रा, पल्टनजात्राहरू निकाल्ने गरिन्थ्यो तर केही वर्षयता ती जात्राहरू निकाल्न छोडिएका छन् ।

६.१० कृष्णाष्टमी

श्रीकृष्णको जन्म भाद्रकृष्ण अष्टमीको दिन भएको थियो । त्यसैले प्रत्येक वर्ष भाद्रकृष्ण अष्टमीका दिन नेपाली नरनारीहरू व्रत लिई पूजाआजा गरेर श्रीकृष्णको जन्मोत्सव मनाउँछन् ।[६५]

कृष्णाष्टमी पर्व खलंगाका नेवार समुदायले पनि निकै धुमधामसँग मनाउने गर्दछन् । कृष्णाष्टमीको अर्को दिन कृष्णजी जन्मेको खुशीयालीमा कृष्ण तथा गोपिनीहरूको रूपधारण गरी भगवानको भजन गाउँदै बजार परिक्रमा गर्छन् । हाल केही वर्षयता बिजुवार र खलंगा दुवै ठाउँमा कृष्णजात्रा भव्य रूपमा प्रदर्शन गर्ने गरिएको छ । यो जात्रामा केटाकेटीलाई राम, शिव, लक्ष्मण बनाएर श्रृङ्गार गरिन्छ र बजारभरि प्रसाद बाँड्दै हिँडिन्छ ।

प्यूठान खलंगामा कृष्णजात्राका दिन महादेव, पार्वती, कृष्ण, गणेशको भेषमा जात्रा मनाउँदै

[६५] बासु बराल, *हिन्दू सामाजिक संरचनाको प्रारुप,* काठमाडौं: साझा प्रकाशन, वि.सं. २०४४, पृ. ३०७-३०८ ।

६.११ गणेशजात्रा

प्यूठानको खलंगामा गणेशजात्रा पनि मनाउने चलन छ । गणेश मन्दिरका गुठियारहरूद्वारा गणेशलाई खटमा विराजमान गराई भजन बाजागाजासहित बजार परिक्रमा गर्ने चलन छ । खलंगामा रहेको गणेश मन्दिरको स्थापना रणजीत कुँवरबाट भएको भन्ने भनाई छ । यो मन्दिर प्यागोडा शैलीमा निर्मित तीन तलामा निर्माण गरिएको छ । यो मन्दिर निकै सुन्दर छ । मूलढोकामाथि रहेको तोरणमा भैरवको निकै आकर्षक मूर्तिसहितको तोरण रहेको छ । दोस्रो तलाको झ्यालमा गणेशको मूर्ति रहेको देखिन्छ । मन्दिरको अगाडि ठूलो घण्टा रहेको छ र चारैतिर प्रदक्षीणापथ रहेको छ । यस मन्दिरको सरसफाईको काम आर्मीले हप्ताको दुई दिन गर्दछन् ।

प्यूठान खलंगामा अवस्थित गणेश मन्दिर

६.१२ मंसीर पूर्णिमा

मंसीर पूर्णिमा पनि प्यूठान खलंगाको नेवार मसुदायमा अति महत्वपूर्ण मानिन्छ । यस पर्वलाई नेवारी भाषामा 'योमरी' पूर्णिमा पनि भनिन्छ । यो दिन पिठोको शंख आकारको रोटी बनाई त्यसभित्र पहिले तयार गरिएको तिल, महको घोल राखी वाफमा पकाई धन्सार (भकारी) मा अन्नपूर्ण भगवतीको पूजा गर्ने चलन छ । चार दिनपछि त्यस्तै रोटी पकाई पुनः भकारीमा पूजा गरी प्रसाद ग्रहण गर्ने चलन छ ।

६.१३ ईन्द्रजात्रा

इन्द्रजात्रा पर्वको कथा स्वर्गका राजा इन्द्रसित गाँसिएको पाइन्छ । यो जात्रा प्रत्येक वर्ष भाद्रशुक्ल द्वादशीदेखि आश्विनकृष्ण चतुर्थीसम्म काठमाडौँमा धुमधामसँग मनाइन्छ ।

प्यूठान खलंगामा बसोबास गर्ने नेवार समुदायमा पनि यो जात्रा मनाउने गरिन्छ । खासै यस जात्राको महत्वको बारेमा थाहा नभएको तर पहिलादेखि नै पुर्खाले यो जात्रा मनाउँदै आएको कारणले गर्दा यो परम्परालाई निरन्तरता दिनको लागि मनाएको पाइन्छ । खलंगाका नेवार समुदायले मनाउने यो जात्रा भने काठमाडौं उपत्यकाको भन्दा बेग्लै किसिमले मनाउने गरेको पाइन्छ । यो जात्रा विशेष गरी जेठमा सबैभन्दा पहिलो रोपाइँ गर्ने कृषकले रोपाइँको दिन पानी नपरोस् भनेर बाँसको लिङ्गोमा ध्वजा बाँधेर खेतमा लगेर गाडिन्छ । तर पछि रोपाइँ गर्ने कृषकहरुले यसरी बाँसको लिङ्गोमा ध्वजा बाँधेर खेतमा गाड्नु नपर्ने भनाई रहेको पाइयो । यो जात्रा निकै रमाइलोको साथ मनाइन्छ ।

६.१४ माघे संक्रान्ति

माघेसंक्रान्ति पनि प्यूठान खलंगा सदरमुकामका नेवार समुदायको निकै रमाइलो गरी मनाउने एक महत्वपूर्ण पर्व भएको पाइयो । यो पर्वलाई नेवारीमा 'योम्हरी सलु' पनि भनिन्छ । यो दिन तीर्थ, ब्रत गर्ने पवित्र दिनको रूपमा पनि लिइन्छ । यो दिन देवीदेवताको दर्शन गरी आ-आफ्नो चेलीबेटीलाई बोलाई तरुल, सखरखण्ड, फुलौरा, चाकू, घ्यू, अदुवा आदि खाने र खुवाउने गरेको पाइयो ।

६.१५ श्रीपञ्चमी

प्यूठान खलंगा गा.वि.स. अन्तर्गत सदरमुकाम खलंगामा बसोबास गर्ने नेवार समुदायले श्रीपञ्चमी पर्व पनि धुमधामसँग मनाएको पाइयो । यो दिन नेवार समुदायबाट सहस्र धारा (सरस्वती धारा) बोकी घरघरमा माघ गाउँदै बजार परिक्रमा गर्ने र सरस्वती टोलमा रहेको सरस्वती मन्दिरमा गएर सरस्वतीको मूर्तिलाई पूजा गर्दै विशेष गरी विद्यार्थीले विद्या प्रदान गर भन्दै बर मागेको पाइन्छ । कसैले घर-घरमा नै सरस्वतीको आराधना गरेको पाइन्छ । मन्दिरमा पनि यो दिनमा कागज रंगाएर, फुलका माला बनाएर ध्वजा पतकाले मन्दिर श्रृङ्गारिएको हुन्छ । यो दिनमा यस मन्दिरमा नेवार समुदाय मात्र नभएर अन्य जाति तथा समुदाय पनि मन्दिरमा गएर पूजाआजा गरेको स्थानीयबासीले बताउँछन् ।

यस दिनलाई शुभ दिनको रूपमा लिएर स-साना बच्चाहरूलाई अक्षर आरम्भ गराउने, नाक, कान छेडीदिने प्रचलन पाइयो र यो दिनमा कृषकहरूले गोरु दाउने प्रचलन पनि गाउँ घरमा भएको पाइयो ।

६.१६ विस्केट जात्रा

विक्रम संवत्को नयाँ वर्ष सुरु गर्ने उत्सवमय परम्परा नेपालमा छ । मध्यकालदेखि नै काठमाडौं उपत्यकाका मल्लहरूको मूल घर भक्तपुर नगरमा यो पर्व 'विस्केट जात्रा' को नामले मनाउने चलन चल्यो ।

सर्वप्रथम पुरानो वर्षलाई विदा गर्न चैत्र महिनाको मसान्तका दिन दुइटा लामा खम्वा वर्षको प्रतीकको रूपमा ठड्याइन्थ्यो । भोलिपल्ट नयाँ वर्षका दिन गणेश, भैरव र ब्रह्मायणी तीन रथलाई तानेर उक्त खम्वालाई ठड्याइएको स्थलमा राखिन्छ । यस दिन पुरानो वर्ष बितेको प्रतीकको रूपमा ती खम्बालाई ढालिन्छ । हजारौं भक्तजनले उक्त दृश्यलाई हेर्न गरेको पाइन्छ । अहिलेसम्म यो जात्रा भक्तपुर र ठिमी मध्यपुर क्षेत्रमा उत्साहका साथ मनाइन्छ ।[६६]

[६६] प्रेमकुमार खत्री, *पूर्ववत्* पृ. १८७- १८८ ।

प्यूठान खलंगा सदरमुकाममा बसोबास गर्ने नेवार समुदायले पनि यो जात्रा मनाउने गर्दछन् । प्यूठान खलंगा सदरमुकाममा उपत्यकाका विभिन्न ठाउँमा जस्तै– भक्तपुर, वनेपा, ललितपुरबाट यहाँ आएका नेवारहरू मध्ये पनि विशेष गरी भक्तपुरबाट आएका नेवार समुदायले यो जात्रा मनाएको पाइन्छ । यो जात्रामा काठको लिंगो ठड्याउने गरिन्छ र तान्त्रिक विधिबाट पूजाआजा गरिन्छ ।

६.१७ घोडेजात्रा

प्यूठान खलंगाका नेवार समुदायमा यो घोडेजात्रा पर्व पनि निकै महत्वपूर्ण मानिन्छ । विशेष गरी गणेश र सूर्यलाई देवता मानेर घोडेजात्रा मनाइन्छ । यस जात्रामा विशेष गरी चटामरी (चामलको) योमरी (मासको) खाने गरिन्छ । यो जात्राको रूपमा नभएर केवल चाडको रूपमा मनाइन्छ ।

६.१८ शिवरात्री

प्यूठान खलंगा गा.वि.स.मा बसोबास गर्ने नेवार समुदायले शिवरात्री पनि भव्य तरिकाले निकै उत्साहजनक प्रत्येक वर्ष मनाउने गरेको पाइयो । खलंगा गा.वि.स.का. वडा नं. ४ स्थित स्कूल क्षेत्रमा शिवालयको मन्दिर प्यागोडा शैलीको मन्दिर वर्गाकारको जगतीमा आधारित छ । एक तले मन्दिर तर दुई छाने भएको यो मन्दिर निकै सुन्दर देखिन्छ । यो मन्दिर भूसतहदेखि दुई फिट उचाइमा छ । स्थानीय भेगमा पाइने काठ, ढुङ्गा, टायल तथा धातुको प्रयोग गरी बनाइएको यो मन्दिर निकै सुन्दर देखिन्छ । यस मन्दिरको चारैतिर प्रदक्षिणापथ पनि रहेको छ । गर्भगृहमा शिवलिङ्ग स्थापना गरिएको छ ।

प्यूठान खलंगामा अवस्थित शिवालय मन्दिर

यस मन्दिरमा दैनिक नित्य पूजाआजा भए तापनि शिवरात्रिको दिन खलंगा वासिहरूले यस मन्दिरको अगाडिपट्टि आँगनमा वृत्ताकार खाल्डो छ, त्यसैमा धुनी जगाई रातभरि फागु गाउने प्रचलन रहेको पाइयो । यस दिनमा स्थानीय बासिन्दाले ठूला ठूला काठका मूडाहरू लिएर त्यो खाल्डोमा आगो बाल्ने, शिव भजन गाउने प्रचलन रहेको छ ।

६.१९ बडा दशैँ

बडादशैँ सम्पूर्ण नेपालीको साझा महान चाड भए पनि यसलाई नेवारहरूले विशेष प्रकारले मनाउने गर्दछन् । फूलपातीको अर्को दिन अष्टमीको साँझ विशेष भोजको आयोजना गरी सम्पूर्ण परिवार बसी खाने चलन छ । यसलाई कुघि (एकहात) भ्वय: खाने भनिन्छ । एक हातको केराको पातमा एक माना च्यूरा र विविध परिकार सहित भोज खाने गरिन्छ । दशैँमा पूजा आजा गर्ने विधि पनि अरुको भन्दा फरक छ । दशैँको टीका नेवारहरूले पूर्णिमासम्म लगाउने गर्दछन् र सम्पूर्ण पूजा तान्त्रिक विधिबाट गरिन्छ ।

दशैँमा कुखुराको अण्डा, भटमास, च्यूरा, रक्सी, नरीवल, छोगडा, मिठाई, अनिवार्य चाहिन्छ । विशेष गरी यी वस्तु पनि रक्सीबाहेक अन्य खानेकुरा केराकै पातमा खाने, केराकै पातमा खान दिने र टीका थाप्न जाँदा सवै सगुन केराकै पातमा लैजाने प्रचलन रहेको पाइयो ।

६.२०तिहार (भाइटीका)

अन्य ठाउँमा जस्तै प्यूठान खलंगा सदरमुकाममा बस्ने नेवार समुदायले पनि महत्वपूर्ण चाडको रूपमा मानेको पाइन्छ । यो विशेष गरी दिदी बहिनी, दाजुभाइबीच गहिरो सम्बन्ध अटुट मायाँ रहिरहोस् भन्ने हेतुले यो पर्व मानिन्छ । भाइटीकाको दिन सबै दिदीबहिनीहरूले आफ्नो दाजुभाईलाई टीका लगाइदिने भए तापनि नेवारहरूको भाइटीका विशेष विधिद्वारा लगाउने प्रचलन छ । नेवार समुदायमा भाइटीका लगाउँदा विशेष प्रकारको मण्डप बनाई तेलको घेरा बनाई भाइटीका गरिन्छ । यसरी पूजा गरिनाले यमराजबाट आफ्नो दाजुभाइको रक्षा हुन्छ भन्ने भनाई छ । भाइटीकामा १२ सराको जंजका (जनाई) दाजुभाइलाई लगाइदिने चलन छ । त्यसैगरी पूजापश्चात ठूलो आकारमा तयार गरिएको टपरीमा विभिन्न प्रकारको रोटीद्वारा सजाइएको खाना खान दिइन्छ । भाइटिकाको अघिल्लो दिन राति म्हपूजा (आङपूजा) गरी आफ्नो शरीरभित्र रहेको इश्वरलाई पुज्ने चलन रहिआएको छ । यो पूजामा आफ्ना परिवारका सम्पूर्ण सदस्यहरू सरीक हुने गर्दछन् । यो पूजामा ६ सराको जंजका लगाउने चलन छ । म्हपूजाको दिनदेखि नेपाल सम्वत् पनि फेरिन्छ ।

६.२१ सिठी नख

सिठी नखःलाई कुमारषष्ठी पनि भनिन्छ । कुमार कार्तिकेय शिवका छोरा हुन् । ज्येष्ठशुक्ल षष्ठीमा उनको जन्म भएको दिन यो पर्व मनाइन्छ । कुमारको मूर्तिलाई रथमा राखी नगर परिक्रमा गराएपछि यो धार्मिक पर्व सकिन्छ । तर यस दिनको अन्य सामाजिक-लौकिक महत्व अलि फराकिलो रहिआएको छ । वर्षात्को समय सुरु भइसकेकोले घर, आँगन, पँधेरो, सफा राख्नु पर्छ भन्ने यस दिनको सन्देश हो । यो काम काठमाडौंका सबै शहरी बस्तीहरूमा लगनशीलताका साथ सम्पन्न गरिन्छ । कुमार र

पृथ्वीमाताको पूजा गरिन्छ । पृथ्वीले धनसम्पत्ति दिई जगत्का मानवको पालना गर्ने हुनाले उनको पूजा उपासनाको महत्व हुनु स्वभाविकै हो । साथै घर, आँगन, इनार, कुवा, धारा, सडक सफा नराखे महामारी फैलिन सक्ने र मध्यकालमा हालजस्तो उपचार व्यवस्था पर्याप्त नभएकोले होसियारी लिनु अत्यावश्यक पनि थियो । अतः यस पर्वको लौकिक महत्व झन प्रष्ट छ । कम से कम यक्ष मल्लका पालामा अभिलेखमा यसको उल्लेख पाइनाले यो पर्व निकै पुरानो भएको चर्चा डा. डिल्लीरमण रेग्मीले गर्नुभएको छ । आफ्नो वरिपरिको वातावरण सफल राखेपछि किसानहरू कृषिकार्यमा जुट्छन् र कैयौँ हप्तासम्म सुग्घर सफाईका दृष्टि पुऱ्याउन सक्दैनन् । यसैले सिठीले व्यस्त समयको थालनी भएको सङ्केत दिन्छ । कुमारको रथ अहिले नगर परिक्रमा गरी जैशी देवलमा राखी पूजा गरिन्छ । तर हाल परिक्रमा क्रम रोकिएको कुरा पुरोहित संरक्षकहरूबाट थाहा हुन्छ ।[६७]

प्यूठान खलंगामा बसोबास गर्ने नेवार समुदायले सिठी नखः जेठ महिनामा कूलपूजा गर्ने प्रचलन छ जसमा प्रत्येक नेवारहरूले बोका कसैले घर-घरमा र कसैले जंगलमा लगेर काट्ने प्रचलन छ । यसरी काटेको बोकाको मासु आफ्ना इष्टमित्रलाई बोलाएर खुवाउने प्रचलन भएको पाइयो ।

६.२२ चैते दशैँ

नेपालमा चैते दशैँ मनाउने परम्परा परापूर्वकालदेखि नै रहेको पाइन्छ । मध्यकालमा त यो चाड एकदमै विकसित अवस्थामा रहेको देखिन्छ । किनभने मध्यकालिन नेपालमा अनेक देवी, भगवती, अष्टमातृका आदिका मूर्तिहरू बनाइएको पाइन्छ । साधारणतया नेपालमा आश्विन र चैत्र महिनामा दुई पटक दशैँ मान्ने चलन छ । असोज महिनामा मनाइने दशैँको आफ्नो छुट्टै महत्व छ । असत्यमाथि सत्यको र दानवी प्रवृत्ति उपर मानवीय शक्तिको सदासर्वदा विजय हुन्छ भन्ने कुरा शारदीय-दशैँले देखाउँछ भने चैते दशैँले रोग व्याधि र शोकबाट मुक्ति पाइने स्पष्ट्याउँछ । चैते-दशैँको बारेमा "वर्षकृत्य प्रदीपक" नामक धर्मग्रन्थमा "चैतशुक्ल अष्टमीका दिन दुर्गा भवानीको उत्पत्ति भएकाले

[६७] प्रेमकुमार खत्री, *पूर्ववत्*, पृ. ज्ञ९०-१९१ ।

सो दिनमा दुर्गा भवानीको विधिपूर्वक पूजाआजा गरी उत्सव मनाएमा सारा रोग, व्याधि र शोक हटेर जान्छ । साथै मानव जीवनमा सदाकाल आनन्द र सुखले बास गर्ने छ ।" भनी लेखिएको छ । त्यसैले चैत्रशुक्ल अष्टमीका दिन मानिसहरू घर, आँगन, चोक आदिमा लिपपोत, सरसफाई आदि गर्दछन् र आफु पनि नुहाई धुवाई गरी स्वच्छ र शुद्ध बनेर भगवतीका मन्दिरहरूमा भक्तजनहरु जाने गर्दछन् । त्यसदिन, भगवती, काली, दुर्गा अष्टमातृका आदिका मन्दिरमा बोका, राँगा, कुखुरा, हाँस आदिको बलि दिने पनि चलन रहेको छ । मन्दिरहरूमा चण्डीपाठ गरिन्छ ।[६७]

प्यूठान जिल्लाको सदरमुकाम खलंगामा पनि चैते दशैं धुमधामले मनाउने गरिएको पाइयो । यो पर्वमा विशेष गरी खलंगामा भएका गणेश मन्दिर, भीमसेन मन्दिर, भगती मन्दिर, शिवालय मन्दिर आदि विभिन्न मन्दिरमा बोका, राँगा, हाँस, कुखुरा आदिको बली दिने प्रचलन छ । यसरी दुर्गा भवानीलगायत विभिन्न देवी देवतालाई चढाएको बोका, राँगा, कुखुरा, हाँसको मासु प्रसादको रूपमा छरछिमेकीलाई बाँड्ने प्रचलन पनि पाइयो ।

६.२३ मातातीर्थ औंशी (मायाउ ख्वा स्वयेगु)

यो पनि एक पर्वको रूपमा नै मानिन्छ । यो आमाको मुख हेर्ने दिन थितिको घटबडले गर्दा कहिले वैशाख, कहिले जेष्ठ महिनामा पर्दछ । आमाप्रति छोराछोरीद्वारा श्रद्धा प्रकट गर्ने दिन हो । त्यस दिन आमालाई मन पर्ने परिकार बनाई खुवाउने गरिन्छ । आमाको मुख हेर्ने यो परम्पराले आमा र छोराछोरी बीचको अटुट सम्बन्ध कायम रहिरहन्छ भन्ने मान्यता रहिआएको छ । यो दिन आमा हुनेले स्नान गरी आमालाई ढोग गरी मिठा खानामा परिकार लत्ता कपडा, सुन चाँदि आफ्नो क्षमता अनुसार दिने प्रचलन छ । आमा नहुनेले ब्राह्मणलाई दानदक्षिणा दिने प्रचलन भएको कुरा समूहगत छलफलबाट अवगत भएको छ ।

६.२४ कुशेऔँशी (ब्वायाउ ख्वा स्वयेगु)

आमाको मुख हेर्ने प्रचलनजस्तै बावुको मुख हेर्ने प्रचलन प्यूठान खलंगामा भएको पाइन्छ । यो पनि आमाको मुख हेर्ने जस्तै गरी हेर्ने प्रचलन पाइयो । छोराछोरी र बाबुप्रति

---

[६७] बासु बराल, *पूर्ववत्,* पृ. ३०५ ।

सुमधुर सम्बन्ध होस् भन्ने उद्देश्यले त्यस दिनमा बाबा हुनेले स्नान गरी बाबुलाई ढोग गरी खानेकुरा खान दिने कपडा पैसा दिने प्रचलन छ । बाबु नहुनेले ब्राह्मणलाई दान दक्षिणा गर्ने प्रचलन रहेको पाइयो । यो पनि तिथि अनुसार भदौ महिनामा पर्दछ ।

प्यूठान खलंगाका नेवार समुदायमा तीज, कुसेऔंसीलाई खास महत्व दिएको पाइएन । प्रत्येक महिनाको एकादशीमा भने महिलाहरू ब्रत बसेको पाइयो ।

यसरी खलंगाका नेवार समुदायमा पर्व र जात्राहरूको बारेमा जानकारी स्थलगत अध्ययन, सामूहिक छलफल र व्यक्तिगत स्पष्ट भयो ।

सारांशमा यस अध्यायमा नेवारी समुदायमा प्राचीन समयदेखि नै प्रचलनमा रहेका विभिन्न चाडपर्व र जात्राहरुको बारेमा उल्लेख गरिएको छ । ती चाडपर्व र जात्राको महत्व र मनाउने तरिका समेत स्पष्ट पारिएको छ । काठमाडौं उपत्यकाका नेवार समुदायले मनाउने चाडपर्वहरु कतिपय मिल्दोजुल्दो रहेको छ भने कतिपय चाडपर्व मनाउने तरिका फरक रहेको छ । काठमाडौं उपत्यकामा इन्द्रजात्रा आश्विन कृष्ण चर्तुथीका दिन मनाइन्छ भने प्यूठान खलंगामा जेठ महिनामा पहिलो रोपाइँ गर्ने कृषकले रोपाइँको दिन पानी नपरोस् भनेर लिङ्गोमा ध्वजा बाँधेर खेतमा लगी खाड्ने परम्परा रहेको पाइयो ।

अध्याय सात

खलंगाका नेवारहरूको सामाजिक–सांस्कृति परिवर्तनको स्थिति

७.१ परिवर्तनको पृष्ठभूमि

मध्यपश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत प्यूठान जिल्लाको सदरमुकाम खलङ्गा क्षेत्रमा वसोवास गर्ने नेवार समुदायको अध्ययन गर्दा यस क्षेत्रमा धेरै पहिलादेखि नै नेवार समुदायहरू वसोवास गर्न थालेको पाइन्छ । श्री ५ सुरेन्द्रविरविक्रम शाहदेवको पालामा वि.सं. १८९६/९७ मा लालमोहर प्राप्त भएपछि मात्र त्यस क्षेत्रमा नेवार समुदाय स्थायी बसोवास गर्न थालेको पाइन्छ । काठमाडौं, भक्तपुर, बनेपालागयतका स्थानबाट विशेष गरी हातहतियार निर्माणको लागि, प्रशासनिक कार्यका लागि भगाइएका राणाहरूका साथ लागेर, कोही राणाहरूका सुसारेसमेत भएर, कोही व्यापारको सिलसिलामा पनि यस क्षेत्रमा आएका हुन सक्ने देखिन्छ ।

काठमाण्डौ उपत्यकामा बसोवास गर्ने नेवार समुदाय र यहाँका नेवार समुदायमा प्राचीन समयदेखि प्रचलनमा रहेको संस्कृतिमा केही समानता रहे तापनि हाल आएर भिन्नता रहेको पाइन्छ । यस समुदायमा धर्म, संस्कार, रीतिरिवाज, घरहरूको वनावट शैली, भाँडावर्तन, भेषभूषा, भाषा, रहनसहन, गरगहना, जात्रापर्वहरूमा परिवर्तन आएको देखिन्छ । यसरी परिवर्तन आउनुका कारण के हो भन्ने सन्दर्भमा स्थगलत अध्ययन र छलफलको आधारमा निम्न कुराहरू स्पष्ट हुन्छ ।

७.२ भौतिक संस्कृतिमा भएको परिवर्तन

यस क्षेत्रमा वसोवास गर्ने नेवार समुदायको परम्परागत घरहरूको निर्माण वा वनावट हेर्ने हो भने पुराना घरहरू ४/५ तले भएता पनि केही होचा ढोकाबाट भित्र प्रवेश गर्दा शिर निहुराएर पस्नु पर्ने, घर निर्माण सामाग्री विशेष गरी काठ, ढुङ्गा, माटो, झिँगटी आदि सामाग्रीद्वारा निर्माण भएको पाइन्छ । यस्ता घरहरूमा कतैकतै उपत्यकामा भएको जस्तो आँखी भ्यालको पनि निर्माण भएको छ । ती आँखीभ्याल काठमाडौँ उपत्यकाका घरमा जडान गरिएकाभन्दा केही साना आकार प्रकारका छन् । यी घरहरूको सबैभन्दा माथिल्लो तलामा भान्सा, सबैभन्दा तल्लो तलामा घाँस, दाउरा, अनावश्यक सामग्री राखिन्छ ।

यस्ता प्रकारका पुराना घरहरूका भित्ता विशेष गरी माथितिर सेतो कमेरोले पोतेको र तल्लो भित्ता रातो माटोले पातेको हुन्छ भने भूइँमा कालो माटोले पोतेको हुन्छ । यस्ता परम्परागत घरका छानामा कतै कतै घाँसहरू पनि उम्रिएको देखिन्छ ।

यसरी परम्परागत घर निर्माण कार्य आज खलंगा गा.वि.स. मा बसोवास गर्ने नेवार समुदायमा घर निर्माण कार्यमा फरक आएको छ । यहाँको घर निर्माण कार्यमा अर्थात् घरको वनावटमा पनि आधुनिकता आएको छ । विशेष गरी काठ, ईंटा, वालुवा, सिमेन्ट, फलामका छड पनि प्रयोग गरिएको छ । घर पनि केही अग्ला र ढोका पनि अग्लो गरी बनाइएको छ । घर ६/७ तला पनि बनाइएको पाइन्छ । घरका भित्तामा निलो, रातो, सेतो र पहेँलो रंगले घरका भित्ता रंगाइएको पाइन्छ । आजका घरहरूको छाना ढलान गरी बनाइएको छ । यस्ता घरमा भान्सा कोठा आफूलाई मन परेको जुनसुकै तलामा पनि बनाउन सकिन्छ । सबैभन्दा तल्लोत लामा कसैले पसल चलाएको, कसैले अनावश्यक सामान राखेको पाइन्छ भने कतै कुखुरा, हाँस, वाखा पनि पालेको पाइन्छ । कतै भैंसी पनि पालेको देखिन्छ ।

७.३.१ परिवर्तनका कारणहरू

यसरी घर निर्माण कार्यमा वा घरको वनावटमा फरक अर्थात् परिवर्तन आउनुमा यहाँका वासिन्दा भन्छन्- मान्छे सधैंभरि विद्यार्थी जस्तै हुन्छ जसले केही न केही कुरा सिकिरहेको हुन्छ । बुद्धिमा, सोचमा पनि परिवर्तन भइरहेको हुन्छ । एक ठाउँबाट अर्को ठाउँमा जाँदा यहाँको वातावरण त्यहाँको रहन सहनमा रम्नु पर्दा जसरी आफूलाई त्यस ठाउँमा समाहित गराउनु आवश्यक छ त्यसरी नै समय सापेक्ष चल्नु पर्दा अरुको देखेर सिकेर पनि अन्य ठाउँमा बनेका घरको वनावट देखेर यहाँका घरको वनावटमा पनि परिवर्तन आएको हो ।

त्यसैगरी कसै कसैले टि.भि.मा विभिन्न आकार प्रकारका ठूला-ठूला, राम्रा राम्रा घर देखिने भएकोले पनि आफ्नो घर पनि त्यस्तै होस् भन्ने चाहना सबैमा हुन्छ र सोही अनुसार घरको वनावटमा परिवर्तन भएको कुरा वताउँछन् ।

७.४ खानपिनमा परिवर्तन

परम्परागत खाना यस ठाउँमा विशेष गरी दाल, भात, रोटी, तरकारी, अचार, जाँड, रक्सी, माछा, मासु नै भएको पाइन्छ । यस जिल्लाको सबैभन्दा बढी अन्न उत्पादन हुने ठाउँ नै यो क्षेत्र भएकोले खानपानमा पनि राम्रै स्तर रहेको छ । तर यहाँ नेवार समुदाय बढी भएकोले गर्दा र नेवारहरू खानामा विशेष रुची राख्ने र खानाका प्रकार पनि विभिन्न भएकोले उपत्यकामा खाने खाद्यवस्तु नै यहाँ खाने गरेको पाइन्छ । नेवारहरूको भोजमा विभिन्न प्रकार जस्तै चिउरा, मासु, तरकारी, भटमास, अण्डा, दूध, दही, अचार, थरिथरिका रोटी, मासुका परिकार जुन पहिले पनि उल्लेख भएको छ । विशेष गरी चाडपर्व, भोजभत्तेर, समयवजीको ठूलो महत्व हुन्छ जुन माथि पनि उल्लेख गरिएको छ ।

तर हाल आएर खानपानमा पनि निकै परिवर्तन भएको पाइन्छ । भोजभत्तेर, चाडपर्वमा पनि परम्परागत खाना नभएर आधुनिक प्रकारका महँगा महँगा रक्सी, वियर, जाँड खाएको पाइन्छ । मासुमा छोएला, कचिलालगायतका मासुका प्रकार बनाएर खाने गरेको पाइन्छ ।

भरखरै मात्र खलंगामा नेवा तुच्छा छे (नेवारी चमेना गृह) को स्थापना भएको छ जसमा नेवारी चमेना गृहको नामले चिनिए पनि त्यहाँ नेवारी खानामात्र नभएर महँगा महँगा रक्सी, वियरलगायतका पेय तथा मादक पदार्थको निकै व्यापार भएको पाइन्छ । तर एउटा कुरा के भने मासुका प्रकार, समयवजी भने त्यहाँको विशेष नेवारी भोजअन्तर्गत पर्दछ ।

यसरी खानामा परिवर्तन हुनुमा पनि वैदेशिक तथा स्वदेशी आवत जावतले गर्दा र आधुनिकताले नै गर्दा भएको हो भन्ने कुरा छलफलबाट स्पष्ट हुन्छ ।

प्यूठान खलंगामा अवस्थित नेवा: तुच्चा छे" (नेवारी चमेना गृह)

७.५ भाँडावर्तनमा परिवर्तन

प्यूठान खलंगामा विगतमा प्रयोग गरिने भाँडावर्तनहरू जस्तै तामाका गाग्री, ताउलो, तामाका थाल, वटुका, काँचका थाल, वटुका, पित्तलका कसौडी, पन्यो, डाडुलगायत विभिन्न धातुका दैनिक प्रचलनमा आउने भाँडावर्तनहरू भएको पाइन्छ । विशेष गरी नेपाल एक कृषि प्रदान देश भएकोले यस समुदायमा पनि खेती गर्ने परिपाटी भएको र करेसावारीमा फलफूल, तरकारी लगाउनको लागि खन्ने औजार कुटो, कोदालो, फरुवा, हसिँयालगायतका औजारहरू परम्परागत भाँडावर्तन प्रयोग गर्दछन् । प्यूठान जिल्लाको प्रसिद्ध औजार चुलेसी पनि फलामबाट बनेको पाइन्थ्यो ।

तर हाल आएर यसरी परम्परागत निर्माण भएका र देखापरेका भाँडावर्तनहरू क्रमशः लोप भएका छन् । आधुनिकताले गर्दा ती तामा, फलाम, काँच, काठ, माटोका भाँडावर्तन लोप भएर विभिन्न प्रकारका धातुका र प्लाष्टिक, पित्तलका भाँडावर्तन चलनमा रहेको पाइन्छ । प्रेसर कुकर, राईस कुकर, ताप्के, तावा, डाँडु, चम्चा, पनियो, थाल, पिलेट लगायत दैनिक प्रयोजनका लागि हलुका र सुन्दर आकर्षक भाँडावर्तन निर्माण भएको पाइन्छ ।

यसरी भाँडावर्तनमा आएको परिवर्तन हुनुमा पनि बाह्य देशको वा बाह्य प्रभावको कारण, आधुनिकताको कारणले गर्दा यस्तो परिवर्तन भएको हो भन्ने बुझिन्छ ।

७.६ जात्रा र पर्वमा आएको परिवर्तन

नेवार समुदायमा परम्परागत रुपमा देखा परेका र मनाउँदै आएका विभिन्न जात्राहरू र पर्वहरूमा पहिला जति महत्वपूर्ण र मनोरञ्जनका साधन स्रोत मानिथ्यो । पहिला मनोरञ्जनका साधन अरु केही नभएको कारणले गर्दा वर्ष दिनमा घुमेर आउने ती चाडलाई मानिन्थ्यो । खेतीपाती, रोपाइँ आदि गरेर थकित भएका शरिरलाई आनन्द र मनोरञ्जन दिनको लागि यी पर्वजात्रा मनाइन्थ्यो । सबैले यस्ता यी चाड पर्वको निकै महत्व भएको महशुस गरिन्थ्यो । यस्ता चाडपर्व जात्रामा प्रभाव पार्ने कुनै पनि साधन थिएन ।

अहिले हरेक घर घरमा आधुनिकताको कारणले गर्दा टि.भि., रेडियो, भिडियोको संख्या दिनानुदिन बृद्धि हुँदै गएकोले पनि हरेक समयमा ती साधनबाट मान्छेले विभिन्न प्रकारका मनोरञ्जनका दृश्य अवलोकन गर्न पाउँछन् । यी मनोरञ्जनका साधनहरू प्रशस्त भएको कारणले गर्दा पनि त्यस्ता जात्रा, चाडपर्वमा खासै मन लागेर वा चासो दिएर मनाउने गरेको पाइँदैन । यहाँका स्थानीय वा नेवारी समाजमा छलफल गर्दा ती विगतका जात्रा र पर्वहरू केवल पुर्खाले गरेको प्रचलनलाई निरन्तरता दिनको लागि जात्रा सम्पन्न गरेको हो भन्ने जस्ता कुरा पनि छलफलमा आए ।

७.७ नेवारी भाषामा आएको परिवर्तन

सदरमुकाम खलंगामा बसोवास गर्ने नेवार समुदायमा आफ्नो घरपरिवामा मातृभाषा नै बोलेको पाइन्छ । घर परिवारमा नेवारी भाषा नै बोलेता पनि बाहिर अन्य समुदायसँग नेपाली भाषा नै बोलेको पाइन्छ । विशेष गरी यो सदरमुकाम भएकोले र व्यापारिक क्षेत्र पनि भएकोले गर्दा अन्य ठाउँबाट वा अन्य जिल्लाका विभिन्न ठाउँबाट विविध कामले गर्दा र किनमेल गर्न पनि अन्य समुदायका जातिहरू यहाँ आउने र ती जातिसँग नेपाली भाषा नै बोल्नु पर्ने कारणले पनि २५ प्रतिशतले नेपाली भाषा बोलेको पाइन्छ । यहाँ बोलिने नेवारी भाषा र काठमाडौं उपत्यकामा बोलिने नेवारी भाषामा कुनै फरक नभएको कुरा यहाँका नेवार समुदायले भाषागत रुपमा छलफल गर्दा बताउँछन् । केवल उच्चारण गर्दा मात्र फरक जस्तो सुनिन्छ तर शब्द एउटै हुन्छ भन्छन् ।

नेपालका विभिन्न शहरी क्षेत्रमा विभिन्न नाका नाकामा छरिएर व्यापार व्यवसाय गर्ने नेवार समुदाय खलंगामा पनि बसोवास गर्न पुगे । विशेष गरी बाटोघाटो, सानो क्षेत्रमा पनि आफ्नो पेशालाई निरन्तरता दिनको लागि यी समुदायले व्यापार व्यवासय गरेका हुन्छन् । र उक्त क्षेत्रको वरिपरि अन्य समुदायको वसोवास गर्ने भएकोले र ती समुदायसँग घुलमिल हुन परेकोले पनि भाषामा परिवर्तन आएको पाइन्छ । यति मात्र नभएर आजभोली अन्य जातिसँगको विवहा वारीको कारणले गर्दा पनि भाषा मात्र नभएर नेवार समुदायमा शारिरीक वनावटको स्वरुपमा पनि परिवर्तन आएको छ ।

आज भोलि आधुनिकीकरणले गर्दा विभिन्न भाषाको पनि नेवारी समुदायमा अर्थात् विशेष त युवा वर्गमा अनेक भाषाको प्रचलन रहेको पाइन्छ । यसरी भाषामा परिवर्तन भएको पाइन्छ । अर्थात् भाषामा परिवर्तन हुनुमा अन्य जातिसँग घुलमिल, बच्चालाई स्कूलमा दिने शिक्षाको कारण, वैवाहिक सम्बन्धका कारण र आधुनिकताका कारणले भाषामा परिवर्तन भएको पाइयो ।

७.८ भेषभूषामा आएको परिवर्तन

यस क्षेत्रमा वसोवास गर्ने नेवार समुदायमा विगतमा भन्दा हाल देखा परेको भेषभूषामा धेरै भिन्नता रहेको पाइन्छ । पहिला लगाउने चोली, गुनियो, पटुका हाल आएर महिला वर्गले नभएर अत्यन्त वृद्धा महिलाहरूले लगाउने गरेको पाइन्छ । बृद्ध पुरुष वर्गले सुरुवाल, भोटो, ढाका टोपी, स्टकोट, कोही कोहीले मात्र लगाउने गरेका छन् भने केही युवायुवतीहरूले टिसर्ट, पाइन्ट, स्कट, सर्ट, कुर्ता सुरुवाल लगाउने गरेका छन् । महिला वर्गले साडी, पेटीकोट, व्लाउज लगाएको पाइन्छ ।

यसरी परम्परागत पोशाकमा परिवर्तन हुनु पनि आधुनिकताको कारणले गर्दा हो । विभिन्न पर्यटनको आगमनले पनि भेषभूषामा परिवर्तन ल्याएको पाइन्छ । त्यस्तै टि.भि.मा देखाउने अनेकौं फेसन सोले गर्दा पनि भेषभूषामा परिवर्तन भएको पाइन्छ ।

यहाँ वसोवास गर्ने नेवार समुदायमा आभूषणको पनि परिवर्तन भएको पाइन्छ । वृद्धा महिलाहरूले कानमा माडवारी, ढुङ्गी, सिल मुन्द्रा, टप, तिलहरी, हातमा औँठी लगाएको पाइन्छ भने युवतीहरूले घाँटीमा सुनको सिकी, विभिन्न प्रकारका कानमा

गहना, औँठी, हातमा सुनको चेन, खुट्टामा पाउजु लगाएका छन् । यो हुनुमा अर्थात् यरी गहनामा परिवर्तन देखिनु पनि आधुनिकताले गर्दा नै हो ।

७.९ धार्मिक आस्था र व्यवहारमा आएको परिवर्तन

यस क्षेत्रमा वसोवास गर्ने नेवार समुदायमा प्राचीन समयमा प्रचलनमा रहेको धर्म विस्तारै विस्तारै लोप हुँदै गएको पाइन्छ । वि.सं. १८८२ मा काल्चा नेवारलाई भीमसेनको पुजारी नियुक्त गरिएको थियो । त्यसैले गर्दा विगतमा यहाँ वसोवास गर्ने नेवारहरूले शुरुमा हिन्दू धर्मअन्तर्गत शैव, वैष्णव मान्दै आएको पाइन्छ । त्यहाँ निर्माण भएका मठ मन्दिर, मूर्तिहरू विशेष गरी शिव, पार्वती, गणेश, भीमसेन, विष्णु, लक्ष्मीलगायत विभिन्न देवीदेवताहरूको मूर्तिहरू भएको पाइन्छ । यहाँका मन्दिरहरूमा भीमसेन मन्दिर, शिवालय मन्दिर, गणेश मन्दिर लगायतका मन्दिरहरू प्रसिद्ध छन् । यी मन्दिरहरूमा विहान स्थानीय भक्तजन पुजाआजा गर्न आउने गर्थे । यी सबै मन्दिरमा खलंगालगायत जिल्लाका विभिन्न ठाउँमा बसोवास गर्ने मानिसहरूले बैवाहिक कार्य पनि यहाँ आएर सम्पन्न गर्ने गर्दछन् । यी मन्दिरको सरसफाई प्रत्येक शुक्रवार र बुधवार नेपाली सेनाले गर्ने गरेको छ । यहाँ भएका मन्दिरहरू सबै तले शैलीमा निर्माण भएको छन् ।

तर आज आएर शैव, वैष्णव धर्म मात्र नभएर बौद्ध, क्रिश्चियन धर्म पनि यस समुदायमा देखा परेको छ । बौद्ध धर्म माने पनि विहार, चैत्य, कुनै बुद्ध मूर्ति पनि निर्माण भएको पाइएन । क्रिश्चियन धर्मको पनि कुनै प्रकारको चर्च निर्माण भएको पाइएन । त्यसैले पनि यी धर्महरूप्रति भर्खरै लागेको अनुमान गर्न सकिन्छ । यसरी यस समुदायका नेवारहरूले परम्परागत धर्मलाई छाडेर यी अन्य धर्ममा लाग्नु वैदेशिक धर्म प्रचारकहरूको प्रभावले गर्दा हो भन्नुमा कुनै द्विविधा छैन ।

यसरी परम्परागत धर्म छाडेर अन्य धर्ममा लाग्नु पर्यटन तथा विदेशी आगमन र आगमन मात्र नभएर यहाँका मानिसहरू पनि विभिन्न ठाउँमा गएर अरुको देखासिकी गरेको कारणले गर्दा यो सबै भएको बताउँछन् । कसैले हत्याहिंसा प्रति विरोध गर्नेले पनि यी बौद्ध र क्रिश्चियन धर्म अपनाएको भन्छन् ।

यसरी प्यूठान खलंगामा वसोवास गर्ने नेवार समुदायमा देखापरेको परितर्वनको स्थिति जस्तै घरको वनावट, भेषभूषा, खानपिन, भाँडावर्तन, धर्म, चाडपर्व, जात्रा, भाषा,

गरगहना आदिमा परिवर्तन हुनुको कारण नै यहाँ विभिन्न ठाउँबाट अनेक थरिका मानिसहरू यहाँ आउने गर्दछन् । यहाँबाट पनि विभिन्न ठाउँ गएर त्यहाँको रहन सहन भेषभूषा संस्कृतिको केही अंश लिएर आएका हुन्छन् र ती संस्कृतिहरू यहाँ आफ्नो संस्कृतिमा लिएर मिसाउने गर्छन् । त्यसैले पनि यहाँको संस्कृतिमा परिवर्तन भएको पाइन्छ । त्यस्तै विभिन्न ठाउँबाट यहाँ आएका यात्री तथा पर्यटकहरूले पनि यहाँ केही आफ्ना संस्कार छोडेर गएका हुन्छन् ।

सारांशमा यस अध्यायमा प्यूठान जिल्लाको खलंगामा बसोवास गर्ने नेवार समुदायको भौतिक र अभौतिक संस्कृतिको पक्षमा आएका परिवर्तन र उक्त परिवर्तनको कारणको बारेमा स्पष्ट पारिएको छ । नेवारी समुदायका विभिन्न पक्षमा देखापरेका परिवर्तनहरु जस्तै घरको वनावट, भाषा, भेषभूषा, खानपिन आदिमा आधुनिकीकरण, शहरीकरण तथा अन्य विभिन्न कारणबाट भएका परिवर्तनका बारेमा उल्लेख गरिएको छ ।

अध्याय आठ

उपसंहार

भौगोलिक रूपमा भ्हैं जातिय रूपमा पनि नेपाल एक वहुभाषिक र वहुजातिय समाजको क्रिया स्थल हो । नेपाल क्षेत्रफलको हिसावले सानो भए तापनि आफ्नो विविध जातजाति, धर्म, संस्कृति, भाषा, भेषभूषा र रीतिरिवाजको कारणले समाजशास्त्रीहरूलाई पनि आकर्षित गरेको छ । वि.सं. २०५८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालमा १०० भन्दा बढी जातजातिहरूको बसोबास रहेको तथ्य प्रकाशमा ल्याइएको छ तर नेपालमा अन्य जनजातिहरू पनि छुट्न गएको कुरा पनि केही समाजशास्त्रीहरले बताएका छन् । नेपालका विभिन्न जातजातिहरूमध्ये साँस्कृतिक रूपमा धनी नेवार समुदाय पनि एक हो । अन्य जातजातिहरू जस्तै नेवारी समुदायका पनि साँस्कृतिक मूल्य, मान्यता र परम्परा आफ्नै साँस्कृतिक मूल्य, मान्यता र परम्परामा आधारित पेशा रहेको छ । वर्तमान समयमा आधुनिकीकरण, शिक्षाको विकास र बदलिँदो सामाजिक मूल्य, मान्यता र अन्य जातिको अन्तरक्रियाको कारण नेवार समुदाय पनि परिवर्तन भई आधुनिकतालाई स्वीकर गर्दै साँस्कृतिक रूपमा परिवर्तन भइरहेको पाइन्छ । सामाजिक विकास गतिशील रहने र यसले सबै समाजलाई विस्तारै परिवर्तन गर्ने हुनाले यसको असर सबै जातजातिमा पनि पर्ने हुनालेसंस्कृतिमा परिवर्तन आउनु स्वभाविक हो । नेवार समुदायले आफ्नो परम्परागत पेशा व्यापार, व्यवसाय र कृषि व्यावसायको साथै अन्य पेशालाई पनि अंगाल्दै सामाजिक परिवर्तनलाई स्वीकार गरेको छ । आधुनिकताको प्रभावले गर्दा नेवार जातिको मौलिक संस्कृति हराउँदै जाने अवस्थामा छ । खास गरी उपत्यकाभित्रका नेवारहरूभन्दा उपत्यकाबाहिरका नेवार समुदायको मौलिक सँस्कृतिमा निकै परिवर्तन आइसकेको पाइन्छ ।

प्यूठानमा नेवार समुदाय बढी संख्यामा भक्तपुरबाट र त्यसपछि काठमाडौं र बनेपाबाट आएको पाइन्छ । प्यूठानमा नेवारहरू के प्रसंगमा आए भनी तथ्यसत्य केलाउँदा केही अस्पष्ट तथ्यहरू हाम्रासामु देखा परेका छन् । वि.सं. १८४३ कार्तिक १९ गते दामोदर पाण्डेको नेतृत्वमा आएको नेपाली फौजले प्यूठानमा विजय प्राप्त गरेपछि

खलंगालाई सामरिक केन्द्रको रूपमा विकसित गरी हात-हतियार उत्पादन गरी पश्चिम नेपालको बिजय सुनिश्चित गर्न रामकृष्ण कुँवरलाई म्यागजिन प्रमुख बनाइएको थियो । हाल काठमाडौंमा रहेको गुरुजुको पल्टनले प्रयोग गर्ने हतियार प्यूठानमा निर्माण भएको हो । तत्कालिन अवस्थामा म्यागजिनमा हतियार निर्माण गर्न काठमाडौं उपत्यकाबाट कारिगारको रूपमा नेवारहरूको पहिलो प्रवेश प्यूठानमा भएको भन्ने अनुमान छ । त्यस्तै गरी कतिपय नेवारहरू यहाँ सैनिक अधिकृतहरूको साथ आएका भन्ने भनाई पनि छ । कतिपय नेवारहरू व्यापार गर्ने सिलसिलामा आएको पनि पाइएको छ । कति कर्मचारीको रूपमा आई यहीँ स्थायी बसोबास गरेको पनि पाइएको छ । त्यस्तै गरेर त्यस अवस्थामा यहाँ संचालन भएको वैद्यखानाको संचालनका लागि नेवारहरू आएको देखिन्छ । कोही तत्कालिन शासकहरूद्वारा भगाइएका राणाहरूको साथ लागेर आई प्यूठानमा बसोबास गरेको पनि देखिन्छ । वि.सं. १८८२ मा काल्चा नेवारलाई भीमसेनको पूजारी नियुक्त गरिएको पनि पाइएको छ । यसप्रकार विभिन्न अवसर प्रसंगवस नेवारहरू काठमाडौं उपत्यकाबाट प्यूठान प्रवेश गरी स्थायी बसोबास गरेको पाइन्छ । खलंगालाई हातहतियार निर्माणस्थलको रूपमा प्रयोग गर्नुभन्दा पहिला खलंगामा नेवारहरुको स्थायी बसोबास नरहेको अनुमान छ । वि.सं. १८९६।९७ सालतिर खलंगामा स्थायी घर बनाई बस्नु भन्ने अनुमति तात्कालिन राजा श्री ५ सुरेन्द्रवीरविक्रम शाहबाट लालमोहर प्राप्त भएपछि नै खलंगामा नेवारहरूले स्थायी बसोबास गरी बस्न सुरुवात गरेको अनुमान गरिएको छ । नेवारहरूको बस्ती बस्ने क्रममा नेवारहरू पहिला खलंगामा बसोबास गरे या विजुवारमा भन्ने ठोस तथ्यहरू फेला परेका छैनन् । यस प्रसंगलाई मिननारायण नकर्मीले प्यूठानमा नेवार जाति र यसको संस्कृति : एक परिचय भन्ने विषयमा प्यूठान कालिका यूवा क्लवबाट निस्काशन भएको स्मारिकामा उल्लेख गर्नुभएको छ ।

खलंगाको भीमसेन मन्दिर

भीमसेन मन्दिरमा पूजा गर्न लागेको दृश्य

उपत्यकाबाहिर बस्दा त्यस ठाउँको भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक आदि पक्षलाई अंगालेर वस्नुपर्दा र अन्य संस्कृतिका मानिसहरूसँगको सम्बन्ध र सामाजिक कारणले गर्दा यस जातिको मौलिक संस्कृतिमा लोप हुँदै गइरहेको छ । त्यस ठाउँमा यस समुदायले आफ्नो मौलिक साँस्कृतिक परम्परागत पेशालाई जगेर्ना गर्नको लागि निकै कठिन र असम्भव पनि रहेको छ । आजकल नेवारहरू व्यापार व्यवसाय र कृषि पेशाबाहेक अन्य पेशा उद्योग, बैदेशिक रोजगार आदि पेशामा समेत संलग्न हुने गरेका छन् । उपत्यकाका नेवारी समुदायको केही रूपमा अध्ययन भएको भए पनि उपत्यका बाहिरका क्षेत्रका नेवारहरूको खासै अध्ययन हुन नसकेको अवस्था छ । उपत्यकाबाहिर जाने नेवारहरूको सामाजिक, साँस्कृतिक अवस्था र यिनीहरूमा आएको परिवर्तनबारे बृहद् रूपमा मानवशास्त्रीय अध्ययन हुनु आवश्यक छ । त्यसकारण यस खलंगा गा.वि.स.मा बसोबास गर्ने नेवार समुदायको केही रूपमा भए पनि अध्ययन गर्ने जमर्को यस शोधमा गरिएको छ ।

नेवारहरू नेपालको ७५ वटै जिल्लामा छरिएर रहेका छन् । काठमाडौं उपत्यका र वरिपरिका क्षेत्रहरूमा नेवारहरूको प्रशस्त बसोबास रहेको छ । उपत्यकाबाहिरका क्षेत्रमा पूर्वी नेपालमा बढी मात्रामा बसोबास रहेको छ । पश्चिम नेपालका पहाडी क्षेत्रमा यस जातिको बसोबास थोरै मात्र रहेको छ । पश्चिमी नेपालमा बसोबास गर्ने नेवारहरूको खास रूपमा मानवशास्त्रीय अध्ययन नभएको, पश्चिम नेपालको प्यूठान जिल्ला खलंगा गा.वि.स. लाई अध्ययनको क्षेत्र बनाई अध्ययन गरिएको छ । यो अध्ययन खलंगा गा.वि.स.को ३, ४, ५ र ६ नं. वडामा बसोबास गर्ने नेवार समुदायमा केन्द्रित रहेको छ । प्यूठान जिल्लामा ४९ गा.वि.स. मध्ये २३ गा.वि.स.मा नेवारहरूको बसोबास रहेको छ । संख्यात्मक रूपमा सवभन्दा बढी (१२७२ जना) नेवारहरू खलंगामा बसोबास गरेको पाइन्छ । खलंगा गा.वि.स.को ३,४, ५ र ६ नं. वडालाई सर्वेक्षण गर्दा कूल संख्या ३०८ रहेको पाइयो । यस अध्ययनमा सूचना प्राथमिक र द्वितीय श्रोतबाट संकलन गरिएको छ । तथ्यांक संकलनमा घरपरिवार सर्वेक्षण केन्दित समूह छलफल र अवलोकन पद्धतिको विशेष उपयोग गरिएको छ ।

नेवार जातिको नामकरणको विषयमा धेरै विद्वान्हरूको भिन्ना भिन्नै मत रहेको पाइन्छ । ठोस रूपमा अध्ययन गरिएको छैन । विभिन्न विद्वान्हरूले आ-आफ्नै ढंगडबाट उल्लेख गरेका छन् । कुनै विद्वान्ले उपत्यकाको आदिवासी नायर जातिबाट नेवार भएको हो भन्ने उल्लेख गरेका छन् । यस उपत्यकाका विभिन्न समयमा बाहिरबाट आई शासन गर्ने र शासक समाप्त भएपछि अन्य जातिसँग विलय भएर बस्ने गरेको कुरा उल्लेख छ । खास गरी उपत्यकामा नेवार भन्नाले एउटै प्रकृतिका मानिसहरू नभएकाले विभिन्न समयमा आउने जातिहरूको समिश्रण नै नेवार भयो जसको भाषा भने समान छ ।

नेपालको परिप्रेक्ष्यमा हेर्दा बाहिरी क्षेत्रमा भन्दा उपत्यकावरिपरि नै नेवारहरूको बाहुल्यता भएकाले नेवारहरू धेरै जातिकै मिश्रण हुन सक्छ । यस अध्ययन क्षेत्रमा आउने नेवारहरू पनि काठमाडौं उपत्यकाबाट २२२ वर्ष भन्दा पहिला यहाँ आएको तर यहाँ स्थायी बसोबास भने १६९।७० वर्ष तिर मात्र श्री ५ सुरेन्द्रवीरविक्रम शाहबाट लालमोहर प्राप्त भएपछि यहाँ नेवार समुदायको स्थायी बसोबास भएको अनुमान गरिएको छ ।

कुनै पनि जातिलाई चिनाउने उसको संस्कृति हो । नेवार जातिको एउटा विशिष्ट खालको संस्कृतिका कारण यिनीहरूलाई चिनाउने गरेको छ । सबै ठाउँमा नेवारहरू परम्परागत रूपमा व्यापार व्यवसाय र कृषि पेशामा नै संलग्न भएको पाइए तापनि यस क्षेत्रमा बसोबास गर्ने नेवार समुदाय व्यापार व्यवसाय, विभिन्न प्रशासनिक पदमा कार्यरत कर्मचारी, वैदेशिक रोजगार, ज्यालामजदुरी र कृषि पेशामा पनि संलग्न भएको पाइन्छ । यिनीहरूको घर वस्ती प्रायः एकै ठाउँमा लहरै मिलेर रहेको पाइन्छ । परम्परागत घरहरू ईटामाटो र झिंगटीको छानाले निर्माण गरिएको हुन्छ र झ्याल ढोकाहरू कलात्मक ढंगबाट निर्माण गरिएको हुन्छ । वर्तमान समयमा घर निर्माण सिमेन्ट, छड, बालुवा, गिट्टी मिलाएर ढलाना गरी निर्माण गर्ने गरेको पाइन्छ । घरमा रंग विशेष गरी निलो, सेतो र रातो प्रयोग गरेको पाइन्छ । परम्परागत रूपमा घरभन्दा वर्तमानका घरहरू केही अग्ला भएको पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने नेवार समुदायको भेषभूषा भने सामान्य खालको नै रहेको छ । बुढापाकाहरू दौरा सुरुवाल, टोपी भादगाउँले टोपी नभए ढाका टोपी आदि लगाउँछन् र युवा वर्गले मात्र कमिज, पाइन्ट, टिसर्ट आदि लगाउने गर्दछन् । यिनीहरूको भेषभूषा सामान्य खालको नै छ । केही बूढा महिलाहरू चौवन्दी चोली गुनियो, पेटीकोट, पटुका लगाएको पाइन्छ । युवती वा अधवैंसे महिलाहरू साडी, पेटीकोट, ब्लाउज लगाएको पाइन्छ । भर्खरका युवतीहरू टिसर्ट, प्यान्ट, कुर्ता सुरुवाल, स्कट लगाएको पाइन्छ । आधुनिकताको कारण भेष भुषामा परिवर्तन आइरहेको छ । नेवार महिलाहरू सिन्दुर, पोते, टीका, चुरा, घडी, सुनका सिक्री, कानमा टप, लुर्का, झुम्का, माडवारी, औंठी, मंगलसुत्र, तिलरी लगाउने प्रचलन छ । यस समुदायमा धान, मकै, गहुँ, दाल गेडागुठी आदि खानेकुराहरू प्रयोग गर्दछन् । माछा, मासु, रक्सी, जाँड, दूध, दही, घ्यू आदि दैनिक भोजन हुन् । भाँडावर्तनमा तामा, पित्तल, काँश, काँच, स्टील, आल्मुनियमका भाँडाहरू प्रयोग गरेको पाइन्छ ।

नेवारहरूले बोल्ने भाषालाई नेवारी भाषा भनिन्छ । भाषामा अध्ययन गर्ने विद्वान्हरूले तिब्बती-बर्मेली भाषा परिवारको शाखा मानेका छन् । हाल यो भाषा कम बोलिने अवस्थामा छ । अध्ययन क्षेत्रका नेवारहरू नेवारी र नेपाली दुबै भाषा राम्रोसँग बोल्ने गरेको पाइन्छ । अन्य जातिहरूको बढी सम्पर्क भएका कारण नेपाली भाषा नै बढी

बोल्ने गरेको पाइन्छ । किनकि यो बजार क्षेत्र भएकोले र सदरमुकाम पनि भएकोले विभिन्न गाउँबाट किनमेल गर्न र प्रशासनिक कामका लागि यहाँ आउने अन्य जातिका मानिससँग नेपाली भाषा बोल्न परेको कारणले पनि नेपाली भाषा सजिलै र शुद्ध बोल्ने गरेको पाइन्छ ।

नेपाली समाजमा समान रूपमा नारी पुरुषको सहयोग र समझदारी अनुरूप चलेको छ । आर्थिक र सामाजिक कार्यमा पुरुषको सहभागिता बढी रहने गरेको पाइन्छ । तथापि पूजाआजा र संस्कारहरूमा नारीको महत्वपूर्ण भूमिका रहने गर्दछ । अध्ययन क्षेत्रका नेवार समुदायमा स्वास्थ्यको स्थिति राम्रो नै भएको पाइन्छ । गरिबी, कुपोषण, मादक पदार्थको अत्यधिक सेवन र परम्परागत उपचार पद्धति जस्तै धामी-झाँक्री आदिको प्रयोग धेरै न्यून मात्रामा रहेको पाइयो । वैज्ञानिक उपचार पद्धतिलाई सबैले अपनाउने गरेको पाइन्छ । विरामी परेमा धामीझाँक्री, झारफुक गर्ने कार्यलाई खासै मान्यता दिने गरेको पाइँदैन । आर्थिक अवस्था राम्रो रहेकाले शिक्षाको विषयमा यिनीहरू सचेत नै रहेको पाइन्छ । यिनीहरूको साक्षरता पुरुषको सतप्रतिशत अर्थात् कुल संख्या १२३ मा सबै साक्षरता भएको पाइन्छ भने महिलामा केही कम ७४.१६ प्रतिशत रहेको पाइन्छ ।

नेवार समुदायमा पनि परिवारको ठूलो महत्व छ । नेवार परिवार पितृसत्तात्मक पद्धति अन्तर्गत चलेको छ । अध्ययन क्षेत्रका ६५ प्रतिशत एकात्मक परिवार र ३५ प्रतिशत संयुक्त परिवार अन्तगर्क्त बसोबास गर्ने गरेको पाइन्छ ।

नेवार समुदायमा विभिन्न थर पाइन्छ । नेवार समुदायमा भएका थरलाई जयस्थिति मल्लले ६४ थरमा बाँडेको भए तापनि यस खलंगा गा.वि.स.मा विशेष गरी ७-८ थरहरूको जानकारी भएको पाइयो । जसमा नकर्मी, श्रेष्ठ, कशाही, शाक्य, कंसाकार, गौ, लवट, प्रधान आदि रहेको पाइन्छ । यिनीहरूको थर काठमाडौं उपत्यकाका नेवारहरूको थरसँग मिल्दोजुल्दो भएको पाइन्छ । यस समुदायमा नातेदारी प्रथाको पनि महत्वपूर्ण भूमिका नै मानिन्छ । जसमा वैवाहिक, रक्त सम्बन्ध आदि छन् ।

नेवार समुदायमा रहेको सामाजिक प्रचलनले यस जातिको विशिष्टता कायम गरेको छ । विशेष गरी जात्रा, पर्व आदिहरूमा भोज गर्ने, अतिथि सत्कार गर्ने आदि प्रथा यस

जातिको प्रमुख महत्वपूर्ण सामाजिक प्रचलन हुन् । भोजमा अधिकतम खाद्य वस्तुको समायोजन गर्नु पनि एउटा विशिष्टता नै हो ।

नेवारी समुदायमा हिन्दू र बौद्ध दुवै धर्मअन्तर्गतका व्यक्तिहरू पर्ने हुनाले यिनीहरूले आ-आफ्ना धर्मअन्तर्गतका संस्कारलाई अपनाइएको पाइन्छ । संस्कारहरू समान भए पनि यसलाई पूरा गर्ने विधि भने फरक छन् र केही समानता पनि छ । न्वारान, पास्नी, छेवर, बेलविवाह, बाह्रा, विवाह जंको, मृत्यु संस्कार नेवारहरूको प्रमुख संस्कारहरू हुन् । न्वारानमा बच्चाको नाम हिन्दु पुरोहितले नै राखिदिने प्रचलन छ । पास्नी छोरीको ५ महिनामा र छोराको ६ महिनामा गर्ने प्रचलन रहेको छ । यस्तै गरी छेवरमा बच्चाको कपाल बुबाले मुण्डन गर्ने प्रचलन रहेको पाइयो । प्रथम रजस्वला नहुँदै बेल विवाह र गुफा राख्ने अर्थात् बाह्रा संस्कार सम्पन्न गर्नें चलन छ । खास विवाह बेलसँग हुने भए तापनि उमेर पुगेपछि पुरुष र नारीबीच विवाह सम्पन्न गरिन्छ । जसमा मागी विवाह, प्रेम विवाह, विधवा विवाह आदि ।

विधवा विवाह र भागी विवाहलाई खास मान्यता दिएको पाइंदैन । विवाह गर्दा हाडनातामा निकै सचेत रहेको पाइन्छ । ७७ वर्ष पुगेपछि जंको गर्ने चलन छ । जंको गर्नु आवश्यकता नै भएको मानिदैन । मृत्यु संस्कार पनि धार्मिक परम्परा अनुसार नै सम्पन्न गरिन्छ । मृत्यु संस्कार सम्पन्न गर्दा गुठीको खास महत्व नभएको बरु नेवा खलः संस्थाको भूमिका भएको पाइन्छ ।

नेवारी समुदाय धार्मिक कार्यमा विश्वास गर्ने समुदायको रूपमा मानिन्छ । यिनीहरू देवी देवता माया आदि रुढीवादी परम्परामा विश्वास गर्दछन् । भूत प्रेतमा पनि सामान्य विश्वास गरेको पाइन्छ । यस समुदायको सामाजिक जीवनमा विभिन्न पर्वहरू मनाउन गरिन्छ । यी चाड पर्वहरूमा गठेमंगल, घण्टाकर्ण, सिठी नखः, जनैपूर्णिमा, नागपञ्चमी, कृष्णाष्टमी, शिवरात्री, मातातीर्थ औंशी, बाबाको मुख हेर्ने, इन्द्रपूजा, वडादशैं, तिहार, घोडेजात्रा, श्रीपञ्चमी, रोपाईंजात्रा, चुइकी फिराउँने आदि पर्वको महत्व छ । यस समुदायमा भीमसेन मन्दिर, गणेश मन्दिर, शिवालय आदि मन्दिरमा गई दैनिक विहान पूजाआजा गर्ने प्रचलन छ । यहाँ यी सवै मन्दिरमा विवाह सम्पन्न पनि गरिन्छ ।

नेपालको हरेक जिल्लामा छरिएर रहेका नेवार समुदायलाई अध्ययन गर्दा व्यापार व्यावसायलाई जीवनको मुख्य आधार मान्दै आएका नेवारहरू यस क्षेत्रमा बसोबास गर्ने नेवारहरू व्यापार व्यवसायका अतिरिक्त अन्य पेशामा पनि संलग्न रहेको पाइन्छ । व्यापार व्यवसायमा मात्र आश्रित रहेर जीविकाको सम्भव नभएर साथै यहाँ बसोबास गर्ने नेवार समुदायको पूर्खाहरू पनि प्रशासनिक कर्मचारी भएर प्यूठान प्रवेश भएको कारणले पनि होला यहाँका अधिकांश नेवारहरू व्यापार, प्रशासनिक कार्य, वैदेशिक रोजगार, कृषि, निम्न वर्गका नेवारहरू ज्याला मजदूरी आदि पेशामा संलग्न रहेको पाइन्छ ।

यस क्षेत्रका नेवारहरू कसैले पशुपालन गरेर दूध, घ्यू पनि बेचविखन गरेर जीविका चलाएको पाइन्छ । शिक्षाको क्षेत्रमा भने केही आर्थिक रूपले विपन्न वर्गका परिवारमा पनि रुची पाइयो । ज्यालामजदुरी गरेर, पशुपालन गरी दूध, घ्यू बेचेर भए पनि छोराछोरीलाई स्कूल पठाएको पाइयो । खेतीयोग्य जमिनमा रहेको स्वामित्व र व्यापार व्यावसायबाट मात्र जीविका चलाउन गाह्रो भएको कारणले केही परिवारहरू कृषि र व्यापार दुवैमा आश्रित छन् भने कोही परिवारहरू कृषिमा मात्र कोही व्यापार व्यवसायमा मात्र आश्रित छन् । महिलाहरू घरेलु उद्योग जस्तै– साबुन बनाउने र धूप बनाउनेमा पनि संलग्न भएको पाइयो ।

यसप्रकार पेशागत रूपमा रहेको यस जातिमा व्यापार मुख्य पेशा भए तापनि मानिसहरू बसाईं सराई गरी तराई क्षेत्रमा आउने र राजनीतिक असहजताका कारण व्यापार व्यवसायमा ठूलो वाधा परेकोले यस जातिले विभिन्न पेशाहरू अपनाएको पाइन्छ । यहाँ बसोबास गर्ने नेवार समुदायमा विकट भौगोलिक अवस्था, राजनीतिक असहजता, परिवारको संख्यामा वृद्धि, पूर्वार्ध विकासमा कमी केही संख्या वसाई सरी विभिन्न मुख्य मुख्य शहरी क्षेत्रमा जानु, वैदेशिक रोजगार प्रतिको आकर्षण, पूर्खाको देखासिकीले गर्दा यहाँका नेवार समुदायहरू व्यापारबाहेक अन्य पेशामा आवद्ध भएको पाइयो ।

सुझावहरू

जातीय संस्कृतिहरू, राष्ट्रिय संस्कृतिका अभिन्न अंग हुन् । सबै समुदायहरूको संरक्षण र विकासबाट मात्र नेपालको राष्ट्रिय संस्कृति धनी र मजबूत बन्न सक्छ ।

कतिपय जातिका संस्कृतिहरू विभिन्न कारण, क्षेत्रको सामाजिक र आर्थिक संक्रमणबाट परिवर्तन हुने अवस्थामा छन् । यस अवस्थाबाट स्वाभावत उपत्यकाबाट टाढा टाढासम्म गई बसोबास गर्ने नेवार समुदायमा पनि प्रभावित भएको छ । यसलाई वा यसको संस्कृतिलाई संरक्षण गर्नु आवश्यक छ । नेवार जातिको संस्कृतिलाई बचाउन निम्नलिखित सुझावहरू प्रस्तुत गरिएकोछ–

- देशका कुना-कुनामा रहेका मूर्त तथा आस्था, जनविश्वास, प्रचलन, व्यवहार जस्ता अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि सरकारले अविलम्ब कार्यक्रमहरु ल्याउनु पर्दछ ।
- ऐतिहासिक, कलात्मक, पुरातात्विक, महत्वका सम्पदाको संरक्षणका लागि संग्रहालयको स्थापना गरी नेवार संसकृतिको जगेर्ना गरिनु पर्दछ ।
- मूर्त-अमूर्त दुवै प्रकारका सम्पदाको संरक्षण कार्यमा स्थानीय युवा-विद्यार्थी, सामाजिक-राजनीतिक कार्यकर्ता, बुद्धिजवीविहरुको सहयोग लिनु आवश्यक छ ।
- गुठी, चाडपर्व, जात्राहरुलाई लोप हुनबाट जोगाउन विशेष सहयोग उपलब्ध गराउनु उचित देखिन्छ ।
- व्यापार व्यवसाय यिनीहरूको परम्परागत पेशा हो । यिनीहरूको आर्थिक अवस्था मजबुत भएमा मात्र यसले आफ्नो संस्कृतिको जगेर्ना गर्न सक्छ । त्यसकारण व्यापार व्यवसायको वृद्धि र विकास गर्नको लागि आवश्यक पूर्वाधारहरू मोटरबाटोको फैलावट र कालोपत्र वा पिच गर्नु आवश्यक छ ।
- सदरमुकाम माथिको मल्ल रानी डाँडामा होटल, रेष्टुरेण्ट, लज आदिको उचित प्रवन्ध गराउनु आवश्यक छ । जहाँ विभिन्न ठाउँबाट मल्ल रानी डाँडा हेर्न आउने पर्यटकलाई खान र बस्न सजिलो होस् ।
- आर्थिक विकासका लागि आवश्यक विजुली, उद्योग, मोटर बाटो आदिको राम्रो विकास गरी उद्योगधन्दा संचालनमा पूर्ण सहयोग र प्रोत्साहन सम्बन्धित निकायबाट हुनु आवश्यक छ ।

- उद्योग व्यापार संचालनमा आवश्यक पर्ने पूँजीको लागि सहुलियत व्याज दरमा सरकारी क्षेत्रबाट ऋण प्रदान गरेको खण्डमा व्यवसायमा वृद्धि हुन जान्छ ।

- देशको विभिन्न भागमा छरिएर रहेका नेवार समुदायको संस्कृतिको संरक्षण र सम्वर्द्धनको लागि नेपाल सरकार तथा अन्य गैर सरकारी संस्थाहरूबाट विस्तृत अध्ययन अनुसन्धान गर्नु गराउनु पर्दछ । जसबाट लिखित रूपमा भए पनि यस जातिको संस्कृतिको संरक्षणमा बल पुग्नेछ ।

- यस जातिबाट संचालन गरिने विभिन्न जात्रा पर्वहरू राजनीतिक असुरक्षा र आर्थिक अभावका कारण संचालन हुन नसक्ने अवस्था छ । यसको लागि सुरक्षाको व्यवस्था आर्थिक सहयोग गरी साथै आधुनिक मनोरञ्जनका माध्यमहरूलाई ध्यानमा नराखी यस्ता परम्परागत पर्वहरू संचालन गर्नुपर्ने देखिन्छ जुन सरकारी तथा गैह्व सरकारी क्षेत्रबाट नै पहल हुनु आवश्यक छ ।

- नेवारी समुदायमा गरिने भोजलाई सरल बनाउनु पर्ने आवश्यकता छ । जुन विपन्न परिवारले आयोजना गर्न सक्दैनन् र समाजमा असमानताको स्थिति उत्पन्न गराउन सक्छ । त्यसलाई कम गराउनको लागि सामुहिक भोजको आयोजना गर्दा उचित हुन सक्छ ।

- यहाँको नेवारी भाषाको संरक्षण र विकास राम्रो छ किनकि प्यूठान खलंगामा स्थापित माण्डवी एफ.एम. बाट पनि नेवारी भाषामा समाचार प्रसारण गरेको पाइयो ।

- यहाँ विशेष गरी नेवारी समुदायको बाहुल्यता भएकोले र नेवारहरू धार्मिक कार्य देवी देवताप्रति बढी विश्वास गर्ने भए तापनि यहाँ स्थापित मन्दिरहरूको अवस्था देखेर मेरो मन खिन्न भयो । त्यस कारणले गर्दा यहाँका मन्दिर जस्तै भीमसेन, गणेश, शिवालयलगायतका मन्दिरहरूको जीर्णोद्धार गर्नु नितान्त आवश्यक देखिन्छ ।

- प्यूठान खलंगामाथि अवस्थित मल्ल रानी डाँडाको छेउ छेउमा ठूला-ठूला चट्टान सहितका पहरा र पहरामा प्वाल वा दूला भएको कारणले गर्दा र दायाँ बायाँमा पनि

सदरमुकामदेखि नजिकै पानी वा झिम्रीक नदी बगेको कारणले गर्दा यहाँ प्राग् ऐतिहासिक मानवको बसोबास भएको पनि अनुमान गर्न सकिने अवस्था छ । त्यस कारणले पुरातत्व विभागले यस क्षेत्रमा गएर ति त्यस्ता स्थानको विस्तृत अध्ययन गर्न सकिने देखिन्छ ।

- माथि उल्लेख गरिएका सुझावहरूलाई कार्यान्वयन गर्नुको लागि सम्बन्धित निकायबाट वा सरकारबाट नै पहल सुरु गर्नु पर्ने देखिन्छ । साँस्कृतिक रूपमा देखिएका संकटलाई हटाउनको लागि सबैलाई जागरुक बनाउने खालका सचेतता सम्बन्धी कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

सन्दर्भग्रन्थ सूची

नेपाली

१. अग्रवाल, जी.के., *समाजशास्त्र,* आगरा : साहित्य भवन, ई.सं. १९८३ ।

२. अर्याल, भोजेन्द्र, *नेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन, वि.सं. २०६० ।

३. आचार्य, बलराम, *नेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौं: सनलाईट पब्लिकेशन, वि.सं. २०६४ ।

४. आचार्य, बाबुराम, *नेपालको साँस्कृतिक परिचय,* काठमाडौं : काष्ठमण्डप प्रिन्टिङ्ग प्रेस, वि.सं. २०५४ ।

५. कर्कप्याट्रिक, *एन एकाउण्ट अफ दि किङ्गडम अफ नेपाल,* पुन मुद्रण, न्यू दिल्ली : मञ्जुश्री पब्लिसिङ्ग हाउस, ई.सं. १९६९ ।

६. केन्द्रीय तथ्यांक विभाग, *राष्ट्रिय जनगणना २०५८,* काठमाडौं : केन्द्रीय तथ्यांक विभाग, वि.सं. २०५८ ।

७. खत्री, प्रेमकुमार, *नेपालका धार्मिक मत र सामाजिक संरचना,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रव्यूटर्स, वि.सं. २०५८ ।

८. गिरी, गितु, *प्यूठान राज्यको इतिहास,* प्यूठान : विशाल पुस्तक सदन, वि.सं. २०५२ ।

९. गौतम, टेकनाथ, *राप्ती अञ्चलका यतिहास तथा केही संस्मरणहरू,* वाराणसी: अजय प्रिन्टर्स, वि.सं. २०५० ।

१०. गौतम, टंकेश्वर, *प्यूठानको भूगोल,* प्यूठान : लेखक स्वयं, वि.सं. २०१७ ।

जिल्ला विकास समिति, *जनगणना प्रतिवेदन २०५८,* प्यूठान : जिल्ला विकास समिति, वि.सं. २०५८ ।

११. जिल्ला विकास समितिको कार्यालय, *प्यूठान जिल्लाको वस्तुगत विवरण,* प्यूठान : जि.वि.स. कार्यालय, वि.सं. २०५० ।

१२. नकर्मी, निमनारायण, "प्यूठानको नेवार जाति र यसको संस्कृति एक परिचय", *कालिका यूवा क्लव स्मारिका,* वि.सं. २०६३ ।

१३. बराल, बासु, *हिन्दू सामाजिक संगठनको प्रारुप,* काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३९ ।

१४. बिष्ट, डोरबहादुर, *सबैजातको फूलबारी,* काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३० ।

१५. योगी, नरहरिनाथ (सम्पा.), *इतिहास प्रकाश* भाग २, अङ्क ३, इतिहास प्रकाश मण्डल, वि.सं. २०१२ ।

१६. श्री ५ को सरकार, *मेचीदेखि महाकाली* भाग ४, काठमाडौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, वि.सं. २०३१ ।

१७. श्रेष्ठ, टेकबहादुर, *पर्वत राज्यको ऐतिहासिक रुपरेखा,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०४२ ।

१८. शर्मा, जनकलाल, *हाम्रो समाज एक अध्ययन,* काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३९ ।

अंग्रेजी

ज्ञ। द्यष्कतब, म्यच द्यबजबमगच, *एभयउभि या ल्भउवर्ा,* प्वतऊबलमग स् च्वतलब एगकतबप द्यजबलमबच, ज्ञढटठ बम

द्द। ऋजबततयउबमजथबथब, पए।, *ज्ष्कतयचथ या ल्भधवच ऋगतिगचभ,* प्वतऊबलमगस् भ्मगअबतष्यलर्बा भ्लतभचउचष्कभक एखत।, ज्ञढडप् बम

घ। ल्भउबष्, न्यउर्बा क्ष्लनज, *त्जभ ल्भधवचक,* द्यफदबथ स् ग्लष्तभम व्कष्व एगद।, ज्ञढटद्ध बम

द्ध। च्भक्रुष्, मच, *:यमभचल ल्भउवर्ा,* च्भउचष्लत, ऋर्बाअिगततबस् प्ी। :गपजयउबमजथबथब, ज्ञढठछ बम

छ। त्वर्षयिच, भख, *एचभ्रुष्तष्खभ ऋगतिगचभ,* ीयलमयल स् व :गचथ, ज्ञडठज्ञ बम

परिशिष्ट

अनुसूची- १

सामुहिक छलफलमा उठाइएका प्रश्नहरू

१. नेवार समुदायका पूर्वजहरू कहाँबाट आएका हुन् ?

२. नेवार किन भनिएको होला ?

३. तपाईंहरू कहाँबाट बसाईं सरेर आउनु भएको हो ?

४. तपाईंहरू उपत्यकाबाहिर आउनुको कारण के हो ?

५. यस ठाउँमा आउँदा कसरी आएहोलान् तपाईंका पूर्वजहरू ?

६. तपाईंको जात, थर, गोत्रको विषयमा बताइदिनुहोस् न ?

७. तपाईंको भाषा कुन हो ?

८. नेपाली भाषा कत्तिको बुझ्नु र बोल्नु हुन्छ ?

९. तपाईंका प्रमुख चाडपर्वहरूका बारेमा बताइदिनु हुन्छ कि ?

१०. तपाईंका देवी देवताका पूजाको बारेमा केही बताइदिनु हुन्छ कि?

११. यहाँका प्रसिद्ध मन्दिरका बारेमा केही भनिदिनुहोस् न ?

१२. तपाईंहरूको समुदायमा भूत प्रेतमा विश्वास गर्नु हुन्छ कि हुँदैन ?

१३. तपाईंहरूमा जाति विभाजन छ कि छैन ?

१४. छुवाछुतको बारेमा तपाईंहरूको के धारणा छ ?

१५. गुठीको बारेमा केही बताइदिनुहोस् न ?

१६. गुठीको प्रमुख को हुन्छ ?

१७. दैनिक प्रयोगमा आउने सामाग्रीहरू (भाँडावर्तन, पहिरन, गरगहना, हातहतियार आदि) को बारेमा बताइदिनु हुन्छ कि ?

१८. शिक्षाप्रतिको धारणा कस्तो छ बताइदिनु हुन्छ कि ?

१९. छोरीलाई विद्यालय पठाउनु हुन्छ कि हुँदैन ?

२०. समाजमा नारीलाई कस्तो नजरले हेर्नु हुन्छ ?

२१. जन्मदेखि मृत्युसम्म गरिने संस्कारका बारेमा बताइदिनु हुन्छ कि ?

(क) जन्मदेखि मृत्युसम्म

(१) जन्म (२) नामकरण (३) पास्नी (४) इहि

(५) ब्रतबन्ध (६) विवाह (७) जंको (८) मृत्यु संस्कार

(ख) वैवाहिक संस्कारहरू के कस्तो छ अथवा विवाह कसरी सम्पन्न गरिन्छ ?

(ग) जंको कसरी सम्पन्न गरिन्छ ?

(घ) मृत्यु संस्कार कसरी सम्पन्न गरिन्छ बताइदिनु हुन्छ कि ?

(ङ) माथि उल्लेखित संस्कारहरू सम्पन्न गर्नको लागि पुरोहितको भूमिका कस्तो रहन्छ बताइदिनुहोस् न ?

(च) बेल विवाह र बाह्रा कसरी सम्पन्न गरिन्छ ।

२२. तपाईंका चाडपर्वहरू के-के हुन र कसरी मनाइन्छ ? बताइदिनु हुन्छ कि ?

२३. तपाईंका संस्कारहरू र चाडपर्वहरूमा अन्य संस्कृतिको प्रभाव परेको छ कि छैन ?

२४. तपाईंको नातेदारी प्रथा कस्तो छ र कसरी स्थापित हुन्छ केही बताइदिनु हुन्छ कि?

२५. मनोरञ्जनको समयमा कसरी मनोरञ्जन गरिन्छ ? के कस्ता बाजागाजा र साधनहरू प्रयोग गरिन्छ ? बताइदिनु होस् न ?

२६. तपाईंको संस्कृतिमा के कस्ता परिवतर्क्नहरू आए जस्तो लाग्छ भन्न सक्नु हुन्छ ?

२७. घर निर्माण गर्न प्रयोग गर्ने सामाग्रीको बारेमा बताइदिनु हुन्छ कि ?

२८. अन्य जातिसँग घुलमिल भई बस्नुपर्दा कत्तिको सजिलो अथवा असजिलो महसुस गर्नुहुन्छ बताउन सक्नुहुन्छ ?

२९. तपाईंहरूको मुख्य पेशा कुन हो र अन्य पेशा के अंगाल्नु भएको छ ?

३०. जात्रा पर्वहरू सम्पन्न गर्नको लागि के कस्ता समक्स्याहरू परेका छन् ? बताइदिनु होस् न?

३१. तपाईंको संस्कृतिको जगेर्ना गर्नको लागि सरकारी स्तरबाट के कस्ता सहयोग भए हुने थियो जस्तो लाग्छ ?

अनुसूची -२

प्रश्नावली (घरमुलीसँग सोधिएका प्रश्नहरू)

१. सामान्य विवरण:

गा.वि.स.: ..... घरमूलिको नाम थर : .....

वडा नं.: ..... लिङ्ग : ..... उमेर : .....

टोल : ..... धर्म: ..... भाषा : .....

२. पारिवारिक विवरण

पुरुष : ..... महिला : .....

क्र.सं.	नाम	घरमूली सँगको नाता	लिंग	उमेर	योग्यता	वैवाहिक स्थिति	पेशा	कैफियत
१.								
२.								
३.								
४.								
५.								
६.								

३. आर्थिक विवरण:

(१) तपाईंको पेशा के हो ?

(क) व्यापार (ख) उद्योग (ग) कृषि (घ) नोकरी

(ङ) मजदूरी (च) अन्य

(२) तपाईंले कस्तो खालको व्यापार गर्नु भएको छ ?

(क) कपडा (ख) खाद्यान्न तथा खुद्रा (ग) होटल (घ) अन्य

(३) व्यापारबाट वार्षिक आम्दानी कति हुन्छ ?

(क) ३० हजार भन्दा माथि (ख) ५० हजार भन्दा माथि

(ग) १ लाख भन्दा माथि

(४) सामान ढुवानीको लागि कुनै साधन राख्नु भएको छ कि छैन ?

(क) छ (ख) छैन

(५) सामान ढुवानीको लागि कुन साधन प्रयोग गर्नुहुन्छ ?

(क) ट्रक (ख) ट्रयाक्टर (ग) जीप (घ) भरिया

(६) कुनै उद्योग संचालन गर्नु भएको छ कि छैन ?

छ भने कस्तो खालको उद्योग संचालन गर्नु भएको छ ?

(क) आइरन उद्योग (ख) खाद्य उद्योग

(ग) ईंटा टायल उद्योग (घ) औषधी (ङ) अन्य

(७) तपाईंको सहायक पेशा के हो ? .....

(८) तपाईंको जमिन छ कि छैन ?

(क) छ (ख) छैन

(९) यदि छ भने तलको विवरण दिनुहोस् ?

क्र.सं.	क्षेत्रफल	जमिनको प्रकार	कैफियत
१.		खेत	
२.		घडेरी	
३.		पाखो बारी	
४.			
५.			
६.			

(१०) आफ्नो जमिनमा आफै खेति लगाउनु हुन्छ कि हुँदैन ?

(११) तपाईंको जमिनबाट कुन-कुन बालि कति मात्रामा उत्पादन हुन्छ ?

क्र.सं.	उत्पादन बाली	कूल उत्पादन	कैफियत
१.	धान		
२.	मकै		
३.	गहुँ		
४.	दलहन		
५.	अन्य		

(१२) तपाईंको खेतमा सिंचाइको सुविधा छ कि छैन ?

(क) छ (ख) छैन

(१३) तपाईंको आफ्नो उत्पादनबाट कति समयसम्म खान पुग्छ ?

(क) ३ महिना (ख) ६ महिना (ग) ९ महिना (घ) वर्षभरी

(१४) तपाईंले कुन कुन पशुपंक्षी पाल्नु भएको छ ?

क्र.सं.	पशुपंक्षी	संख्या	कैफियत
१.	गाई		
२.	गोरु		
३.	भैंसी		
४.	बाखा, खशी बोका		
५.	कुखुरा		
६.	अन्य		

(१५) पशुपंक्षी बेच्नु हुन्छ कि बेच्नु हुन्न ?

(क) बेच्छौँ (ख) बेच्दैनौँ

(१६) तपाईंले कसैसँग ऋण लिनु भएको छ कि छैन ?

(क) छ (ख) छैन

(१७) यदि छ भने तलको विवरण दिनुहोस्

क्र.सं.	ऋण	ऋयाको मात्रा	व्याजदर
१.	साहू		
२.	बैंक		
३.	संघ संस्था		
४.	अन्य		

(१८) तपाईंको आर्थिक विकासमा कुनै गैर सरकारी संस्थाले सहयोग गरेका छन् ?

(क) छ (ख) छैन

(१९) कस्तो प्रकारको नोकरी गर्नु भएको छ ?

(क) निजामति सेवा (ख) शिक्षक (ग) निजी (घ) अन्य

४. स्वास्थ्य सम्बन्धी विवरण :

(१) तपाईंको समुदायमा जनसंख्या वृद्धिदर कस्तो छ ?

(क) .....

(२) तपाईंको परिवारका कुनै सदस्यले परिवार नियोजन गर्नु भएको छ ?

(क) छ (ख) छैन

(३) रोग लागेमा उपचार गर्न कहाँ जानु हुन्छ ?

(क) डाक्टर (ख) वैद्य (ग) धामीझाँक्री

(घ) जडिबुटी (ङ) अन्य

(४) तपाईंको घरमा शौचालय छ ?

(क) छ (ख) छैन

(५) तपाईंको घरको खानेपानीको स्रोत के हो ?

(क) धारा (ख) कुवा (ग) खोला

(६) तपाईंको आफ्नो निजी धारा छ अथवा छैन ?

(क) छ (ख) छैन

(७) तपाईंको घरमा विजुली बत्तिको सुविधा छ ?

(क) छ (ख) छैन

५. शैक्षिक विवरण:

(१) तपाईंको घरमा स्कूल, क्याम्पस जाने विद्यार्थीहरू छन् ?

(क) छन् (ख) छैनन्

(२) तलवका मध्य कुन स्तरमा पढ्ने कति जना विद्यार्थी छन् ?

क्र.सं.	स्तर विवरण	संख्या		कैफियत
		केटा	केटी	
१.	१- ५ कक्षा			
२.	६- ८ कक्षा			
३.	८- १० कक्षा			
४.	१०+२			
५.	१०+ २ भन्दा माथि			